कमलामाईको पहिचान

स्थानीय पाठ्यक्रम

कक्षा (१-८)



प्रकाशक :

कमलामाई नगरपालिका, सिन्धुली

साझेदार :

मानव तथा राष्ट्रिय विकास समाज
नेपाल, सिन्धुली

प्लान ईन्टरनेशनल नेपाल

कमलामाईको पहिचान

स्थानीय पाठ्यक्रम
कक्षा (१-८)

२०७८



हालको वडा	साविक गाविस	साविक वडा
१	डाँडीगुरांसे	१-९
२	भद्रकाली	१-९
३	जलकन्या	१-९
४	कमलामाई	१,२,५,९
५	कमलामाई	४
६	कमलामाई	६
७	कमलामाई	७,८
८	कमलामाई	३,१०
९	कमलामाई	११,१२,१४
१०	कमलामाई	१३,१५-१८
११	रानीचुरी	१-३,५
१२	रानीचुरी	४,६-९
१३	रानीवास	१-३,८,९
१४	रानीवास	४-७

कमलामाई नगरपालिका
सिन्धुली

कमलामाईको पहिचान

स्थानीय पाठ्यक्रम

२०७८

स्थानीय पाठ्यक्रम विकास (१-५) - २०७७

परिमार्जन - २०७८

स्थानीय पाठ्यक्रम विकास (६-८) - २०७८

टाईपिङः

सरजित तामाङ

प्रकाशकः

कमलामाई नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा, सिन्धुली

© सर्वाधिकारः

प्रकाशकमा

कमलामाईको पहिचान

स्थानीय विषय
कक्षा (१-८) को पाठ्यक्रम २०७८

पाठ्यक्रम निर्माण उपसमिति

अम्बरदीप देवकोटा
हितकुमारी पौडेल
सागरकुमार ढकाल
जगतबहादुर आले मगर
दीपककुमार बुढाथोकी

लेखन तथा सम्पादन

शंकरराज लुइटेल
डा.हरिप्रसाद पोखरेल
दुर्गाराज देवकोटा

भूमिका

शिक्षा समाज विकासको मार्गदर्शन हो । समाज परिवर्तनको वाहक पनि शिक्षा नै हो । शिक्षालाई विकास र सभ्यताको आधारशीला पनि भन्ने गरिन्छ । औपचारिक शिक्षालाई व्यवस्थित र योजनाबद्धरूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम निर्माण, विकास र परिमार्जन गर्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । सिकारुको रुचि/क्षमता, अभिभावकको चाहना र समाजको आवश्यकता र सपनाको जगमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सकेमा यसबाट अपेक्षित लाभ लिन सकिने कुरामा दुईमत नरहला । सिकारुमा चाहिने व्यवहारकुशल तथा जीवनोपोयोगी सिप विकास गर्न निर्माण गरिने पाठ्यक्रम स्वभावले नै सिकारुमैत्री हुन आवश्यक हुन्छ । यसै पृष्ठभूमिमा शैक्षिक सत्र २०७७ साल देखी आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम परिवर्तन गरी कक्षा १ मा एकीकृत पाठ्यक्रम लागू गरिएको छ । राष्टिय पाठ्यक्रमको मौजुदा ब्यवस्था अनुसार आधारभूत तह (कक्षा १-३) को लागि स्थानीय विषय साप्ताहिक ५ पाठ्यघण्टाको दरले बार्षिक १६० कार्यघण्टा र आधारभूत तह (कक्षा ४-८) को लागि साप्ताहिक ४ पाठ्यघण्टाको दरले बार्षिक १२८ कार्यघण्टा निर्धारण गरिएको छ । यसै व्यवस्थालाई ध्यान दिदै कमलामाई नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास गर्ने क्रममा "*कमलामाईको पहिचान*" विषयको पाठ्यक्रम निर्माण गरिएको हो । यस अघि २०७७ सालदेखी लागू हुने गरी कमलामाई नगरपालिकाको स्थानीय पाठ्यक्रम कक्षा (१-५) निर्माण कार्यदलमा अम्वरदीप देवकोटा, शंकरराज लुइटेल, डा. हरिप्रसाद पोखरेल, सागरकुमार ढकाल, हितकुमारी पौडेल रहनु भएको र उहाँहरूको सहयोगमा पाठ्यक्रम सम्पादन गर्ने काम शंकरराज लुइटेल, डा.हरिप्रसाद पोखरेल, जगतबहादुर आलेमगर र दीपककुमार बुढाथोकीले गर्नु भएको थियो । आवश्यक सल्लाह, सुझाव र परिवर्तित परिवेश अनुकूल यस पाठ्यक्रमलाई वि.स.२०७८ मा परिमार्जन गर्दै एकीकृत रुपमा कक्षा (१–८) को स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम २०७६ ले निर्दिष्ट गरेबमोजिम अव सवै स्थानीय तहमा आधारभूत तह कक्षा (१–८) सम्म स्थानीय स्तरमा पाठ्क्रम निर्माण गरी पठनपाठन गर्नुपर्ने ब्यवस्था छ । अवस्था छ । परिवर्तित पाठ्यक्रम कार्यान्वयन ढाँचा अनुसार पनि कम्तिमा कक्षा १ मा शैक्षिक सत्र २०७७ मा स्थानीय विषय/मातृभाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान अनुसार कमलामाई नगरपालिकाले कक्षा (१-५) को पाठ्यक्रम निर्माण गरी परीक्षणको रुपमा नगरपालिकाका सम्पूर्ण विद्यालयहरूमा लागू गरिएको हो । सरोकारवालाहरूसँगको पटक पटकको छलफल, पाठ्यक्रम निर्माण कार्यदलको सामुहिक लगनशीलता, लेखन तथा सम्पादन मण्डलको मिहेनत, नगरपालिकाको सल्लाह एवम् निर्देशन र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्देशनको आधारमा यो पाठ्यक्रम तयार गरिएको हो । सिद्धान्ततः स्थानीय पाठ्यक्रमले पाठ्यपुस्तक/कार्यपुस्तकको परिकल्पना गर्दैन । समय सान्दर्भिक र आवश्यकतामा आधारित विभिन्न सन्दर्भ सामग्रीहरूको सहयोगमा स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रममा विषयवस्तुको क्षेत्र क्रम, शिक्षण सिकाइ क्रियाकलापका सम्भावित गतिविधिहरू, सम्भावित मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गरिएको छ । स्थानीय परिवेश तथा स्थानीय वातावरणको जगमा तयार गरिएको यस पाठ्यक्रमले कमलामाई नगरपालिकाको चिनारी दिने र कमलामाई नगरको आफ्नो पहिचान कायम राख्ने कुरामा सहयोग गर्ने विश्वास लिएका छौं ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति विद्यालयमा पढाउने शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो/पाइन्छ। तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ। यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ । गैरसरकारी संघ/संस्थाको सहयोग लिएर स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने भएकोले पनि सबैको साथ सहयोग र विज्ञताको समुचित कदर गर्दै स्थानीय आवश्यकताको आधारमा स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने परिपाटीको विकास हुन थालेको सुखद अवस्था सिर्जना भएको छ यतिखेर। विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ। नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको सँगनिधित्त्व हुन नसकेको परिवेश विद्यमान छ। फलस्वरुप शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्त्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन। अतः स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको बढी भन्दा बढी सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त सँगफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिँदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो। कमलामाई नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्दा पनि स्थानीय सरकोकारवालाहरूको संलग्नतालाई विशेष महत्व दिइएको छ।

अन्त्यमा, "***कमलामाईको पहिचान***" नामक यो स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुहरूको सान्दर्भिकता र औचित्यता यसको सफल र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुनेछ। पाठ्यक्रम निर्माणमा हामीलाई सहयोग गर्नुहुने प्लान इन्टरनेशनल नेपाल, ह्याण्ड्स नेपाल सिन्धुली र उक्त संस्थाका कार्यक्रम संयोजक प्रमोद तिमल्सिना लगायत सम्पूर्णमा हार्दिक धन्यबाद दिँदै यसको सफल कार्यान्वयनमा आ–आफ्नो ठाउँबाट सक्दो सहयोग प्राप्त हुने विश्वास लिएका छौं।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
कमलामाई नगरपालिका, सिन्धुली।

नगरप्रमुखको भनाई

नेपाल विविधतायुक्त देश हो । विविधताको सम्मान, विकास, प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो । शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन । यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो । समग्र शिक्षा प्रणालीलाई ब्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले कमलामाई नगरपालिकाभित्र विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापी हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरू गर्दै जाँदा हाम्रा भावी सन्ततीहरूले पनि यसबाट प्रतिफल लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहान्छौं । सम्बृद्ध र विकसित समाज निर्माण गर्न चाहान्छौं । श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहान्छौं । र, नागरिकलाई स्वाभिमानी र आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहान्छौं । यी सबैका लागि हामीलाई गुणस्तरीय र व्यवहारिक पाठ्यक्रम चाहिन्छ । गुणस्तरीय र व्यवहारिक शिक्षण सिकाइ चाहिन्छ । र, गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ । यी सबै कुराहरूको ब्यवस्थापन गर्दै लाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तहसम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०७७ बाट कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएकोमा यसलाई समसामयिक परिवर्तन गरी यसै शैक्षिक सत्र २०७८ देखी कक्षा (१-८) मा नै स्थानीय पाठ्यक्रम लागू हुने कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरूले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारित अझै बढेर जाने मेरो विश्वास छ ।

स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, सङ्गीत, आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको एक प्रमुख उद्देश्य हो । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव, मेलमिलाप, सामुहिक कार्य, सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । "विश्वब्यापी सोच, स्थानीय अभ्यास" भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात गर्दै रैथाने ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना, संरक्षण, विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमी र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा "केही गरौं" भन्ने भावना विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । यस पाठ्यक्रमले कमलामाई नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ । सिन्धुली जिल्लाको विशिष्ट अवस्थालाई समेटेको छ । हाम्रौ गौरव ऐतिहासिक धरोहर सिन्धुली गढीलाई चिनाएको छ । हाम्रो मौलिक कला, संस्कृतिलाई बुझ्ने अवसर दिएको छ । यस अर्थमा यो पाठ्यक्रम कमलामाईको पहिचान बनेको छ भन्ने मेरो विश्वास छ ।

सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यक्रमले कमलामाई नगरको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएको छु । स्थानीय

स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाई रैथाने ज्ञान, सिप र अभिवृत्तिको विकासमा यो पाठ्यक्रम एक मार्गदर्शन र कोशेढुङ्गा सावित हुनेछ । स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिएको "***कमलामाईको पहिचान***" नामक यस पाठ्यक्रमले कमलामाईका विविध पक्षहरूको यथोचित जानकारी पनि दिएको छ । यो पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष छ । यसले स्थानीय भूगोललाई समेटेको छ । स्थानीय आवश्यकता र चाहानालाई सँगविम्बन गरेको छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाएको छ । स्थानीय भाषाभाषि, जातजाति कला, धर्म, प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ । स्थानीय सरोकारवालाहरूलाई महत्त्व दिएको छ । स्थानीय सम्पदाको प्रचार प्रसार, विकास र संरक्षणलाई सघाएको छ । रैथाने सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धन गर्ने अभिष्ट राखेको छ । र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरूहरूलाई पस्केको छ । यस अर्थमा यो पाठ्यक्रम कमलामाईको पहिचान कायम राख्न सफल हुने छ भन्ने विश्वास लिएको छु ।

कमलामाई नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्युहरूलाई हार्दिक बधाइ दिन चाहान्छु । नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्बाह गर्दै उत्कृष्ट पाठ्यक्रम निर्माण गरी कार्यान्वयनयोग्य बनाउनु भएकोमा म अत्यन्त हर्षित छु । यस पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन शिक्षक महासंघ, शिक्षकका प्रतिनिधिमूलक संघ/सँगठन, कमलामाई नगरपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति लगायत सरोकारवालाहरूलाई म हार्दिक अनुरोध गर्दछु र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत म प्रतिवद्ध रहनेछु । पाठ्यक्रम निर्माणमा प्राविधिक सहयोग गर्नुहुने ह्याण्ड्स नेपाल र उक्त संस्थाका कार्यक्रम संयोजक प्रमोद तिमल्सिनालाई हार्दिक धन्यवाद दिन चाहान्छु । पाठ्यक्रम आफैमा एक गतिशील दस्तावेज भएकोले आवश्यकतानुसार यसको समसामयिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहान्छु ।

खड्गबहादुर खत्री
प्रमुख
कमलामाई नगरपालिका, सिन्धुली

विषयसूची

१. पृष्ठभूमि
२. विषय प्रवेश
३. कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रमको परिचय
४. तहगत सक्षमता
५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण
६. कक्षागत सिकाइ उपलब्धि कक्षा (१-५)
७. कक्षागत सिकाइ उपलब्धि कक्षा (६-८)
८. विषय क्षेत्र निर्धारण
९. विषय क्षेत्र विस्तृतीकरण

- कक्षा - १
- कक्षा - २
- कक्षा - ३
- कक्षा - ४
- कक्षा - ५
- कक्षा - ६
- कक्षा - ७
- कक्षा - ८

१०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

- **STEAM Pedagogy** को परिचय, आवश्यकता र महत्त्व
- **STEAM Pedagogy** को अभ्यासात्मक प्रयोग

११. मूल्याङ्कन प्रणाली :

- सञ्चित अभिलेखको नमूना
- कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रम) को विशिष्टीकरण तालिका
- स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

१.पृष्ठभूमिः

नेपाल आफैमा विविधतायुक्त देश हो । भाषा आयोगका अनुसार नेपालमा एकसय एकतिस भाषा पहिचान गरिएको छ । एकसय पच्चिस जातजातिको संख्या रहेको देखिन्छ । भाषा र जातजातिको सङ्ख्या खोजी हुने कार्य भइरहेको पनि छ । यो सङ्ख्या अझै बढ्न सक्ने आँकलन पनि गरिएको छ । यसको अर्थ हो- भाषामा विविधता कायम छ । जातिगत विविधता पनि नेपालको पहिचान बनेको छ । धार्मिक विविधता अनुभूत गर्न सकिन्छ । यी विविधताको कारण संस्कार र चिन्तनमा एकरुपता हुने कुरै भएन । भाषिक पहिचानको सवालमा फरक-फरक मान्यता स्थापित छ । जातीय पहिचानको सन्दर्भ पनि छ । कतै एकल पहिचानको कुरा । कतै बहुपहिचानको कुरा । सामर्थ्यको कुरा पनि छ । समावेशीताको मुद्दामा पनि बहु-मतहरू छन् । भौगोलिक विविधतासँगै सम्भावना र अवसरहरू पनि असन्तुलित छन् । असमान बनाइएका छन् । बनेका छन् । वर्ग र समुदायको विशिष्ट पहिचानको सवाल बहसमा छ । मिश्रित जाती/समुदायको अभ्यास पनि छ । निश्चित भूगोलभित्र एकल जाती/समुदायको अस्तित्व पनि कायमै छ । कतै विविधतामा एकता । कतै एकतामा विविधता तर सहिष्णुता कायम छ । कतै आक्रोश र असन्तुष्टि पनि । यस अर्थमा नेपाली समाज कुनै एकल सिद्धान्तले अर्थ्याउन सम्भव छैन । बहुसिद्धान्तले मात्र समेट्न सक्छ नेपाली समाजलाई । परिवेश सापेक्ष सिद्धान्त । अर्थात् गाँठो फुकाउने सिद्धान्त । नेपाली माटो र नेपाली बाटोको सिद्धान्त । शिक्षाको सवालमा पनि फरक मतहरू छन् र हुन्छन् । स्थानीय पाठ्यक्रमको सन्दर्भमा पनि फरक फरक अभ्यासहरू भएका छन् र हुदैछन् । स्थानीय विशिष्टताको आधारमा स्थानीय पाठ्यक्रमको बनोट र संरचना पनि फरक हुन सक्छ । पाठ्यवस्तु पनि । स्रोत साधान तथा अवसर र सम्भावनाले शैक्षिक आयामहरू निर्देशित हुँदोरहेछ । समय, सन्दर्भ र परिवेश अनुरुप शिक्षाको प्रकृतिमा विविधता हुनु स्वभाविक नै हो र हुन सक्छ । अभिभावकीय सोचमा पनि शिक्षा सम्बन्धी दृष्टिकोणमा समानता छैन । राजनीतिक दलहरूको शैक्षिक चिन्तनमा पनि एकरुपता छैन । कतिपय सबालमा समानता पनि । जातीविशेषको विद्यमान स्थानीय सीप र प्रविधिलाई शिक्षासँग जोड्न सकिएको छैन । तर, सीपमूलक शिक्षामा सबै क्षेत्रको रुचि र सँगबद्धता पनि आइरहेका छ । स्थानीय सीप र प्रविधि बामे सर्न लागेको अवस्था छ । "विश्वव्यापी सोचाइ, स्थानीय अभ्यास" को स्थापित मान्यताको जगमा स्थानीय परिवेश सापेक्ष निर्माण गरिने स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय सरकारहरू क्रियाशील भइरहेका सुखद परिवेश पनि निर्माण हुदैँ गइरहेको देखिदैछ ।

शिक्षालाई समग्र विकासको आधारशीलाको रुपमा स्वीकार्ने गरिन्छ । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । समाज सापेक्ष शिक्षा कि, शिक्षा सापेक्ष समाज भन्ने कुरा बहसको विषय हुन सक्ला । तर, व्यवहारिक, वैज्ञानिक एवम् सीपमूलक शिक्षाले समाजलाई बदल्न सक्छ । समाजलाई उन्नतिशील बनाउन सक्छ । सभ्य समाज बनाउन मद्दत गर्छ । र, समतामूलक समाज निर्माणमा साथ दिन्छ । ती देशहरूनै विकास र समृद्धिको सिढी चढ्न सफल छन् जसले शिक्षामा समुचित लगानी गरी यसलाई मुख्य प्राथमिकतामा राखेका छन् । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन नसक्ला । गुणस्तरीय र व्यवहारिक शिक्षाले सीप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संकृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष

बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडलहरू प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजनाबद्धरुपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ ।

राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सहि ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग बाञ्छनीय हुन्छ भन्ने मान्यता स्थापित भएको पाइन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, सिकारुको रुचि/क्षमता एवम् अभिभावकको आवश्यकतालाई सहिढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रहि आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारुसम्म पुर्‍याउने एउटा सहज मार्गको रुपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण-सिकाइको योजनाको रुपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ । हुनुपर्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहीत गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रही स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ । कमलामाई नगरपालिकाले पनि कमलामाई नगरको विशिष्ट परिवेशको जगमा पहिलो चरणमा कक्षा (१-५) मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएकोमा यसलाई समसामयिक परिमार्जन गरी एकीकृत रुपमा कक्षा (१-८) को पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने जमर्को गरिएको हो । आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र पालिकाको स्वीकृत बजेटमा समेत शैक्षिक सत्र २०७८ देखि कक्षा (१-८) को स्थानीय पाठ्यक्रम निर्माण गरी पालिकाभित्रका सबै विद्यालयहरूमा लागू गर्ने कार्यक्रम रहेको अवस्थामा स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सबै सरोकारावालाहरूसँगको सार्थक सहयोगले यो पाठ्यक्रम निर्माण कार्य सफल भएको हो ।

२.विषय प्रवेश

पाठ्यक्रम सिकाइको मार्गदर्शन हो र यो समग्र सिकाइको योजना पनि हो । शिक्षण सिकाइलाई निर्देशित गर्ने मुख्य आधारको रुपमा पनि पाठ्यक्रमलाई लिन सकिन्छ । शिक्षण-सिकाइको निर्धारक र समग्र शैक्षिक कार्यक्रमको मार्गनिर्देशन गर्ने सम्पूर्ण योजनाको एकीकृत स्वरुप भनेर पनि पाठ्यक्रमलाई परिभाषित गर्ने गरेको पाइन्छ । निर्दिष्ट सिकाइ उपलब्धि हासिल गर्न बनाइएको एउटा व्यवस्थित र योजनाबद्ध शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्ने प्रचलन पनि छ । राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिस्थिति तथा स्थानीय परिवेशको पृष्ठभूमिमा पाठ्यक्रम तयार गर्ने परम्परा प्रचलनमा रहदै आएको छ । स्थानीय पाठ्यक्रमलाई लुप्त (Hidden) पाठ्यक्रमको रुपमा पनि लिने र यसलाई शिक्षण सिकाइमा मात्र आवश्यकतानुसार जोड्ने कार्यपनि विगतमा हुने गरेको थियो । किन भने यसले सिकारुको रुचि र अभिभावकको आवश्यकतामा आधारित विभिन्न विषयवस्तुहरूबारे समुचित ज्ञान दिन सहयोग गर्दछ । सिकारुको आवश्यकता, अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर स्थानीय स्रोत, साधन र सम्भावना समेतलाई आधार बनाइ रैथाने ज्ञान, सिप र अभिवृत्तिको

विकासको लागि स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुन्छ । यसले स्थानीय भूगोललाई समेट्छ । स्थानीय परिवेशलाई आत्मसात गर्छ । स्थानीय भाषा, संस्कृति, मूल्यमान्यता र संस्कारलाई आफ्नो विषयवस्तु बनाउँछ । स्थानीय जातजाति कला, धर्म, प्रचलन र सभ्यतालाई प्रतिविम्बन गर्छ । स्थानीय सरोकारवालाहरूलाई समेट्छ । सारमा स्थानीय अवस्थाको प्रचार प्रसार, विकास, संरक्षणलाई अङ्गाल्छ । रैथाने सीप, प्रविधि र चालचलनलाई समयसापेक्ष बनाउँदै संरक्षण र प्रबर्द्धन गर्ने अभिष्ट राख्दछ । र, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको तर, स्थानीय आवश्यकताको रुपमा रहेका विषयवस्तुहरू पनि स्थानीय पाठ्यक्रमले समेट्ने प्रयत्न गर्दछ ।

हामीलाई थाहा छ, नेपाल भौगोलिक, सामाजिक, आर्थिक, जैविक, सांस्कृतिक र धार्मिक रुपले विविधतायुक्त देश हो । यस मेसोमा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकतालाई पूर्ण रुपमा सम्बोधन गर्दैन । गर्न पनि सक्दैन । अनुभव र अभ्यासले पनि यही देखाउँछ । देश विकासका विभिन्न पक्षमा सबै नागरिकको समान स्वामित्व र सहभागिता आवश्यक हुन्छ भन्ने प्रचलित मान्यतालाई पनि स्थानीय पाठ्यक्रमले सम्बोधन गर्न सक्नुपर्दछ । गर्छ भन्ने विश्वास पनि संस्थागत हुदैछ । भएको छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि, माग, विज्ञता र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणाअनुरूप लक्षित वर्ग र समुदायको आवश्यकता सम्बोधन गर्नका लागि स्थानीय सरोकारवाला, स्रोत साधन र विज्ञतालाई उपयोग गर्दै स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिन्छ ।यसै पृष्ठभूमिमा कमलामाई नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रको विषयवस्तु र सिन्धुली जिल्लाको परिवेशलाई आफ्नो स्थानीय पाठ्यक्रम भित्र समेट्ने प्रयत्न गरेको छ ।स्थानीय पाठ्यक्रमलाई शैक्षिक विकेन्द्रीकरणको एउटा सबल पक्षको रूपमा लिनु सान्दर्भिक होला । पाठ्यक्रम कार्यान्वयन गर्ने निकाय तथा व्यक्तिको संलग्नता र सहभागितामा पाठ्यक्रम विकास गरिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतालाई कमलामाई नगरपालिकाले आत्मसात गर्ने जमर्को गरेको छ ।

पाठ्यक्रम कार्यान्वयन गर्ने सबैभन्दा तल्लो निकाय विद्यालय र जिम्मेवार व्यक्ति शिक्षक हुने भएकाले शिक्षकले सिकारुको सहभागितामा विद्यालयमा नै पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने सोचबाट स्थानीय पाठ्यक्रमको अवधारणा विकास भएको हो । तर, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको बदलिएको राजनीतिक मान्यता र प्रशासनिक संरचनामा माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीयतहको भएकोले स्थानीय तहले आफ्नो स्थानीय परिवेश र स्थानीय आवश्यकताको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने प्रावधान रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३, संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७१ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले पनि यस कुरालाई उच्च महत्व दिएको देखिन्छ । यस प्रक्रियामा अभिभावक, स्थानीय समुदायमा रहेका विभिन्न पेसामा संलग्न व्यक्ति, विभिन्न सामाजिक सङ्घ संस्थामा संलग्न व्यक्ति सबैको भूमिका महत्वपूर्ण हुन्छ नै । गैरसरकारी संघ/संस्थाको सहयोग लिएर स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने भएकोले पनि सबैको साथ सहयोग र विज्ञताको समुचित कदर गर्दै स्थानीय आवश्यकताको आधारमा स्थानीय सरकारले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने परिपाटीको विकास हुन थालेको सुखद अवस्था सिर्जना भएको छ यतिखेर । विविधताको सम्मान गर्दै स्थानीय ज्ञान, सिप र प्रविधिको समान पहुँच र विस्तारमा टेवा पुऱ्याउन स्थानीय सरोकारवालाको सहभागिता, विज्ञता र स्रोत साधन जरुरी हुन्छ ।

नेपालमा राष्ट्रिय स्तरको पाठ्यक्रम निर्माण गर्ने क्रममा सरल र सहज तरिकाले स्थानीय तहको प्रतिनिधित्व हुन नसकेको परिवेश विद्यमान छ । फलस्वरुप शैक्षिक गुणस्तर विकासमा स्थानीय सरोकारवालाको उत्तरदायित्व र जिम्मेवारी बोध पर्याप्त मात्रामा भएको पनि छैन । अतः स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम तथा नीति निर्माणका क्रममा स्थानीय तहका सरोकारवालाको अधिकाधिक सहभागिता हुने वातावरण तयार गर्ने र त्यसबाट प्राप्त प्रतिफलमा उनीहरूकै जिम्मेवारी रहने व्यवस्था गरी विकेन्द्रीकरणको सैद्धान्तिक पक्षलाई जोड दिदै स्थानीय पाठ्यक्रम निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकताअनुसारका स्थानीय ज्ञान, सीप, धारणासँग सम्वन्धित विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमको रुपमा मान्यता दिने प्रचलन विश्वका विकासोन्मुख र विकसित देशहरूमा पनि पाइन्छ । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय मठमन्दिर, सांस्कृतिक सम्पदा, रहन सहन, स्थानीय माटो तथा हावा पानी, चालचलन आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो जन्मभूमी तथा स्थानीय परिवेशमा नै “केही गरौं” भन्ने भावनाको विकास गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो स्थानीय परिवेशअनुकूल मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गरिने लाचिलो प्रकृतिको पाठ्यक्रम हो । सिकारुलाई स्थानीय विषयवस्तुहरू जस्तै स्थानीय जात, जाति, भाषा, संस्कार, सभ्यता, मूल्यमान्यता, परम्परा, चाडपर्व, हाटबजार, गीत, सँगीत, आदिको बारेमा यथोचित जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउन पनि स्थानीय स्तरमा पाठ्यक्रम निर्माण गर्न आवश्यक छ । समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषयवस्तुबाट राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । अतः कमलामाई नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक पर्नुका कारणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

क) कमलामाई नगरपालिका क्षेत्रभित्रको स्थानीय आवश्यकता र समग्र सिन्धुली जिल्लाको सामाजिक परिवेश अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहित गर्न,

ख) कमलामाई नगरपालिका र सिन्धुली जिल्लाभित्र रहेका मुख्य, वातावरणीय, भौगोलिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय, सांस्कृति एवम् प्राकृतिक सम्पदाको बारेमा परिचित गराउन,

ख) कमलामाई नगरपालिकाका स्थानीय व्यक्ति समूह वा समाजको आवश्यकता बुझी तिनलाई पूरा गर्न,

ग) स्थानीय जातजाति, धर्म, संस्कृति, परम्परा, मान्यता चाडपर्व, मठमन्दिर, स्थान विशेष, कला कौशल उद्योग,व्यवसाय,स्थानीय स्रोतको उचित सम्मान र परिचालन गरी संरक्षण र संवर्द्धन गर्न,

घ) स्थानीय नेतृत्व र संरचना, पोषण, खानपिन र सरसफाइबारे सिकारुलाई सूसुचित गराउन ,

ङ) शिक्षालाई श्रम, सीप र उत्पादनसँग जोड्दै जीविकोपार्जनमा सक्षमता अभिवृद्धि गर्न,

च) स्थानीय परम्परागत/आधुनिक ज्ञान, सीपको खोजी र सम्बर्द्धन गर्न

छ) विपत व्यवस्थापन तथा सुरक्षित विद्यालयको अवधारणाबारे स्पष्ट हुन तथा सो सम्बन्धी आवश्यक ज्ञान, सिप र अभिवृत्ति आर्जन गर्न ।

ज) संघीय संरचनाको मूल सिद्धान्त सहकारिता, सहअस्तित्व र समन्वयलाई व्यवहारिक रुपमा प्रयोग गर्न,

झ) स्थानीय विज्ञताको समुचित उपयोग गरी रैथाने ज्ञान, सिप र सक्षमताको अभिवृद्धि गर्न ।

स्थानीय विषय स्वभावले नै स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकतालाई मुख्य आधार बनाएर तयार गरिने पाठ्यक्रम हो ।

स्थानीय पाठ्यक्रमका आधारभूत पक्षहरूलाई नै कमलामाई नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार मानेको छ ।

क) **स्थानमा आधारित सिद्धान्त :** ग्रामीण समाजको वस्तुस्थितिको वस्तुपरक आँकलन गरि स्थानीय स्रोत, साधन, ज्ञान, सिप र मान्यताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने, प्रचारप्रसार गर्ने र स्थानीय समुदायलाई सुसूचित गराइ स्थानीय विशिष्टता सिकारु समक्ष पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिने भएकोले यो स्थानमा आधारित सिद्धान्तबाट निर्देशित छ ।

ख) **सामाजिक पुनरसंरचनावादी सिद्धान्त :** यो कमलामाई नगरपालिकाको सामाजिक मुद्धा, सामाजिक आवश्यकता, भविष्यको आशा र स्थानीय सामाजिक संरचनाको जगमा तयार गरिएकोले पनि यसमा सामाजिक पुर्नसंरचनावादी सिद्धान्तको पृष्ठभुमि रहेको छ । सामाजिक पुरनसंरचनाको मूलमर्म नै समाजमा प्रचलनमा रहिसकेका तर आल लोपोन्मुख अवस्थामा पुगेका राम्रा अभ्यासहरूलाई जीवन्त बनाउनु हो । त्यसै गरी प्रचलनमा रहेका गलत तथा समाज अनुपयोग अभ्यास र परम्पराहरूलाई खारेजी वा संसोधन पनि हो । मौलिक र दीगो विकासमा सामाजिक पुनरसंरचनाले वकालत गर्दछ ।

ग) **रैथाने मान्यताकेन्द्रित सिद्धान्त :** स्थानीय पाठ्यक्रम रैथाने ज्ञान, सिप, अभिवृत्ति तथा स्थानीय विशिष्ट परिवेशको जगमा तयार गरिने भएकोले यो रैथाने मान्यताकेन्द्रित सिद्धान्तबाट परिलक्षित हुन्छ ।

राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका स्थानीय सरोकारका विषयवस्तुहरू समेटेर तयार गरिने स्थानीय पाठ्यक्रमका केही आधारभूत पक्षहरू हुन्छन् । स्थानीय पाठ्यक्रमका ती आधारभूत पक्षहरूलाई नै कमलामाई नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माणको निम्न पक्षहरूलाई आधार मानेको छ ।

O आधारभूत आवश्यकता

स्थानीय पाठ्यक्रमले स्थानीय परिवेश र स्थानीय आवश्यकताका मुलभूत पक्षलाई आत्मसात् गर्न सक्नुपर्दछ । सोझो अर्थमा स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको प्रतिनिधित्व गर्नुपर्दछ । स्थानीय आवश्यकताको पहिचान गर्ने कार्य स्थानीय सरोकारवालाहरूकै भएकोले स्थानीय सरोकारवालाहरूको सार्थक सहभागितामा मात्र स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिन्छ । यो कुनै कोठामा बसेर विज्ञता ओकेल्ने प्रक्रिया होइन । यो त स्थानीय सरोकारवालाहरूको चाहना, आवश्यकता र रुचिको आधारमा स्थानीय विषयवस्तु समेटेर तयार गरिने पाठ्यक्रम हो । स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक समुन्नतिका लागि अवसरहरू पहिचान र परिचालन गर्ने माध्यमको रुपमा पनि स्थानीय पाठ्यक्रमलाई अर्थ्याउन सकिन्छ । यस अर्थमा पनि स्थानीय आवश्यकताको पहिचान स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष हो भन्न सकिन्छ ।

O स्थानीय विषयवस्तु

स्थानीय पाठ्यक्रमको अर्को आधारभूत पक्ष भनेको स्थानीय स्तरको विषयवस्तु हो । स्थानीय विषयवस्तुको पाठ्यक्रम स्थानीय परिवेश सापेक्ष हुनुपर्छ । स्थानीय समुदाय र परिवेशमा आधारित ज्ञान, सिप, प्रविधि, अवधारणा, मूल्यमान्यता र स्थानीय स्रोत-साधन तथा भौगोलिक, सांस्कृतिक, प्राकृतिक, जातिगत, भाषिक, कला, कौशल जस्ता विषयवस्तुहरू नै स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू हुन् ।

O स्थानीय सहभागिता र विज्ञता

स्थानीय पाठ्यक्रमको अर्को महत्वपूर्ण आधारभूत पक्ष भनेको स्थानीय सहभागिता र विज्ञता पनि हो । स्थानीय परिवेशलाई स्थानीय सरोकारवालाहरूले नै सहिढङ्गले बुझ्न सक्छन् । स्थानीय पाठ्यक्रमको निर्माण, विकास र कार्यान्वयनमा स्थानीय समुदायमा रहेका व्यक्तिहरू र स्थानीय विज्ञ व्यक्तिहरूको संलग्नता बाञ्छनीय हुन्छ । यसमा स्थानीय विज्ञताको समुचित कदर गरिन्छ । किनपनि भने स्थानीय विज्ञताले स्थानीय परिवेशलाई समुचितढंगले आत्मासात् गर्न सक्छ । पाठ्यक्रम निर्माण र लेखन गर्ने काम एक प्राविधिक काम भएकोले पनि स्थानीय विज्ञहरूलाई समेट्न आवश्यक हुन्छ । पाठ्यक्रमका लागि चाहिने स्रोत, साधन, सूचना र सन्दर्भग्रन्थहरूको संकलन, विश्लेषण र ती पक्षहरूलाई पाठ्यक्रममा समेट्ने दक्षताको कमी भयो भने स्थानीय पाठ्यक्रमले सही विषयवस्तु समावेश गर्न सक्दैन । यस अर्थमा पनि स्थानीय सहभागिता र विज्ञतालाई स्थानीय पाठ्यक्रमको आधारभूत पक्ष मानिएको हो ।

३. कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रम) को परिचय

कमलामाई नगरपालिकामा अध्ययनरत कक्षा १-८ का बालबालिकाहरूले आफ्नो बस्तुस्थिति, स्थानीय परिवेशको बारेमा आवश्यक जानकारी पाउन सकुन, स्थानीय कला, संस्कृति, कृषि, जीविकोपार्जन, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, जातिगत, भाषिक अवस्थाबारे समुचित सूचना प्राप्त गर्न सकुन भनेर यो पाठ्यक्रम निर्माण गरिएको हो । स्थानीय ज्ञान, सिप, प्रविधि, मूल्यमान्यता, संस्कार, सभ्यता र संस्कृतिसँग सुसूचित गराउँदै बालबालिकाहरूलाई स्थानीय स्रोत-साधनको पहिचान र परिचालन गर्न सहयोग पुगोस भन्ने उद्देश्यले यो पाठ्यक्रम तयार गरिएको हो । बालबालिकाहरूलाई स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गर्दै आत्मनिर्भर हुन र जीविकोपार्जनमा सहयोग पुग्ने अपेक्षाका साथ निर्माण गरिएको यस पाठ्यक्रमले कमलामाई र समग्र सिन्धुली जिल्लाको बस्तुस्थितिको बारेमा समुचित जानकारी समेत दिनेछ । यस पाठ्यक्रममा निम्नलिखित क्षेत्रहरू समेटिएका छन्:

१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार
२ .स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद
६. पोषण, खानपिन तथा सरसफाइ
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय

४. तहगत सक्षमता

कमलामाईको पहिचान नामक यस स्थानीय पाठ्यक्रमले खासमा कमलामाई नगरपालिका र सिन्धुली जिल्लाको परिवेशमा विद्यमान वातावरण, संस्कार, संस्कृति, जातजाति तथा समग्र बस्तुस्थितिसँग सिकारु परिचित हुन सकुन भन्ने उद्देश्य राखेको छ । स्थानीय पेसा, ब्यावसाय, प्रविधि, सम्पदा लगायत विविध पक्षहरूबारे सिकारुको सक्षमता हासिल गर्ने तहगत उद्देश्य पनि राखेको छ । समग्रमा कमलामाईको पहिचान विषयले समेटेको तहगत सक्षमतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

आधारभूत तह (कक्षा १-५)

यस तहको अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित सक्षमताहरू प्राप्त गर्ने छन् :

१. स्थानीय वातावरण, भौगोलिक परिवेश तथा सामाजिक मूल्यमान्यताका आधारभूत पक्षहरूलाई पहिचान गर्न ।
२. सामुदायिक कार्यमा सक्रियपूर्वक सहभागी हुन ,
३. असल परम्परा एवम स्थानीय राम्रा अभ्यासहरूलाई आत्मसात् गर्दै विविधताको सम्मान गर्न,
४. स्थानीय पेसा, व्यावसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गर्न,
५. स्थानीय सम्पदाहरूसँग परिचित भई संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहन,
६. स्थानीय ऐतिहासिक, पर्यटकीय तथा पुरात्वात्विक सम्पदाको संरक्षण, सम्बर्धन विकासमा क्रियाशील हुन,
७. जातजाति र भाषाभाषीवीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्वहरूसँग परिचित हुन,
८. स्थानीय संरचनासँग परिचित हुन एवम् विशिष्ट व्यक्तित्व तथा सहिदसँग परिचित भई सम्मान ब्यक्त गर्न,
९. स्थानीय स्रोतबाट निर्मित पोषणयुक्त खानेकुराहरूको प्रयोग गर्न तथा जङ्कफूड (पत्रु खाना)को नकारात्मकअसरसँग सचेत रहन,
१०. आफ्नो क्षेत्र वरपर घट्न सक्ने प्रकोप तथा विपदबारे जनकारी लिइ विपत व्यवस्थापनमा जागरुक हुन र सुरक्षित विद्यालय निर्माणमा योगदान पुऱ्याउन ।

आधारभूत तह (कक्षा ६-८)

यस तहको अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित सक्षमता प्राप्त गर्ने छन्:

१. सिन्धुली जिल्लाको वातावरण, भौगोलिक परिवेश, सामाजिक मूल्यमान्यताबारे परिचित हुन,

२. विविधताको पहिचान, सम्मान र सम्बर्द्धन गर्न,

३. कमलामाई तथा सिन्धुली जिल्लाको स्थानीय पेसा, ब्यावसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गरी उपयुक्त पेसामा छनौट गरी जीविकोपार्जन गर्न,

४.सिन्धुली गढी लगायतका विभिन्न सम्पदाको पहिचान गरी आवश्यकता र महत्वबारे स्पष्ट हुन र सम्पदाको प्रवर्द्धन र संरक्षणमा योगदान दिन,

५. सिन्धुली जिल्लाका प्रमुख जातजाति र भाषाभाषीबारे परिचित भई पारस्परिक सम्बन्ध विकास गर्न,

६. स्थानीय चाडपर्वहरूसँग परिचित हुन र चाडपर्वहरूको विशेषता बताउन,

७. स्थानीय तथा प्रादेशिक संरचनासँग परिचित हुन एवम् विशिष्ट ब्यक्तित्वहरूलाई सम्मान ब्यक्त गर्न,

८. स्थानीय स्रोतबाट निर्मित पोषणयुक्त खानेकुराहरूको प्रयोग गर्न तथा जङ्कफूड (पत्रु खाना)को नकारात्मकअसरसँग सचेत रही स्थानीय उत्पादन उपयोगमा जोड दिन,

९.प्रकोप तथा विपदबारे जानकारी लिइ विपत व्यवस्थापनमा जागरुक हुन र सुरक्षित विद्यालय निर्माणमा योगदान पुऱ्याउन ।

५. विषय तथा पाठ्य/कार्यघण्टा निर्धारण

विषयः कमलामाईको पहिचान
साप्ताहिक पाठ्यघण्टाः ५ (कक्षा १-३), बार्षिक कार्यघण्टा : १६०
साप्ताहिक पाठ्यघण्टा : ४ (कक्षा ४-८), बार्षिक कार्यघण्टाः १२८

कक्षा १-५

क.सं.	क्षेत्र	कक्षा	का.घ	कक्षा	का.घ	कक्षा	का.घ	कक्षा	का.घ	कक्षा	का.घ
१	स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	१	२५	२	२५	३	२५	४	२३	५	२३
२	.स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	१	३०	२	३०	३	३०	४	२०	५	२०
३	ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	१	३०	२	३०	३	३०	४	२५	५	२५
४	जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	१	२०	२	२०	३	२०	४	२०	५	२०
५	स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिदहरू	१	१५	२	१५	३	१५	४	१०	५	१०
६	पोषण, खानपिन तथा सरसफाइ	१	२५	२	२५	३	२५	४	२०	५	२०
७	विपद ब्यवस्थापन तथा सुरक्षित विद्यालय	१	१५	२	१५	३	१५	४	१०	५	१०
	जम्मा		१६०		१६०		१६०		१२८		१२८

कक्षा ६-८

क.सं.	क्षेत्र	कक्षा	का.घ	कक्षा	का.घ	कक्षा	का.घ
१	स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	६	२०	७	२०	८	२०
२	.स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	६	२०	७	२०	८	२०
३	ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	६	२५	७	२५	८	२५
४	जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	६	१३	७	१३	८	१३
५	स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिदहरू	६	१५	७	१५	८	१५
६	पोषण, खानपिन तथा सरसफाइ	६	२०	७	२०	८	२०
७	विपद व्यवस्थापन तथा सुरक्षित विद्यालय	६	१५	७	१५	८	१५
	जम्मा		१२८		१२८		१२८

६.कक्षागत सिकाइ उपलब्धि

कमलामाईको पहिचान (स्थानीय विषय) को कक्षागत सिकाइ उपलब्धि

कक्षा (१-५)

कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१.आफ्ना घर तथा विद्यालय वरपरका भौगोलिक परिवेश (अग्लो, होचो, सम्म) पहिचान गर्न २. आफ्नो वरपरका वनस्पति, जीवजन्तु र स्रोत साधनको नाम बताउन ३ सबैसँग मिलेर बस्न र नाता एवम् सम्बन्ध अनुसार सम्बोधन गर्न,	१.आफ्ना वरपरका भौगोलिक अवस्था (भिरालो, गहिरो, समतल) पहिचान गर्न २.प्राकृतिक वस्तुस्थिति र वातावरणसँग परिचित हुन, ३. आफ्नो वरपरका प्राकृतिक स्रोत साधन, वनस्पति र जीवजन्तुहरू चिन्न ४..साथी समूहसँग मिलेर बस्न र सहयोग आदान प्रदान गर्न, ५.अपाङ्गताको पहिचान गर्न, सहयोग गर्न, गुरु/ अग्रजहरूको सम्मान, सानालाई माया र सहयोग गर्न	१. आफ्ना वडाका भौगोलिक सरचना पहिचान गर्न र विशेषता बताउन २. आफ्नो वडामा उपलब्ध प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, खोला, नदी, पाखा, पहाड, खेत) पहिचान गर्न ३.जीवजन्तु, वनस्पति र मानिसविचको सम्बन्धसंग परिचित हुन ४.अग्रजहरूको असल कार्य अनुकरण/अनुसरण गर्न ५..असहाय, ज्येष्ठ नागरिक तथा असक्तहरूलाई सहयोग र सम्मान गर्न	१..कमलामाइका भौगोलिक बनावट, अबस्थिति, विशेषता बताउन २.कमलामाईका प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजंगलको सामान्य परिचय दिन ३.वातावरण संरक्षणका उपायहरू अबलम्बन गर्न, ४.घरपालुवा जनावरहरू र जंगली जनावरहरू पहिचन गर्न ५.स्थानीय बनस्पतिहरूको परिचय दिन ६.संस्कारयुक्त असल नागरिक बन्न ७.अपाङ्गताभएकाहरूलाई सम्मान र सहयोग गर्न	१.कमलामाइ नगरपालिकाका भौगोलिक सरचना प्राकृतिक वातावरणको परिचय र महत्व बताउन, २.प्राकृतिक र मानवनिर्मित वातावरणको अन्तरसम्बन्ध पहिचान गर्न, ३.आफ्नो वरपरको वातावरण संरक्षणमा क्रियाशील हुन ४.कमलामाई नपामा पाइने जीवजन्तु र बनस्पतिको पहिचान गर्न र संरक्षण गर्न, ५. कमलामाईको प्राकृतिक स्रोत साधनहरूको पहिचान गर्न र विवेकशील प्रयोग गर्न ६.स्थानीय असल संस्कार, सभ्यता र मूल्यमान्यतासँग परिचित हुन ७.समाजबाट स्वीकृत नीति नियम, आचरणको पालना गर्न
४. आफ्ना परिवारको पेसा बताउन ५ आफ्नो घर वा घर वरपर पाइने.स्थानीय प्रमुख बाली तथा फलफूलहरूको नाम बताउन ६. आफ्ना छिमेकीहरूको पेसाको नाम बताउन ७. स्थानीय प्रविधिहरू चिन्न र नाम बताउन	६ आफ्ना घर छिमेकका पेसा व्यावसाय पहिचान गर्न ७.स्थानीय अन्नबाली, फलफूल, तरकारी र जडिबुटी पहिचान गर्न, ८ स्थानीय (रैथाने प्रविधिको नाम र काम बताउन ९.स्थानीय प्रविधि र सामग्रीबाट निर्मित घरेलु समानको नाम र उपयोग बताउन	६ आफ्ना वडाभित्रका स्थानीय पेसा, ब्यावसायको विशेषता र महत्व बताउन ७. आफ्नो वडा क्षेत्रमा उत्पादन हुने अन्नवाली, फलफुल, तरकारी, जडिबुटिबारे परिचित हुन ८. कृषि उत्पादनमा प्रयोग गरिने सामग्रीहरू चिन्न ९.स्थानीय प्रविधि र सीपसँग परिचित हुन १०.स्थानीय स्तरमा निर्मित घरेलु सामग्रीको	८.स्थानीय अन्नवाली, फलफुल, तरकारी उत्पादन गर्ने तरिका पहिचान गर्न ९.स्थानीय कृषि तथा घरेलु उद्योग ब्यवसायको आवश्यकता र महत्व बताउन १०.स्थानीय कृषिमा प्रयोग हुने सामग्रीको नाम र काम बताउन ११.पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरूसँग परिचित हुन १२.स्थानीय सिप, प्रविधि र उत्पादन पहिचान	९.स्थानीय अन्नवाली, फलफुल, तरकारी, जडिबुटि खेतीको सम्भावना र आवश्यकता पहिचान गर्न १०. कृषि उत्पादन बृद्धि गरी या अन्य उद्यमको माध्यमले आर्थिक रुपमा सवल हुने मार्गहरूको पहिचान गर्न ११.स्थानीय कृषि तथा पशुपालन ब्यावसाय, ब्यापार तथा उद्योग ब्यावसायका अवस्था पहिचान गर्न १२. स्थानीय सिप, प्रविधि संरक्षण तथा विकास र प्रचार प्रसारमा भूमिका खेल्न

		पहिचान र संरक्षण गर्न	गर्न १३..स्थानीय घरेलुसामग्री निर्माण र प्रयोगमा उत्प्रेरित हुन	१३.स्थानीय घरेलुसामग्री निर्माण गर्न तरिकाबार परिचित हुन
८.आफ्ना वरपरका सम्पदाका नाम बताउन, ९, सिन्धुली गढीको पहिचान गर्न, ८.आफूवसेको ठाउँको नाम र ठेगाना बताउन १०.आफ्ना वरपरका जातजाति र भाषाभाषीको नाम बताउन ११.स्थानीय चाडपर्वहरू मनाउने तरिका बताउन १२..विशिष्ट व्यक्तित्वहरूको अनुशरण गर्न १३. जंकफुडको नाम भन्न, १४. हात धुन र आफ्नो सरसफाइ गर्न १५.प्रकोप तथा विपदको नाम बताउन	७.सिन्धुली गढीका नाम र अवास्थात बताउन ८.आफ्नो वडामा बोलिने प्रमुख भाषा र स्थानीय चाडपर्वसँग परिचित हुन, ९.आफ्नो स्थानीय तहको सामान्य जानकारी लिन १०.पालिकाका प्रमुख स्रोतसाधन पहिचान गर्न ११.स्थानीय विशिष्ट व्यक्तित्वहरूको योगदान आत्मासात गर्न १२. जंकफुड पहिचान गर्न, १३.आफ्नो घर, कक्षाकोठा र व्यक्तिगत सरसफाइमा सरिक हुन १४.आफू बसेको ठाउँमा हुन सक्ने विपदसँग सचेत रहन	११.स्थानीय सम्पदाहरूका पहिचान गर्न १२. पालिकाभित्रका पर्यटकीय स्थलहरू पहिचान गर्न १३.स्थानीय जातजाति, भाषाभाषी एवम् चाडपर्वहरूको सामान्य परिचय दिन १४ आफ्नो वडाको संरचना बताउन, १५. विशिष्ट व्यक्तिहरूको असल कार्यको अनुसरण गर्न १६. जंकफुडको प्रयोग नगर्ने बानीको विकास गर्न १७. घरमा निर्माण गरिएका पोषणयुक्त खानेकुराहरू तथा पोषणयुक्त फलफुल तरकारीको महत्व बताउन १८. बिपद र यसबाट बच्ने उपायहरू प्रयोग गर्न	१४सिन्धुलीगढीका परिचय दिन १५.कमलामाईका प्रमुख सम्पदाहरूको सामान्य परिचय दिन १६.कमलामाई अन्तरर्गतका जातजातिको संस्कारजन्य कुराको परिचय दिन १७.जङ्कफुड (पत्रुखाना) ले पुराउने असरसँग परिचित हुन, १८. विशिष्ट व्यक्तित्वहरूको परिचय र सहिदहरूको योगदानको कदर गर्न, १९.घरमा निर्मित पोषणयुक्त खानाको फाइदा बताउन र उपयोग गर्न २०.विपदबाट सुरक्षित हुने उपायहरू अबलम्बन गर्न २१.सुरक्षित बासस्थान र सुरक्षित विद्यालयबाट हुने फाइदाहरू बताउन ।	१४.सिन्धुलीगढीका महत्व बताउन र यसका संरक्षणका उपायहरू सुझाउन १५.स्थानीय सम्पदा संरक्षण र विवेकशील प्रयोगमा अग्रसर हुन १६.स्थानीय विशिष्ट व्यक्तित्वको योगदान बताउन १७.सहिदको योगदानको कदर गर्न १८. जङ्कफुड र स्थानीय पोषणयुक्त खानाको फाइदा र बेफाइदाको तुलना गर्न, १९.स्थानीय पोषणयुक्त परिकार बनाउने तरिकाहरू जान्न २०. फोहोरमैलाको सहि किसिमले व्यवस्थापन गर्ने तरिकाहरू अपनाउन २१सुरक्षित आवास एवम् विद्यालयको आवश्यकता र महत्व बताउन

७. कक्षागत सिकाइ उपलब्धि

कमलामाईको पहिचान (स्थानीय विषय) को कक्षागत सिकाइ उपलब्धि

कक्षा (६-८)

कक्षा ६	कक्षा ७	कक्षा ८
१. कमलामाइका भौगोलिक स्वरुप र विशेषता बताउन २ कमलामाई नगरपालिकाले स्वच्छ वातावरण निर्माणका लागि गरेका अभ्यासहरूको परिचय दिन, ३. स्वच्छ वातवरणका सकारात्मक पक्षहरूलाई आत्मसात् गर्न, ४ सामुहिक क्रियाकलाप एवम् मेलमिलापको संस्कृति विकास गर्न	१. कमलामाइका भौगोलिक सरचना र प्राकृतिक वातावरण पहिचान गर्न २. वातवारण संरक्षणका रैथाने प्रचलनलाई प्रयोग गर्न तथा वातावरण संरक्षणका आधुनिक गतिविधिहरूलाई मानव हितमा उपयोग गर्न, ३. कमलामाई नगरपालिकामा वातावरण संरक्षणमा क्रियाशील समूह तथा संस्थाको भुमिका पहिचान गर्न, ४. सहयोग, सद्भाव एवम् सहिष्णुताको जगमा कमलामाई नगरपालिकामा अभ्यासमा रहेका असल परम्पराहरूको संरक्षण गर्न, ,	१. सिन्धुली जिल्लाका भौगोलिक तथा प्राकृतिक अवस्थासग परिचित हुन (जमिन, जल, जंगल) २. सिन्धुली जिल्लाको वातवारणीय अवस्थासंग परिचित हुन, ३. वातावरणीय सन्तुलन कायम राख्ने उपायहरू अवलम्बन गर्न, ४. सन्तुलित एवम् दिगो विकासका लागि ध्यानदिनुपर्ने पक्षहरूको पहिचान र उपयोग गर्न, ५ सकारात्मक सोच, उत्तरदायित्व वहन तथा समुन्नत समाज निर्माणमा भुमिका खेल्न,
५.कमलामाइ नगरपालिकामा प्रचलनमा रहेका रैथाने पेसा, व्यावसायको पहिचान गर्न, ६.कमलामाई नगरपालिकाभित्रको कृषि, पशुपालन तथा तरकारीखेतीको अवस्था विश्लेषण गर्न, ७. स्थानीय व्यावसाय, सिप एवम् प्रविधि संरक्षणमा योगदान दिन, ८ जराबुटा कला, कलाघर लगायतका कलाहरूप्रति परिचित हुन	५.कमलामाइ नगरपालिकामा प्रचलनमा रहेका रैथाने पेसा व्यावसायको परिचय दिन ६ कमलामाई नगरपालिकामा सञ्चालित विभिन्न कृषि तथा गैरकृषि व्यावसाय र आयआर्जन कार्यक्रमसंग परिचित हुन, ७. स्थानीय व्यावसाय, सिप एवम् प्रविधिको संरक्षण गर्दै कृषि तथा गैरकृषि व्यावसायमा प्रयोग हुने परम्परागत र आधुनिक प्रविधिहरू प्रति परिचित हुन, ८ जराबुटा कला, कलाघरका गतिविधिहरूको प्रचार, प्रसार र संरक्षण गर्न,	६. सिन्धुली जिल्लामा उपयोग गरिएका विभिन्न पेसाको आवश्यकता, महत्व र सान्दर्भिकता पहिचान गरी उपयुक्त पेसा अवलम्बन गर्न, ७ जुनार खेती, भुइकटर खेती तथा अन्य स्थानीय कृषि तथा गैरकृषि व्यावसायको परिचय र महत्व बुझ्न, ८.स्थानीय व्यावसाय, सिप एवम् प्रविधिको संरक्षणमा भएका प्रयासहरूसंग परिचित भई पेसा व्यावसाय सम्बर्धनमा आधुनिक प्रविधिको उपयोग गर्न, ९.कमलामाई नगरपालिकामा अवस्थित जराबुटा कला संग्रालय तथा कलाघरको कला सम्बन्धी गतिविधिहरूको प्रचार, प्रसार र संरक्षण गर्दै पर्यटकीय स्थलको रुपमा विकास गर्न
९.ऐतहासिक सिन्धुली गढीका गौरवगाथा आत्मसात गर्न, १०. कमलामाई नगरपालिकामा रहेका सम्पदाको पहिचान र संरक्षण गर्न,	९ ऐतहासिक सिन्धुली गढीका विकास र प्रचारप्रसारमा कमलामाइ नगरपालिका र अन्य संघसंस्थाले गरेको योगदान आत्मसात् गर्न, १०. पर्यटकीय गन्तव्यको पहिचान र तथा विकास र प्रचारप्रसार गर्न,	१०. ऐतहासिक सिन्धुली गढीका महत्व र यसले राष्ट्रिय एकतामा पारेको प्रभावको विश्लेषण गर्न, ११. सिन्धुली जिल्लामा रहेका प्रमुख ऐतिहासिक, सांस्कृतिक,

		धार्मिक तथा पर्यटकीय सम्पदाका परिचय दिन,
११. कमलामाइ नगरपालिका अन्तगतका जातजाति, भाषाभाषी तिनका संस्कार एवम् चाडपर्वहरूसंग परिचित हुन,	११. कमलमाइ नगरपालिकाभित्रका प्रमुख जातजातिका जातिगत पहिचान र उनीहरूको मौलिकताको संरक्षण गर्न,	१२ सिन्धुली जिल्लाका प्रमुख जातजाति तथा उनीहरूका भाषा र चाडपर्वहरूको सामान्य परिचय दिन,
१२. स्थानीय तथा प्रदेशका सामान्य राजनीतिक सरचनाबारे परिचित हुन १३. कमलामाई नगरपालिकाका विशिष्ट व्यक्तित्वहरूको सामान्य परिचय दिन, १४, विशिष्ट व्यक्तित्व तथा सहिदको सम्मान गर्न,	१२. स्थानीय सरचना अन्तगत स्थानीय तह, प्रदेश र सघका (सिन्धुली जिल्लाको) निर्वाचन क्षेत्र र विकास सम्बन्धी जानकारी दिन, १३ सिन्धुली जिल्लाको प्रमुख विशिष्ट व्यक्तित्व एवम् सहिदहरूको सामान्य परिचय दिन र उनीहरूको मूल्यांकन गर्न,	१३ सिन्धुली जिल्लाका साक्षप्त चिनारी दिन र यहाका विशिष्टता पहिचान गरी प्रचार प्रसार गर्न । १४ सिन्धुली जिल्लाका विशिष्ट व्यक्तित्व तथा सहिदहरूको योगदान खोजी गर्न
१५. स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खानकुरका पहिचान, निर्माण र प्रयोग गर्न, १६. उचित खानपिन तथा सरसफाइका मापदण्डको प्रयोग गर्न, १७. स्थानीय (रैथाने) उपचार तथा स्वास्थ्य लाभका लागि गरिने अभ्यासहरूको परिचय दिन,	१४. पोषण, खानपिन तथा सरसफाइका स्थानीय अभ्यासहरूका सरक्षण गर्दै पोषणयुक्त खानाको उपयोग गर्न, १५.जंकफुड (पत्रुखाना) का नकारात्मक पक्षहरूप्रति सजग हुन १६. रैथाने उपचारका विधि तथा प्रक्रियाहरू प्रयोग गरी स्वास्थ्य लाभ लिन,	१५. स्थानीय स्तरमा पोषणयुक्त खाना तथा पेय पदार्थ निर्माण गर्न र उपयोग गरी लाभ लिन, १६. पोषणयुक्त घरेलु परिकार निर्माण गर्न, १७. रैथाने उपचार तथा रैथाने औषधीमूलोका पहिचान र प्रयोग गर्न,
१८. विपद व्यवस्थापन गन र सुरक्षित विद्यालयका अवधारणा बुझ्न	१७. विपदका कारण र असर पहिचान गरी व्यवस्थापनका उपयुक्त पद्धति अलम्बन गर्न	१८. सुरक्षित वासस्थान पहिचान गन तथा विपद व्यवस्थापनमा सहयोग गर्न

८. विषय क्षेत्र निर्धारण

कक्षा १-५ का लागि विषय क्षेत्र

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• आफ्नो वरपरको भौगोलिक परिवेश (अग्लो, होचो, समतल) पहिचान • आफ्ना वरपरका वनस्पति, जीवजन्तुको नाम । • आफ्नो घर र विद्यालय वरपरका स्थानीय नदी, खोला, पोखरी,	• आफ्नो वडाको स्थानीय नदी, खोला, पोखरी, बनजंगल, जमिन, भौगोलिक परिवेश(कान्ला, भिर, मैदान, पहाड) नाम र पहिचान • आफ्ना वडाको वातावरण बुझ्न तथा बनस्पति र	• स्वच्छ वातावरणको परिचय दिन र फाइदा पहिचान • स्थानीय (वडागत) नदी, खोला, पोखरी, बनजंगल, जमिन, कान्ला, भिर, मैदानको पहिचान गर्न, प्राकृतिक सम्पदाको महत्व • शिक्षक तथा बाबुआमा र आफुभन्दा	• स्थानीय वातावरण संरक्षणका उपायहरू अवलम्बन, घरपालुवा तथा स्थानीय जंगली जनावरहरू पहिचान, • स्थानीय वनस्पति तथा बोटविरुवाहरूको पहिचान र महत्व • कमलामाईका प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजंगलको नाम र	• प्राकृतिक र मानवनिर्मित वातावरणको परिचय • कमलामाईको सामान्य परिचय दिन • कमलामाईको प्राकृतिक स्वरुप, जल, जमीन, जंगल, पहाड, बेसी, फाँटको परिचय, • पोखरी, ताल तथा पानीको मुहान संरक्षणका उपायहरू • स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण,

	बनजगल, जमिनको नाम ● साथीसमूहसँग .घुलमिल, शिक्षक, बुवाआमा र आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन, .अपाङ्गता भएकाहरूलाई र अशक्तहरूसँग सहयोग आदानप्रदान ।	जीवजन्तु (घरपालुवा र जगली) चिन्न, ● आफ्ना साथीसमूहसँग सहयोग आदान प्रदान , कक्षाकोठामा ● अपांगता भएकाहरूको पहिचान र सरसहयोग, मेलमिलाप र गुरु/ परिवारका अग्रजहरूको सम्मान, ● सानालाई माया र सहयोग	ठूलाले भनेका काय ● असहायहरूलाई सहयोग ● अपांगता भएकाहरू, दुःखी, बृद्ध-बृद्धा, अशक्तहरूलाई सम्मान र सहयोग, ● अपांगतामैत्री ● घर र विद्यालयमा समाजमा स्थापित असल संस्कारहरू जस्तै मेलमिलाप, सरसहयोग, सरसापट, सहयोग र सद्भाव	सरक्षण ● कमलामाईको भौगोलिक बनावट, जमिनको अवस्थिति, प्रमुख भौगोलिक परिचय र विशेषता, ● .अग्रज तथा मान्यजन र अशसक्तहरूलाई सरसहयोग, सम्मान, सम्बोधन र असल आचरण प्रदर्शन गर्न, सहयोग आदानप्रदान ● विद्यालयको नियमको पालना ● घरयासी कामकाजमा सहयोग र सहकार्य ● अपांगता भएकाहरूलाई सहयोग ।	मूल्यमान्यता र सभ्यताको पहिचान र ग्रहण ● अग्रजको सम्मान ● सानालाई माया गर्न तथा सत्य बोल्ने बानीको विकास ● अपांगता भएकाहरूसँग सहकार्य तथा समाज स्वीकृत व्यवहारको ग्रहण ● विद्यालय, घर तथा समाजको स्थापित नियमको पालना
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	● आफ्नो घर वरपरको स्थानीय प्रमुख पेसा र बालीहरूको नाम, स्थानीय फलफुलको नाम, स्थानीय तरकारीको नाम, घरेलु पशुपन्छीको नाम, स ● घर र आफ्ना वरपर छिमेकीहरूले प्रयोग गर्ने प्रविधिहरू ढिकी, जातो, कोल, घट्ट, आरन, हलो, मोही पार्ने प्रविधि, माछा मार्ने जाल आदिको नाम ।	● आफ्नो वडाको स्थानीय प्रमुख पेसा, व्यावसायको नाम र काम बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिको नाम र पहिचान, ● आफ्नो वरपर र वडामा भए गरेकामाटो, बाँस, पराल, खर, काँस तथा काठबाट स्थानीय तहमा निर्मित रैथाने सामग्रीहरू नाम र काम ।	● स्थानीय प्रमुख बालि, फलफुल तरकारी, पशुपन्छी र जडिबुटि नाम, पहिचान, आवश्यकता र महत्व । ● स्थानीय स्रोतबाट स्थानीय प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्न सकिने सामाग्रीहरूको संक्षिप्त परिचय । ● यस्ता सामग्रीहरूको आवश्यकता र महत्व । ● रैथाने प्रविधिहरूको पहिचान र संरक्षण, रैथाने प्रविधिहरूको प्रचार प्रसार ।	● कमलामाईको स्थानीय प्रमुख बालि, फलफुल तरकारी र जडिबुटि पहिचान गर्न र त्यसको उपयोग , उत्पादन गर्ने तरिका अपनाउन, ● पशुपन्छी पालन तथा जडिबुटि उत्पादनबाट हुने फाइदा, बनजंगलको परिचय र महत्व । ● कृषि पेसाको लागि आवश्यक सामग्रीहरूको पहिचान र उपयोग । ● पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरू । ● स्थानीय प्रविधिको प्रयोग गरी बस्तुको उत्पादन, डोको, नाम्लो, पिरा, ढाकि, मान्द्रो, डालो, फुर्लुङ, फ्याँकिएका प्लाष्टिक, चाउचाउ, विस्कुट, चक्लेटको खोलबाट घरेलु सामग्रीहरूको प्रयोग र उपयोग ।	● स्थानीय अन्नबाली, फलफुल, तरकारी खेति गर्ने तरिका, त्यसमा लाग्ने प्रमुख रोगहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिका । ● जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन । ● अन्नबाली, फलफुल तरकारी उत्पादन गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, ● पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, उपचार गर्ने सिप र उत्पादन गरी जीविकोपार्जनमा सहजता बनाउने सिप, ● प्राकृतिक संरक्षणका लागि बृक्षारोपण, सालको पात, भोर्लाको पात केराको पात वा अन्य बनस्पतिको पातबाट दुना, टपरी, बोहोती आदि सामग्री निर्माणको सीप । ● माटो, ढुंगा, बाँस, काठ, खर, पात, काँस, प्लाष्टिक वा स्थानीय स्तरमा उपलब्ध विभिन्न स्रोत सामग्रीबाट विभिन्न उपयोगी तथा सजावटका सामग्रीहरूको निर्माण र प्रयोग ।

विषय क्षेत्र	कक्षा १	कक्षा २	कक्षा ३	कक्षा ४	कक्षा ५
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• सिन्धुलीगढीको नाम र अवस्थिति, आफ्ना घर र विद्यालय वरपर रहेका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय सम्पदाको नाम र स्थान,	• सिन्धुलीगढीको सामान्य परिचय र महत्व, • आआफ्नो वडाभित्र अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको नाम र यसको महत्व, • वडाभित्रका मठमन्दिर, गुम्बा, मस्जिद, चर्च तथा अन्य सम्पदाहरूको नाम र स्थान ।	• सिन्धुलीगढीको परिचय, पर्यटकीय महत्व, • आफ्नो वडा र वरपरका पर्यटकीय स्थलको पहिचान, • ऐतिहासिक धार्मिक, एवम् सांस्कृतिक सम्पदाको नाम र स्थान • वडाभित्रको सम्भावित पर्यटन स्थलहरूको सामान्य परिचय • सम्पदाहरूको संरक्षणका उपायहरू ।	• सिन्धुलीगढीको सामान्य परिचय • सिन्धुलीगढीको ऐतिहासिक एवम् पर्यटकीय महत्व • कमलामाईमा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, एतिहासिक, प्राकृतिक तथा भौगोलिक सम्पदाहरूको सामान्य परिचय । • कमलामाई भित्रका पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार ।	• सिन्धुली गढीको संरक्षण र विकास भएका मुख्य कामहरू • कमलामाईमा अवस्थित सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू । • स्थानीय पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरू । • प्रमुख मठमन्दिरहरू, गुम्बा, चर्च लगायतका सांस्कृतिक सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• आफ्नो वरपरका जातजाति र भाषाभाषिको नाम, • आफ्ना छिमेक र कक्षामा रहेका प्रमुख जातिहरू • वरपर बोलिने प्रमुख भाषाहरूका नाम र मुख्य शब्दावली, • आफ्नो वरपर मनाइने मूख्य चाडपर्वको नाम	• आफ्नो वडा र आफ्ना वरपरका र विद्यालयमा पढ्ने साथीहरू जाताजातिहरू, • वडामा बोलिने भाषाहरूको बारेमा सामान्य जानकारी । • आफ्नो वडामा नपामा मनाइने प्रमुख चाडपर्वहरू, जात्रा, मेलाको नाम र गरिने मुख्य क्रियाकलाप ।	• कनपाका प्रमुख जातजातिहरू, भाषा भाषिहरू • प्रमुख जातिगत चाडपर्वहरूको परिचय र पहिचान, • पालिकाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू । • स्थानीय चाडपर्वमा प्रयोग गरिने परिकारको नाम	• कमलामाई भित्रका जातजातिहरूको परिचय र पहिचान, लवाइ, खुवाइ, जातिगत विशेषता, उनीहरूले बोल्ने भाषा, जातिगतरुपमा स्थापित प्रमुख चाडपर्वहरू, ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरू, चाडपर्वहरूको विशेषता, • जातिगत संस्कार, सभ्यता र प्रमुख चालचलनहरू । • जातिगत गीत, सँगीत, बाजा ।	• कमलामाईका विभिन्न जातजातिहरू, जनजाति, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा पिछडिएको बर्गको विवरण • कमलामाईको जातिगत चालचलन र धर्म, संस्कारको परिचय, महत्व र संरक्षणका उपायहरू, • कमलामाईको जातिगत भाषा, संस्कृतिको परिचय र संरक्षणका उपायहरू । • कमलामाईको जातिगत चाडपर्व, बाजा, गीत, मेलापर्व, जात्राको जानकारी लिई महत्त्व बताउन ।
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• आफ्नो स्थानीय तहको नाम र वडा नम्बर, आफ्नो वरपर पाइने स्रोत साधनको नाम । • स्थानीय अग्रज तथा प्रमुख विशिष्ट व्यक्तित्वहरूको नाम	• आफ्नो स्थानीय तह र वडाको नाम र स्थानीय तह(कनपा)को प्रमुख, उपप्रमुख र आफ्नो वडा अध्यक्षको नाम, • आफ्नो वरपर उपलब्ध प्रमुख स्रोतहरूको पहिचान ।	• कमलामाईको १४ वटा वडाको वडागत विवरण • नपाले गर्ने प्रमुख कार्यहरू, कमलामाई नपाको प्रमुख स्रोतहरूको उपयोग, • स्थानीय अग्रज तथा विशिष्ट व्यक्तित्वहरूको सामान्य परिचय,	• कमलामाई नगरपालिकाको संरचना र यहाँका स्थानीय संघ/संस्थाहरू (विद्यालय, क्याम्पस, रेडक्रस) • स्थानीय विशिष्ट व्यक्तित्वहरूको समाज विकासमा योगदान • सहिदप्रतिको सम्मान र उहाँहरूको	• स्थानीय प्रशासनिक तथा शैक्षिक संरचना (नगरपालिकाको संरचना, जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय इकाइ) • स्थानीय संघ/संस्था (प्लान इन्टरनेश्नल नेपाल, ह्याण्डस नेपाल) ले गरेका प्रमुख कार्यहरू • स्थानीय विशिष्ट व्यक्तित्वहरूको चिनारी र

		• आफ्नो वडाका स्थानीय प्रमुख विशिष्ट व्यक्तित्त्वहरूको परिचय र योगदान ।	• सामाजिक तथा राजनीतिक परिवर्तनमा आफ्नो जीवन उत्सर्ग गर्ने स्थानीय तहका सहिदहरूको परिचय	असल कार्यको स्मरण	परिचय । • प्रमुख सहिदहरूको विवरण र उनीहरूले गरेका असल कार्यहरूको महत्व
६. पोषण, खानपिन तथा सरसफाइ	• घरमा निर्मित खाना र खाजाको नाम । • जंकफुडको नाम र असर • व्यक्तिगत सरसफाइ ।	• घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफुल र तरकारीबाट घरमानै निर्मित खाना, खाजा र त्यसको उपयोग । • जंकफुड नियन्त्रण गर्ने उपायहरू • व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ ।	• जङ्कफुडको परिचय र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव, • स्थानीयरुपमा निर्मित खाना, खाजा, पेय पदार्थ र यसको फाइदा । • आफू, आफ्नो घर र वरपरको सरसफाइ, विद्यालय, भान्सा र शौचालयको सरसफाइ ।	• बजारमा उपलब्ध विभिन्न जङ्कफुडको प्रयोगले हुने शारिरीक र मानसिक असर । • स्थानीय अन्नवाली, फलफुल, तरकारी तथा दुग्ध/दुधजन्य पदार्थबाट, खाजा, खाना र पेय पदार्थ निर्माण गर्ने तरिका, त्यसको फाइदा र महत्त्व । • घर र विद्यालयको फोहोरमैला व्यवस्थापन ।	• जङ्कफुड परिचय र यसको असर । • घरमा निर्मित स्वस्थ खाना, खाजा र पेय पदार्थको फाइदा, महत्व र यसको सकारात्मक पक्ष । • स्थानीय स्तरमा घरेलु सामग्रीबाट दिवा खाजा बनाउने तरिका, त्यसको उपयोग र फाइदा । • भान्सा, घर, विद्यालबाट निष्काशित फोहोर मैलाको व्यवस्थापन र प्रांगारिक मल निर्माण । • वातावरणीय सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन ।
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• घर तथा विद्यालय वरपर घट्ने विपदहरूनाम । • सुरक्षित हुने उपायहरू अबलम्बन गर्न,	• आफु वसेको क्षेत्रमा हुने विपदहरू घट्न सक्ने समयको आँकलन । • सुरक्षित हुने उपायहरूको खोजी	• आफु वसेको क्षेत्रमा हुने विपदका कारण र यसवाट हुने धनजनको क्षतिबारे परिचित, • सुरक्षित रहने उपायहरूको अवलम्बन ।	• विपदहरू (झाडा पखाला, बाढिपहिरो) को कारण , असर र यसबाट बच्ने उपायहरू, सुरक्षित रहने उपायहरूको अवलम्बन । • सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्व । • सुरक्षित विद्यालयका फाइदाहरू । • सुरक्षित विद्यालयको परिचय ।	• प्राकृतिक विपदहरूः भुकम्प, आधिहुरी, आगलागि, चट्याङ आदि विपत न्यूनीकरणका उपायहरू जान्न र यसबाट बच्ने उपायहरू । • विपद व्यवस्थापन न्यूनिकरण गर्ने उपायहरूको अवलम्बन । • सुरक्षित विद्यालयको आवश्यकता र महत्व । • विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू र सुरक्षित बनाउने तरिका । • विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि ।

९. विषयक्षेत्र निर्धारण

कक्षा (६-८)

विषय क्षेत्र	कक्षा ६	कक्षा ७	कक्षा ८
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	● कमलामाईको भौगोलिक स्वरुप र विशेषता ● स्वच्छ वातावरण निर्माणका स्थानीय अभ्यासहरू ● स्वच्छ वातावरणको सकारात्मक प्रभावहरू ● सामुहिकता तथा मेलमिलापको संस्कृति ● अपांगतामैत्री तथा समावेशी व्यवहार ● लैंगिकमैत्री तथा सकारात्मक विभेद	● कमलामाईको भौगोलिक र प्राकृतिक वस्तुस्थिति ● वातावरण संरक्षणका रैथाने र आधुनिक अभ्यासहरू ● वातावरण संरक्षणमा क्रियाशील स्थानीय संघ/संस्था तथा टोल सुधार समूहहरू ● वातावरण संरक्षणमा कमलामाई नगरपालिकाले गरेका कार्यहरू ● .स्थानीय असल अभ्यासहरूको अनुसरण ● विभेद, विकृति र कुरीति विरुद्धको आवाज	● सिन्धुली जिल्लाको भौगोलिक तथा प्राकृतिक (जल,जमिन, जंगल) अवस्था ● सिन्धुली जिल्लाको वातावरणीय अवस्था ● पर्यावरणीय सन्तुलनमा हाम्रो भूमिका ● वातवारण संरक्षणका लागि बृक्षारोपण, ● वातावरण संरक्षण र सकारात्मक विकास ● सामाजिक नियम र नैतिक नियमको पालना ● सकारत्मक चिन्तनका लागि योग, ध्यान र उपासना,
२. स्थानीय पेसा, व्यावसाय, सीप र प्रविधि	● कृषि तथा गैरकृषि व्यावसायको प्रवर्द्धन र उद्यमशीलता ● रैथाने पेसा, व्यावसायको परिचय र महत्व ● रैथाने प्रविधिहरूको पहिचान र संरक्षण ● जराबुटा कला र कलाघरको परिचय	● एक व्यक्ति एक उद्यमको लागि उपयुक्त पेसा व्यावसायको छनौट र कार्यान्वयन ● रैथाने पेसा व्यावसायको प्रबर्द्धन र विकास ● रैथाने प्रविधिहरूको विकास र संरक्षणमा भएका प्रयासहरू ● जराबुटा कला तथा कलाघरको महत्व र पर्यटन प्रवर्धन ● रैथाने प्रविधि र उत्पादन संरक्षण र विकास	● कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योग ● रैथाने पेसा व्यावसायको विकास र आधुनिकीकरण ● जुनार, भुइकटर तथा अन्य फलफूल र पशुपालन ● स्थानीय उद्यम विकास, विस्तार र प्रचार प्रसार ● जराबुटा कला तथा कलाघरको संरक्षण, विकास, र प्रचारप्रसार ● रैथाने प्रविधिको उपयोग
३. हाम्रो सम्पदा	● हाम्रो गौरव: सिन्धुली गढी ● कमलामाई नगरपालिकाभित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक र पर्यटकीय सम्पदाहरूको परिचय	● सिन्धुली गढीको इतिहास र हाम्रा पुर्खाहरूको योगदान ● सिन्धुली गढी संरक्षण र विकासमा भएका प्रयासहरू ● सिन्धुली जिल्लाको प्रमुख सम्पदाहरूको परिचय	● सिन्धुली गढीको बदलिदो संरचना र स्वरुप ● सिन्धुली जिल्लाका प्रमुख सम्पदाहरू र पर्यटकीय सम्पदाहरू ● सम्पदा विकास र संरक्षणमा गरिएका कार्यहरू
४.जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	● कमलामाईमा वसोवास गर्ने जातजाति र उनीहरूको संस्कार एवम् संस्कृति ● जातिगत भाषा तथा चाडपर्व	● जातजातिका मुख्य संस्कार र संस्कृतिको परिचय (तमांग, मगर, सुनुवार, दनुवार, माझी हायू, थामी) ● जातिगत भाषा र पहिरन	● सिन्धुली जिल्लाको जातिगत चिनारी ● भाषा, संस्कार र संस्कृति ● स्थानीय चाडपर्वहरू, जातिगत मूल्यमान्यता

	● स्थानीय मेला, पर्व, जात्रा	● स्थानीय लोपोन्मुख तथा सीमान्तकृत जातिगत विशेषता ● जातिगत पहिरन	● प्रमुख जात्रा, मेला र तिनका विशेषताहरू ● लोपोन्मुख, सीमान्तकृत तथा विविध जातजातिको सामान्य परिचय
५.स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	● कमलामाई नगरपालिकाको संरचना ● कमलामाई नगरपालिकाभित्रका प्रमुख प्राकृतिक स्रोत साधनहरूको परिचय ● कमलामाईका विशिष्ट व्यक्तित्व तथा सहिदहरूको परिचय	● स्थानीय तथा प्रादेशिक संरचनाको सिन्धुली जिल्लागत परिचय ● स्थानीय स्रोत साधनको संरक्षण र सम्वर्धन ● प्राकृतिका स्रोत साधन दोहन नियन्त्रण ● स्थानीय विशिष्ट व्यक्तित्व तथा सहिदहरूको योगदान	● प्रादेशिक र संघीय संरचना सिन्धुली जिल्लागत (निर्वाचन क्षेत्रगत) जानकारी ● प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोग र संरक्षण ● सिन्धुली जिल्लाका प्रमुख सहिद तथा विशिष्ट व्यक्तित्वको चिनारी र योगदान
६.पाषण, खानापन तथा सरसफाइ	● जंकफुड (पत्रुखाना) को नकारात्मक प्रभाव ● स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाना ● रैथाने उपचार पद्धतिको परिचय ● स्वस्थ जीवनका लागि सरसफाइ	● जंकफुड र पोषणयुक्त खानाको पहिचान ● घरेलु परिकार (विभिन्न खाने कुरा तथा पेय पदार्थ) को परिचय र निर्माण विधि ● रैथाने उपचारका विधि तथा पद्धतिहरू ● घर तथा विद्यालयको सरसफाइ	● जंकफुड नियन्त्रणका उपायहरू ● रैथाने खाद्य परिकार निर्माण र प्रयोग ● रैथाने उपचारपद्धतिका सकारात्मक पक्षहरू ● हरित वातवारण र सरसफाइका रैथाने प्रचलनको परिचय
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	● स्थानीय स्तरमा आइपर्ने विपदहरू ● सुरक्षित वसोवास र सुरक्षित आवास ● सुरक्षित विद्यालयको परिचय	● विपद व्यवस्थापनका उपायहरू ● जीवन सुरक्षाका लागि अपनाउनुपर्ने सुरक्षात्मक प्रावधान ● घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापन	● विपद न्युनिकरण र व्यवस्थापन ● विपद व्यवस्थापनका रैथाने अभ्यासहरू ● सुरक्षित घर तथा विद्यालय मापदण्ड

८. विषय क्षेत्र विस्तृतिकरण

यहाँ कक्षागतरुपमा विषयवस्तुको विस्तृतिकरण तालिका प्रस्तुत गरिएको छ । जसअन्तर्गत विषय क्षेत्र, सिकाइ उपलब्धि, सम्भावित सिकाइ सहजीकरण प्रक्रिया, सम्भावित मूल्याङ्कन प्रक्रिया र अनुमानित कार्यघण्टा समावेश गरिएको छ ।

कक्षा १

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• आफ्ना घर र विद्यालय वरपरका वनस्पति, जीवजन्तुको नाम । भौगोलिक परिवेश (अग्लो, होचो, गहिरोको) पहिचान । • स्थानीय (आफ्ना वरपरका) नदी, खोला, पोखरी, बनजंगल, जमिनको नाम ।	• आफ्ना वरपरका बनस्पति तथा जीवजन्तु देखाएर बनस्पति र जीवजन्तुको नाम बताउन लगाउने, अग्लो, होचो, गहिरो क्षेत्र वा चित्र तथा तश्वीरको प्रयोग गरेर पनि यो काम गर्न सकिन्छ । बास्तविक रुपमा बनजंगल, जमीनको अवस्थाको पहिचान गर्न सक्षम बनाउन सकिन्छ । यसमा पनि चित्र, तश्वीर, चार्टको प्रयोग गर्न सकिन्छ । (कक्षा १ को एकीकृत पाठ्यक्रमसंग यी विषयवस्तुहरूलाई एकीकरण गर्ने तथा STEAM Pedagogy मार्फत वनस्पति, जीवजन्तु भौगोलिक अवस्थिति, खोला, नदी, पोखरी जमीन, जंगललाई समग्रमा बुझ्ने र बुझाउने तरिका अपनाउने ।	• आफ्ना वरपरका बनस्पति तथा जीवनजन्तुको नाम सोध्ने । प्रश्नोत्तर र छलफल गर्ने । • आफ्ना वरपरका बनजंगल, खोला, नदी, पोखरी, जमीनसँग साक्षात्कार गर्दै यसबारे प्रश्नोत्तर गर्ने । नाम भन्न लगउने । • बहुबैकल्पिक प्रश्न, सत्य/असत्य प्रश्नको जबाफ माग्ने । बास्तविक बस्तु, चित्र, भिडियो आदि देखाएर प्रश्नोत्तर गर्ने ।	१३
	• मूल्यमान्यता • सकारात्मक व्यवहार	• साथीसमूहसँग .घुलमिल, शिक्षक, बुवाआमा र आफूभन्दा ठूलालाई सम्मान र सम्बोधन, . • नाता लगाएर बोल्न र बोलाउन • सानालाई माया र सहयोग ।	• साथीभाइसंग घुलमिल हुन शिक्षक स्वयम् विद्यार्थीसंग घुलमिल हुने, उनीहरूलाई नाताअनुसार सम्बोधन गर्न लगाउने, कक्षा १ को एकीकृत पाठ्यक्रम अनुसार हाम्रो सेरोफेरो विषयसंग यी कुराहरू एकीकृत गरी सिकाउने, STEAM Pedagogy मार्फत विषयवस्तुहरूलाई समग्ररुपमा बुझाउने, चित्र तथा तश्वीरको प्रयोग गरेर पनि यो काम गर्न सकिन्छ । बास्तविक रुपमा बनजंगल, जमीनको अवस्थाको पहिचान गर्न सक्षम बनाउन सकिन्छ । यसमा पनि चित्र, तश्वीर, चार्टको प्रयोग गर्न सकिन्छ । • सम्मान र सम्बोधन तथा अपांगता र अशक्तहरूसँग सहयोग	• साथीसमूहसँग गरेका व्यवहारहरूको अवलोकन गर्ने । • सम्मान, सम्बोधन र गफगाफमा सिकारुले प्रयोग गरेका भाषा तथा सम्बोधनको आधारमा मूल्याङ्कन गर्ने । • व्यवहार अवलोकन गर्ने र अपेक्षित व्यवहार प्राप्त भए/नभएको एकिन गरी मूल्याङ्कन गर्ने ।	१२

			आदानप्रदान गर्न बालबालिकाहरूलाई साही अनुरुपका क्रियाकलाप गराउन अभिनय, भूमिका निर्वाह, नाटकीकरण विधिको अवलम्बन गर्दै क्रियाकलापमा सहभागी गराउन सकिन्छ । भिडियो प्रदर्शन तथा कथाकथन विधि मार्फत पनि यस्ता गुणहरू सिकाउन सकिन्छ ।		
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, व्यावसाय	• आफ्नो परिवार र छिमेकका पेसा र उत्पादित बालीहरूको नाम, स्थानीय फलफुलको नाम स्थानीय तरकारीको नाम, घरेलु पशुपन्छीको नाम,	• स्थानीय प्रमुख पेसा एवम् व्यावसाय लेखिएका चार्ट, (STEAM Pedagogy द्वारा Science, Technology, Engineering, Art, Math, विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) लाई साझा धारणाको रुपमा सिकाउने • तालिकाको प्रयोग गरेर, सिकारुका परिवारका सदस्यहरू के कस्ता पेसा व्यावसायमा लागेका छन् भन्ने बारेमा प्रश्नोत्तर गरेर पनि सिकाउन सकिन्छ । स्थानीय स्तरमा पाइने फलफुल, तरकारी, घरेलु पशुपन्छीहरू प्रत्यक्ष देखाएर, सिकारुको अनुभव र बुझाइ भन्न लगाएर, चित्र, तश्वीर, भिडियो देखाएर पनि स्पष्ट पार्न सकिन्छ ।	• आफ्नो घरका अभिभावकले गर्ने पेसा तथा छिमेकीहरूको पेसाबारे प्रश्नोत्तर गर्ने । • आफ्नो घर वा वरपर भएका अन्न बाली फलफुल देखाएर नाम भन्न लगाउने । • आफ्ना घरमा र वरपर के कस्ता घरेलु पशुपन्छी छन् भनेर बास्तविक पशुपन्छी वा चित्र, भिडियो देखाएर नाम भन्न लगाउने ।	१४
	• स्थानीय सीप र प्रविधि	• स्थानीय प्रविधिहरू ढिकी, जातो, कोल, घट्ट, आरन, हलो, मोही पार्ने प्रविधि, माछा मार्ने जाल आदि (STEAM Education) को पहिचान	• स्थानीय प्रविधिबारे सुसूचित गराउन स्थानीय तहमा उपलब्ध हुने प्रविधिहरूको बारेमा बास्तविक बस्तु देखाएर, चित्र तथा श्रब्य-दृश्य सामग्री, फिलिम फुटेज देखाएर या वरपर र आफ्नो गाउँघरमा प्रयोग भइरहेका स्थानीय प्रविधिहरू देखाएर पनि पहिचान गर्न सिकारुलाई सक्षम बनाउन सकिन्छ । यसको लागि एकीकृत तथा STEAM शिक्षण योजनालाई पनि उपयोगमा ल्याउन सकिन्छ ।	• आफ्ना घर वा वरपर प्रयोगमा आइरहेका स्थानीय प्रविधिहरू प्रत्यक्ष देखाएर या चित्र प्रस्तुत गरेर तिनीहरूको नाम भन्न लगाउने । • विभिन्न स्थानीय प्रविधिहरू देखाएर यी कुन कुन स्थानीय प्रविधि हुन भनेर प्रश्नोत्तर गर्ने । • छलफल गर्ने ।	१६

३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• सिन्धुलीगढीको नाम र अवस्थिति, • आफ्नो घर र विद्यालय वरपर रहेका ऐतिहासिक, धार्मिक, तथा पर्यटकीय सम्पदाको नाम र स्थान,	• सिन्धुली गढीको तश्वीर देखाएर या सो स्थानमा सिकारुलाई लगेर, भिडियो या तश्वीर देखाएर, छलफल र प्रश्नोत्तर गरेर सिन्धुलीगढीको नाम र अवस्थितिको धारणा दिन सकिन्छ । • कमलामाई नगरपालिका अन्तर्गत सिकारुको वरपर रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय सम्पदाहरूको नाम र स्थान लेखीएका चार्ट, मेटाकार्ड STEAM कार्ड या चित्र तथा तस्वीर देखाएर सम्पदाको नाम र स्थानबारे सिकारुलाई प्रस्ट्याउन सकिन्छ । • प्रश्नोत्तर एवम् सिकारुको अनुभव साटासाट गरेर पनि स्थानीय सम्पदाको नाम र अवस्थित स्थानबारे जानकारी दिलाउन सकिन्छ ।	• सिन्धुली गढीको तश्वीर या भिडियो देखाएर यसको नाम भन्न लगाउने । यो कहाँ अवस्थित छ ? भन्ने जस्ता प्रश्नोत्तर गर्ने । • आफ्ना वरपर अवस्थित मठमन्दिर लगायतका सम्पदाहरूको चित्रात्मक प्रस्तुति गर्दै नाम र स्थान सोध्ने ।	३०
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति • स्थानीय भाषा	• आफ्नो घर र विद्यालय वरपरका जातजाति र भाषाभाषिको नाम, • आफ्ना वरपर रहेका प्रमुख जातिहरू • आफ्नो घर र कक्षाका साथीहरूले बोल्ने प्रमुख भाषाहरूको नाम,	• सिकारुका साथीसँगी कुन कुन जात, जातिका छन् ? के कस्ता भाषा बोल्छन् भनेर सिकारुवीच छलफल तथा प्रश्नोत्तर गरेर स्थानीय जातजाति एवम् भाषाभाषिको बारेमा जानकारी दिन सकिन्छ । • आफ्ना साथीहरूमध्येका या अन्य जातजातिहरूको उदाहरण दिदै पालिकामा बोलिने जातिगत भाषाहरू मेटाकार्डमा लेख्न लगाएर, शिक्षकले बताइदिएर पनि सिकाउन सम्भव हुन्छ । • सिकारुलाई आफ्नो मातृभाषा बोल्न लगाएर सामान्यीकरण गर्ने, • शिक्षकले पनि स्थानीय मातृभाषाको प्रयोग गरी सिकारुलाई अन्तर भाषिक बोलचाल गराउन उत्प्रेरित गर्ने,	• सिकारु स्वयमको जातजाति र भाषा के हो भनेर प्रश्न गर्ने । • आफ्ना वरपर रहेका जातजाति सम्बन्धी प्रश्नोत्तर गर्ने । • आफ्ना वरपर बोलिने भाषा सम्बन्धमा प्रश्न सोध्ने , जस्तै: तिमी कुन भाषा बोल्छौ ? तिम्रा (नाम सहित) साथीहरूले कुन भाषा बोल्छन् ?	१०
	• स्थानीय चाडपर्वहरू	• आफ्नो घर/छिमेकमा मनाइने मूख्य चाडपर्बको नाम	• आफ्नो घर र वरपरका छिमेकहरूमा के कस्ता चाडपर्वहरू मनाइन्छ ? विद्यार्थीहरू मध्ये कसकसले कस्ता कस्ता चाडपर्वहरू मनाउछन् ? भनेर प्रश्नोत्तर एवम् छलफल गरेर, बोर्डमा लेखिदिएर, सिकारुलाई भन्न र लेख्न लगाएर पनि सहजीकरण गर्न सकिन्छ । स्थानीय रुपमा मानिदै आएको चाडपर्वहरूको सूची प्रस्तुत गर्न सकिन्छ । चाडपर्वहरू मनाइएको दृष्य तथा श्रव्य/दृष्य सामग्री प्रस्तुत गर्ने ।	• तिम्रो (नाम सहित) साथी कुन चाड मान्छ ? • तिमीलाई मनपर्ने चाडपर्व कुन हो ? • यी र यस्तै प्रश्नहरू बनाएर प्रश्नोत्तर गर्ने, गराउने ।	१०

५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• आफ्नो स्थानीय तहको नाम र वडा नम्बर, त्यहाँ पाइने प्रमुख स्रोत साधनको नाम ।	• आफू बसेको पालिका (कमलामाई, आफ्नो वडा नम्बर र यहाँ पाइने स्रोतहरू जल, जमीन, जडीबुटीको बारेमा पनि प्रश्नोत्तर एवम् छलफल गर्न सकिन्छ । • प्रमुख स्रोतसाधन रहेको स्थानमा क्षेत्रभ्रमण तथा अवस्था अवलोकन गर्न लगाइ सिकारुलाई सोबारे आफ्नो अनुभव प्रस्तुत गर्न लगाउने ।	• विद्यार्थी बसेको स्थानीय तह (पालिका) को नाम के हो ? तिमी कति वडामा बस्छौं ? तिम्रो वरपर के कस्ता साधन स्रोतहरू उपलब्ध छन् ? यी र यस्तै प्रश्नोत्तर गर्ने ।	८
	• स्थानीय विशिष्ट व्यक्तित्व, सहिद	• स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूका नाम	• स्थानीय स्तरमा असल काम गरेका, समाजसेवामा लागेका, मान्यजन या कुनै विधामा विशेष योगदान दिएका विशिष्ट व्यक्ति स्वयम्लाई सिकारुसँग साक्षात्कार गर्न लगाएर या उनीहरूको नाम, काम बताइदिएर पनि स्थानीय विशिष्ट व्यक्ति बारे सिकारुलाई परिचित गर्न सम्भव रहन्छ ।	• स्थानीय स्तरमा रहेका विशिष्ट व्यक्तित्वहरूसँग साक्षात्कार गराएर या चार्ट तालिकामा त्यस्ता व्यक्तिहरूको नाम प्रस्तुत गर्दै प्रश्नोत्तर गर्ने ।	७
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण • खानपिन	• घरमा निर्मित खाना र खाजाको नाम । • जंकफुड (पत्रुखाना) को नाम र बेफाइदा	• दाल, भात, तरकारी, जाउलो, खिर, हलुवा, रोटी, सातु, ढिडो, मकै, भटमास या यी र यस्तै घरमा निर्मित खाना र खाजाको नाम सिकारुले के खाएका छन् ? प्रश्नोत्तर गरेर, विद्यालयमा बनेको दिवा खाजा देखाएर पनि घरमा निर्मित विभिन्न खाना र खाजाको नाम भन्न चिन्न लगाउन सजिलो हुन्छ । (दिवा खाजाको समयमा पनि पोषण, खानपिनको बारेमा छलफल गर्न सकिन्छ) खाना निर्माणमा STEAM लाई जोडेर पनि प्रस्ट पार्न सकिन्छ । • बच्चाले प्रयोग गर्ने चक्लेट, चाउचाउ, पाम, चुइगम जस्ता जंकफुडबाट दाँतमा हुने असर तथा हाम्रो शरीरलाई हुने बेफाइदा चित्र, तश्वीर या वास्तविक उदाहरण दिएर प्रस्ट्याउने ।	• तिमी घरमा के के खान्छौ ? घरमा नै बनाइने खाजा/खाना के के हुन् ? आज तिमीले के खाएर आयौ ? खाजा के खान्छौ ? त्यो कसरी बनायौ/बनाएको थियो ? आदि प्रश्नहरू सोधेर घरमा निर्मित खाना र खाजाको नाम बताउन सके सकेनन् भनि यकिन गर्ने । • जंकफुडको असरबारे प्रश्नोत्तर गर्ने र यसको बेफाइदाहरूबारे अन्तरक्रिया गर्ने । अपेक्षित जवाफलाई स्वीकार्ने र आवश्यकतानुसार सुधारात्मक शिक्षण पनि गर्ने ।	१५
	• सरसफाइ	• व्यक्तिगत सरसफाइ ।	• हात, धुने, मुख धुने, व्यक्तिगत सरसफाइ गर्ने तरिका अभ्यासात्मक गतिविधि गर्न लगाएर सिकाउन सकिन्छ । यसमा एकीकृत शिक्षण योजना तथा STEAM Pedagogy लाई उपयोग गर्न सकिन्छ । • मास्क, सेनिटाइजर र साबुन प्रयोग गर्ने तरिकाको प्रयोगात्मक अभ्यास गराइ सरसफाइमा क्रियाशील बनाउने ।	• सिकारुलाई हात, मुख धुन लगाई उनीहरूको क्रियाकलाप अवलोकन गर्ने । • प्रश्नोत्तर गराउने । • उनीहरूको व्यवहार अवलोकन गरी सरसफाइको कुन तरिका ठिक हो भनेर पूनः सिकारुलाई नै प्रश्न गर्ने ।	१०

७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद	• घर तथा विद्यालय वरपर घटेका विपदहरू ।	• विपद्(आगलागी, डडेलो, चट्याड, बाढी पहिरो) को प्रत्यक्ष अवलोकन, कुराकानी, चित्रात्मक प्रस्तुतिबाट बाढी, पहिरो, रोगब्याधी, आगलागी, चट्याङ लगायतका विपदहरूबारे सिकारुलाई सुसूचित गर्न आवश्यक हुन्छ । • बिपद सम्बन्धमा आवश्यक भिडियो क्लिप्स, चित्र, वास्तविक अवस्था आदि प्रस्तुति गरी सो बारेमा सिकारुलाई आवश्यक जानकारी दिने ।	• विपद सम्बन्धी गतिविधिका भिडियो या चित्रात्मक प्रस्तुति गरेर विपदका नामहरू सोध्ने । बाढी, पहिरो तथा रोगब्याधीका बास्तविक घट्ना प्रस्तुत गरेर ती के कस्ता विपदहरू हुन् ? भनेर प्रश्नोत्तर गर्ने ।	८
	• सुरक्षित हुने उपायहरू	• सुरक्षित हुने उपायहरू	• विपदबाट बच्न उनीहरूलाई कथाकथन, अनुभव साटासाट, प्रश्नोत्तर जस्ता विधिहरूलाई उपयोगमा ल्याउदा हुन्छ । • विपदबाट बच्न स्थानीय स्तरमा गरिएका प्रयासको क्षेत्रभ्रमण तथा चित्र र भिडियो क्लिप्स प्रदर्शन गरी सिकारुलाई सचेत गराउने ।	• विभिन्न बिपदसम्बन्धी अपनाउन सकिने सुरक्षात्मक उपायहरूको चित्रात्मक प्रस्तुति गर्दै के कसरी बच्न सकिन्छ भनेर प्रश्नोत्तर गर्ने ।	७

कक्षा : २

क्षेत्र	विषयवस्तु	विषयवस्तुका विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्राक्रया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• आफ्नो वरपरको भौगोलिक तथा प्राकृतिक वातावरण बुझ्न तथा बनस्पति र जीवजन्तु चिन्न, • स्थानीय नदी, खोला, पोखरी, बनजंगल, जमिन, कान्ला, भिर, मैदान, नाम र पहिचान गर्न,	• वरपर उपलब्ध भौगोलिक स्वरुप, वातावरणको अवस्था, स्वरुप, जीवजन्तुसँग प्रत्यक्ष साक्षात्कार गराएर सिकारुमा जीवजन्तु तथा वातावरणका विविध आयामको बारेमा सुसूचित गराउन सकिन्छ । • शैक्षिक सामग्रीको रुपमा चित्र, तश्वीर, भिडियो, बास्तविक बस्तु (Real Object) देखाएर पनि सिकाउन सकिन्छ । पोखरी, नदी, खोला, कान्ला, जमीनको स्वरुप अन्तर्गत मैदान, भिर आदिको भ्रमण अवलोकन गराएर पनि यी कुराहरू सिकाउन सहजीकरण गर्न सम्भब हुन्छ । एकीकृत पाठ्यक्रम अन्तर्गत कक्षा २ को हाम्रो सेरोफेरो विषयको कुनै थिम या समग्र कक्षा २ को कुनै साझा थिमसंग आफ्नो वरपरको वातावरण, जीवजन्तु, स्थानीय प्राकृतिक वातावरणबारे एकीकृत सिकाइ क्रियाकलाप गर्न सकिन्छ । STEAM Pedagogyमार्फत पनि यी उल्लिखित विषयवस्तुहरूको साझा धारणा विकास गर्न सकिन्छ ।	• सिकारुको वरपरको वातावरण जस्तै नदी, खोला, पोखरी जमीनको स्वरुप लगायतका बातावरणीय पक्षहरू सिकारुलाई प्रत्यक्ष देखाएर या चित्र, फिलिम फुटेज, भिडियो या तश्वीर देखाउदै स्थानीय वातावरण सम्बन्धमा प्रश्नोत्तर गर्ने, के के हुन् ? भनेर सोध्ने र चिने/नचिनेको यकिन गर्ने । • जिवजन्तु र वातावरणको सन्दर्भमा प्रश्नोत्तर विधि, सोधपुछ विधि प्रयोग गर्ने ।	१३

			• शिक्षण सिकाइको लागि एकीकृत पाठ्यक्रमसंग मिल्ने थिमसंग एकीकरण गर्ने तथा STEAM Pedagogy लाई उपयोग गर्ने रणनीतिलाई पनि अपनाउन सकिन्छ ।		
	• मूल्यमान्यता र सकारात्मक व्यवहार	• आफ्ना साथीसमूहसँग सहयोग आदान प्रदान गर्न, • कक्षाकोठामा अपाङ्गता भएकाहरूको पहिचान गर्न, मेलमिलाप र गुरु/परिवारका अग्रजहरूको सम्मान गर्न, • सानालाई माया र सहयोग गर्न ।	• आफ्ना साथीभाइसँग मिलेर बस्ने वातावरण कक्षाकोठामा निर्माण गर्न सकिन्छ । सहयोग, मेलमिलाप, सम्मान गर्न, माया सद्भाव तथा असल परम्पराहरू आदामनप्रदान गर्न अभ्यासात्मक क्रियाकलापहरूमा विद्यार्थीहरूलाई सहभागी गराउन सकिन्छ । असल परम्पराका विभिन्न नमुनाहरूको फिलिम फुटेज तथा भिडियो र वास्तविक अवस्था अवलोकन, प्रश्नोत्तर, अभिनय, नाटकीकरण जस्ता विधिहरू उपयोगमा ल्याउन सकिन्छ ।	• सिकारुले आफ्ना साथीसमूहको गरेको व्यवहार, अपांगता भएका र अन्य अग्रजहरूसँगको व्यवहार अवलोकन गरी मूल्याङ्कन गर्ने । • मूल्यमान्यता र सकारात्मक व्यवहारका नमुना या लाइभ देखाएर प्रश्नोत्तर गर्ने र व्यवहार अवलोकन पनि गर्ने र अपेक्षित उद्देश्य प्राप्त भए/ नभएको यकिन गर्ने ।	१२
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, ब्यावसाय	• आफ्नो वडास्तरमा अपनाइने स्थानीय पेसा, व्यावसायको नाम • प्रमुख बाली, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिको नाम र पहिचान,	• आफ्ना साथीहरूको अभिभावकहरूले गर्ने काम, पेसा, ब्यावसाय जस्तैः कृषि, पशुपन्छी पालन, तरकारी एवम् फलफुल खेती, ब्यापार, निर्माण, जागिर, शिक्षण आदिको विवरण सिकारु स्वयम्लाई तयार गर्न लगाई छलफल गराउने, STEAM Pedagogy तथा प्रश्नोत्तर, कुराकानी आदि माध्यमले स्थानीय पेसाको तथा व्यावसायको बारेमा प्रस्ट्याउन सकिन्छ । फलफुल, तरकारी, जडिबुटी, धान, मकै, कोदो, फापर लगायत स्थानीय अन्नवालीको पहिचान गराउन वास्तविक वस्तु तथा क्षेत्र भ्रमण र अवलोकन भ्रमण गराउन सकिन्छ । • स्थानीय पेसा ब्यावसाय सम्बन्धी अवस्था अध्ययन वा भिजिट गराइ सो बारेमा आवश्यक जानकारी गराउने ।	• स्थानीय पेसा, व्यवसाय, सीप र प्रविधि सम्बन्धमा विषय शीर्षक अनुसार मौखिक प्रश्न सोध्ने । छोटो उत्तर आउने खालको लिखित प्रश्न पनि सोध्न सकिन्छ । जस्तैः तिम्रो बुवा/के गर्नु हुन्छ ? तिम्रो घरमा के के अन्नबाली छन् ? तिमीले के कस्ता घरपालुवा जनावरहरू देखेको छौ ?, • विभिन्न अन्नबाली, जीवजन्तु, बनस्पति, जडिबुटी प्रत्यक्ष देखाएर चिन्न लगाउने या चित्रात्मक सामग्रीबाट यो के हो ? भन्ने जस्ता प्रश्नहरू सोधेर पहिचान गरे/नगरेको यकिन गर्ने ।	१४
	• स्थानीय सीप र प्रविधि	• माटो, बाँस, पराल, खर, काँस तथा काठबाट स्थानीय तहमा निर्मित सामग्रीहरू नाम र काम ।	• स्थानीय सामग्रीबाट निर्मित विद्यार्थीहरूको घरमा के कस्ता सामग्रीहरू छन् ? भनेर टिपोट गर्ने, सिकारुवीच आआफ्ना घरमा प्रयोगमा आएका स्थानीय सामग्रीहरू भन्न लगाउने, सामग्री देखाउने । ती सामग्रीहरू के के मा उपयोग गरिन्छ भन्ने सम्बन्धमा प्रश्नोत्तर तथा छलफल गराउने ।	• स्थानीय सामग्रीबाट तिमीले के कस्ता सामग्री बनेको देखेको छौ ? तिम्रो घरमा पिरा, चकटी, गुन्द्री, नाम्लो, दाम्लो, डोको, नाङ्लो के के बाट बनेको होला ? (एक, एक गरी यी र यस्तै प्रश्नहरू सोध्ने) यी सामग्रीको नाम र काम सम्बन्धमा सामुहिक या व्यक्तिगत प्रश्नोत्तर गर्ने ।	१६

३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• सिन्धुलीगढीको सामान्य परिचय • आफ्नो वडामा अवस्थित धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदाको नाम र यसको महत्व, • वडाभित्रका मठमन्दिर, गुम्बा, मस्जिद, चर्च तथा अन्य सम्पदाहरूको नाम र स्थान ।	• सिन्धुली गढी सिन्धुलीको एक महत्वपूर्ण ऐतिहासिक एवम् पर्यटकीय स्थल हो भन्ने कुरा भ्रमण अवलोकन, भिडियो या फिलिम, वृत्त चित्र, फुटेजद्धारा स्पष्ट पारिदिने । • कमलामाई नगरपालिकामा अवस्थित अन्य प्रमुख सम्पदाहरूको चित्रात्मक प्रस्तुति तथा नाम चार्ट तयार गरी सम्पदाहरूको नाम र यसको अवस्थितिबारे सिकारुलाई प्रस्ट्याइदिने । पालिकाभित्रका मठमन्दिर, गुम्बा,मस्जिद, चर्च तथा अन्य सम्पदाहरूलाई STEAM Education संग आवद्ध गरेर एकीकृत शिक्षण सिकाइ योजना सञ्चालन गर्ने ।	• सिन्धुली गढीको तश्वीर वा भिडियो क्लीप्स वा सम्भव भए सिन्धुली गढीमा नै गएर प्रत्यक्ष अवलोकन गर्न लगाइ यसको परिचय र महत्व सम्बन्धमा एक शब्द वा वाक्यमा उत्तर आउने ससाना प्रश्न (मौखिक या लिखित) सोध्ने । • प्रश्नोत्तर, सोधपुछ, पालिकामा भएका ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदाहरू लेखेर जोडा मिलाउन लगाउने, सम्पदाहरूको चित्र देखाइ चिन्न लगाउने वा यी र यस्तै अन्य मूल्याङ्कन विधि प्रयोग गर्ने ।	३०
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति, भाषा	• आफू र आफ्ना वरपरका जाताजातिहरू • आफ्नो विद्यालयमा बोलिने भाषाहरूको बारेमा सामान्य जानकारी ।	• स्थानीय स्तरमा अस्तित्वमा रहेका विभिन्न जातजातिहरू तथा उनीहरूले बोल्ने भाषा सम्बन्धमा कक्षाकोठामा छलफल तथा गफगाफ गर्न सकिन्छ । प्रश्नोत्तर, मेटाकार्डमा जातजाति तथा भाषाभाषिको नाम लेखी स्पष्ट पारिदिने । • परियोजना कार्यमार्फत आफ्नो वरपर र विद्यालयमा बोलिने भाषाबारे थप स्पष्ट हुन सिकारुलाई सहज हुन सक्छ ।	• विभिन्न जातजातिको तालिका प्रस्तुत गर्दै आ–आफ्नो जाति भन्न लगाउने, पालिकामा बोलिने भाषाको नाम वा भाषा सम्बन्धमा प्रश्नोत्तर र सोधपुछ गर्ने ।	१०
	• स्थानीय चाडपर्वहरू	• आफ्नो वडामा मनाइने प्रमुख चाडपर्वहरूको नाम र गरिने क्रियाकलाप ।	• स्थानीय रुपमा के कस्ता चाडपर्वहरू मनाइन्छ भन्ने बारेमा सिकारुवीच अनुभव साटासाट गर्न लगाउने र शिक्षकले आवश्यक सहजीकरण गर्ने, आवश्यकतानुसार चाडपर्व लेखीएका चार्ट, तालिका, चित्र, तश्वीर देखाएर प्रस्ट्याउने । • एकीकृत शिक्षण योजना र STEAM Pedagogy मार्फत पनि आफ्नो वडामा मानिने प्रमुख चाडपर्वहरूबारे थप स्पष्ट पार्न सम्भव हुन्छ ।	• सिकारुको आफ्नो वडामा रहेका विभिन्न जातजाति वा समुदायगत मानिने प्रमुख चाडपर्वहरू र यसमा गरिने मुख्य क्रियाकलापहरूको बारेमा सोधपुछ तथा प्रश्नोत्तर गर्ने । • नियमित शिक्षण सिकाइबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न नसकेका सिकारुलाई आवश्यकतानुसार सुधारात्मक शिक्षण गरी शिक्षण र मूल्यांकनलाई एकीकृत रुपमा विकास गर्ने तरिका पनि अपनाउन सकिन्छ ।	१०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• आफ्नो स्थानीय तह र वडाको नाम र स्थानीय तह (कनपाको प्रमुख, उपप्रमुख वडा अध्यक्षको नाम, उपलब्ध प्रमुख स्रोतहरूको पहिचान ।	• स्थानीय तह कमलामाई नगरपालिका, प्रमुख तथा उपप्रमुखको नाम बताइदिने, सम्भव भए सिकारुलाई पालिकामा लगेर आफ्ना पालिका, वडाबारे जानकारी दिन सकिन्छ । पालिकामा भएका प्रमुख प्राकृतिक स्रोतहरू जस्तैः जल, जमीन, वनजंगल आदिको अवस्थाबारे प्रश्नोत्तर, छलफल, कुराकानी आदि विधिद्वारा प्रस्ट्याइदिने ।	• प्रश्नोत्तर, छलफल तथा सोधपुछको माध्यमले स्थानीय संरचनासँग गाँसिएका विषयवस्तुको मूल्याङ्कन गर्ने । • परियोजना कार्य, सहभागितात्मक मूल्यांकन तथा प्राप्तांकको रुब्रिक्समा राखेर निरन्तर मूल्यांकनका विभिन्न उपायहरू अपनाउन सकिन्छ ।	७
	• स्थानीय विशिष्ट व्यक्तित्व	• स्थानीय प्रमुख विशिष्ट व्यक्तित्वहरूको परिचय र	• समाजको लागि उल्लेख्य काम गर्ने विशिष्ट व्यक्तित्वहरूको चिनारी गराउन उपयुक्त शैक्षिक सामग्रीलाई उपयोगमा ल्याउन सकिन्छ ।	• विषयवस्तुसँग सम्बन्धित छोटा मौखिक या लिखित प्रश्नहरू सोध्ने । उनीहरूको योगदानबारे छोटा छोटा हरफहरू लेख्न	८

	• सहिद	योगदान । सहिदका परिचय ।	• देश, जनता, र समाजकोलागि आफ्नो जीवन त्याग गर्ने व्यक्तित्वहरू नै सहिद हुन भन्ने कुरा प्रस्ट्याउन उपयुक्त दृष्टान्तहरूको उपयोग गर्ने ।	लगाउन, चित्र या तश्वीरबाट स्थानीय विशिष्ट व्यक्तिहरू पहिचान गर्न लगाउने र योगदानबारे भन्न लगाउने ।	
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण • खानपिन	• घरमा निर्मित तथा स्थानीय अन्नबाली, फलफुल र तरकारीबाट घरमानै निर्मित खाना, खाजा र त्यसको उपयोग ।	• घरमा निर्माण र प्रयोग गरिने पोषणयुक्त खानेकुराको नाम, यसको फाइदाबारेमा सिकारुवीच छलफल गर्न सकिन्छ । एकीकृत पाठ्यक्रम अनुसार कक्षा २ को हाम्रो सेरोफेरो विषयको मिल्दो थिमसंग पोषण र खानपिन भन्ने यस थिमलाई जोडेर एकीकृत शिक्षण गर्ने तथा घरमा खाजा निर्माण गर्दा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ, कला र गणितको साझा उपयोगको बारेमा STEAM Education संग जोडेर सिकाइ क्रियाकलाप अगाडि बढाउन सकिन्छ ।	• पोषण र खानपीन सम्बन्धी मौखिक प्रश्न सोध्ने व्यक्तिगत र र सामूहिक उत्तर माग्ने, । • बजारमा पाइने र घरमा निर्माण गरिने विभिन्न खानेकुराको देखाउदै उनीहरूलाई खानेकुरा चिन्न लगाउने । • घरमा निर्मित पोषणयुक्त खानेकुराहरूको फाइदाहरूका सम्बन्धमा प्रश्नोत्तर गर्ने ।	१५
	• सरसफाइ	• व्यक्तिगत सरसफाइ तथा आफ्नो कोठा र घरको सरसफाइ ।	• व्यक्तिगत सरसफाइ के कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा अभ्यासात्मक क्रियाकलापहरू गर्न लगाउने । • चित्र, पोष्टर, स्लोगनको प्रयोग गर्ने । • सरसफाई गर्ने तरिका अन्तर्गत हात धुने, मुख धुने, शरीर, कपाल, कपडा आदिको सरसफाइ गर्ने तरिका तथा यसबाट हुने फाइदाबारे उपयुक्त विधिको प्रयोग गरी सिकारुको अवस्था र क्षमता ख्याल गरी सहजीकरण गर्ने ।	• सिकारुको व्यक्तिगत सरसफाइ, कक्षाकोठाको सरसफाइ सिकारुलाई गर्न लगाइ व्यवहार अवलोकन गरी मूल्याङ्कन गर्ने । • सरसफाइ सम्बन्धमा विभिन्न छोटा प्रश्नहरू बनाएर सोध्ने ।	१०
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद	• आफु बसेको क्षेत्रमा हुने विपदहरू घट्न सक्ने समयको आँकलन ।	• अपरझट हुने प्राकृतिक तथा मानवजन्य विपदहरू उदाहरणसहित प्रस्तुत गर्दै सिकारुको अनुभवको आधारमा प्रश्नोत्तर गर्दै विषयवस्तु स्पष्ट पारिदिने । • बर्षा याममा पानी धेरै पर्ने हुँदा बाढीपहिरो जस्तो विपद आउन सक्ने सम्भावना रहन्छ । जाडो याममा सितलहर आउन सक्छ । धाम्मधुम्म परेको बेला हुरीवतास तथा चट्याङ पर्न सक्छ, भुकम्प जुनसुकै बेला आउन सक्छ भन्ने सन्दर्भमा पनि सिकारुलाई दृष्टान्त सहित प्रस्ट पारिदिने । यसो हुँदा सिकारुले विपद घट्न सक्ने समयको आंकलन गर्न सक्ने अवस्था सिर्जना हुन सक्छ ।	• आफू बसेको स्थानमा हुने विपदहरू प्रत्यक्ष अनुभूत गराएर या चित्रात्मक प्रस्तुत गरेर विद्यार्थीसँग प्रश्नोत्तर गर्ने । • कस्तो समयमा कस्तो विपदको सम्भावना हुन्छ भन्ने विषयमा प्रश्नोत्तर वा सोधपुछ गर्ने ।	८

	• सुरक्षित हुने उपायहरू	• विपदबाट सुरक्षित हुने उपायहरू	• विपदबाट सुरक्षित उपायहरूबारे समुचित जानकारी गराउन दृष्टान्त र अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । अन्य सान्दर्भिक क्रियाकलाप गरेर पनि विपदबाट सुरक्षित हुने उपायहरूको बारेमा सहजीकरण गर्न सकिन्छ ।	• कुनै ठाउँमा आगलागी भयो भने तिमी के गर्छौं ? बाढी पहिरोबाट कसरी बच्न सकिन्छ ? यी र यस्ता प्रश्नहरूबाट सिकारुमा विपदबाट सुरक्षित हुने उपायहरूबारे यथोचित ज्ञान, सीप प्राप्त भयो भएन भनेर मूल्याङ्कन गर्ने ।	७

कक्षा : ३

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• स्थानीय जीवजन्तु, वनस्पति, मानवनिर्मित तथा प्राकृतिक वातावरणको पहिचान • स्थानीय नदी, खोला, पोखरी, बनजंगल, भूगोल (जमिन, कान्ला, भिर, मैदान) को पहिचान गर्न, प्राकृतिक सम्पदाको महत्व भन्न,	• स्थानीय जीवजन्तु, वनस्पति, मानवनिर्मित तथा प्राकृतिक वातावरणको पहिचान गर्न परियोजनामा आधारित सिकाइ क्रियाकलाप, प्रत्यक्ष अवलोकन, क्षेत्रभ्रमण जस्ता सिकाइ सहजीकरणको पद्धतिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । • कक्षा ३ को हाम्रो सेरोफेरो, या समग्र विषयहरूबाट साझा थिम पहिचान गरी स्थानीय स्रोत साधन जस्तैः नदी, खोला, जमीन, कान्ला, भिर, मैदान पहिचानको लागि एकीकृत तथा STEAM Pedagogy को जगमा सिकाइ योजनालाई उपयोगमा ल्याउन सकिन्छ । • आफ्नो वरपरको वातावरण अन्तर्गतको भौगोलिक परिवेशको अध्ययन अवलोकन, प्रश्नोत्तर, छलफल गराइ सिकारुलाई स्पष्ट पारिदिने ।	• परियोजना मार्फत सिकारुको सिकाइ उपलब्धी पहिचान गर्ने। • प्रश्नोत्तर • रुब्रिक्स • निरन्तर विद्यार्थी मूल्यांकन • स्थानीय प्राकृतिक साधन स्रोत देखाउदै तिनीहरूलाई पहिचान गर्न लगाउने र सम्पदाको महत्वबारे प्रश्नोत्तर गर्ने ।	१४
	• मूल्यमान्यता • सकारात्मक व्यवहार	• शिक्षक तथा बाबुआमा र आफुभन्दा ठूलाले भनेको कार्य गर्न, असहायहरूलाई सहयोग गर्न, अपाङ्गता भएकाहरू, दुःखी, बृद्ध-बृद्धा, अशक्तहरूलाई सम्मान र सहयोग गर्न, • अपागमैत्री बन्न ।	• सम्मान, सहयोग, सकारात्मक भावना विकास गराउन कथाकथन, उपयुक्त निर्देशन, व्यवहार अवलोकन, भूमिका निर्वाह, समालोचनात्मक चिन्तन जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । सरसहयोगको संस्कार विकास गराउन तथा अपांगमैत्री बन्न उत्साहित गराउने क्रियाकलापहरू कक्षाकोठाभित्र वा कक्षाकोठा बाहिर गराउन सकिन्छ । अवस्था परिवेश अनुसार उद्देश्य प्राप्तिका लागि विभिन्न विधि तथा प्रविधिहरूलाई शिक्षकले प्रयोग गर्न सक्ने गुञ्जाइस रहने छ । • अपांगता भएकाहरूको सहयोगको लागि कक्षा कोठामा भूमिका	• सिकारुको व्यवहार अवलोकन सामाजिक मूल्यमान्यता अनुशरण गरे/नगरेको पहिचान गर्ने । • सकारात्मक व्यवहार तथा सिकारुले प्राप्त गरेका सम्मान, सम्बोधन, अपांगमैत्री व्यवहार आदि सम्बन्धमा सान्दर्भिक प्रश्नहरू सोध्ने ।	११

			अभिनय गरी स्पष्ट पार्ने ।		
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, व्यावसाय	• स्थानीय प्रमुख पेसा पहिचान गर्न, अन्नबालि, फलफुल तरकारी, पशुपन्छी र जडिबुटिहरूको नाम, पहिचान, आवश्यकता र महत्व ।	• स्थानीय रुपमा रहेका विभिन्न पेसा, व्यावसायको बारेमा प्रश्नोत्तर एवम् दृष्टान्त दिई सहजीकरण गर्ने । • परियोजना कार्यमार्फत विषयवस्तुलाई स्पष्ट पार्न सिकारु स्वयम्लाई क्रियाशील बनाउने, • एकीकृत शिक्षण सिकाइ क्रियाकलाप र STEAM Pedagogy जोडेर एकीकृत धारणाको विकास गराउने, • स्थानीय रुपमा उत्पादन गरिने अन्नबाली लगायतकाको नाम अनुभव साटासाट या प्रश्नोत्तरको माध्यमले स्पष्ट पार्ने । • यी पेसा, व्यावसायबाट हुने फाइदा तथा यसको महत्वको वारेमा छलफल चलाउने र स्पष्ट पारिदिने ।	• विभिन्न स्थानीय स्तरमा अवलम्बन गरिएका या अन्य पेसाहरूको सूची देखाएर स्थानीय पेसाहरू पहिचान गर्न लगाउन सो सम्बन्धी प्रश्नोत्तर गर्ने । • बास्तविक बस्तु, भिडियो क्लीप्स या फिलिम फुटेज, वृत्तचित्र, चित्र, तश्वीर देखाएर फलफुल, तरकारी, पशुपन्छी, जडिबुटीको नाम, पहिचान , आवश्यकता र महत्व सम्बन्धी प्रश्नोत्तर गर्ने ।	१६
	• स्थानीय सीप र प्रविधि	• स्थानीय स्रोतबाट स्थानीय प्रविधि र सिपको प्रयोगबाट निर्माण गर्नसकिने सामग्रीहरूको संक्षिप्त परिचय । • यस्ता सामग्रीहरूको आवश्यकता र महत्व ।	• स्थानीय स्रोतबाट स्थानीय तहमा स्थानीय सीप प्रयोग गरेर बनाइने र उपयोगमा ल्याइने सामग्रीहरू सम्भव भए प्रदर्शन गर्ने, यस्तो सम्भव नभएमा प्रश्नोत्तर, अनुभव साटासाट गर्न लगाएर सिकारुलाई प्रस्ट पारिदिने । स्थानीय प्रविधि र सिपको प्रयोगबाट स्थानीय स्तरमा निर्माण गरिने सामग्रीहरूको फाइदा र महत्वबारे पनि छलफल गरी प्रस्ट पार्न सकिन्छ । सम्भव भए स्थानीय प्रविधिको प्रयोग गरी स्थानीय सामग्रीहरू निर्माण गर्ने व्यक्तिलाई स्रोत शिक्षकको रुपमा कक्षाकोठामा आमन्त्रण गरेर सिकारुलाई प्रस्ट पार्न सकिन्छ ।	• बहुबैकल्पिक प्रश्न, छोटाखालका मौखिक तथा लिखित प्रश्नोत्तर, सोधपुछ गर्ने । • सामग्री प्रस्तुत गरी पहिचान, आवश्यकता र महत्वसम्बन्धी प्रश्नहरू सोध्ने । • परियोजना कार्य तथा घट्नाबृत अभिलेख मार्फत प्रश्नोत्तर गर्ने ।	१४
३. एतिहासिक, सांस्कृतिक, धार्मिक र	• स्थानीय सम्पदा	• सिन्धुलीगढीको परिचय, पर्यटकीय महत्व, • आफ्नो वडामा अवस्थित	• सिन्धुली गढीको परिचय दिई यसको ऐतिहासिक एवम् पर्यटकीय महत्वबारे प्रस्टपार्न आवश्यक सन्दर्भ पुस्तक या सिन्धुली गढी सम्बन्धी भिडियो वा वृत्त चित्रको प्रयोग गर्न सकिन्छ । कमलामाई आफ्नो	• अवलोकन, परियोजना कार्य, प्रश्नोत्तर आदि माध्यमले एतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा सम्बन्धी प्रश्नोत्तर गर्ने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त	३०

पर्यटकीय सम्पदा		अन्य ऐतिहासिक धार्मिक, एवम सांस्कृतिक सम्पदाको नाम र स्थान ● आफ्नो वडाभित्रको सम्भावित पर्यटन स्थलहरूको सामान्य परिचय ● सम्पदाहरूको संरक्षणका उपायहरू ।	वडामा रहेका अन्य सम्पदाहरूको नाम, यसको अवस्थिति तथा यी सम्पदाहरूको महत्व लेखिएका चार्ट, तालिका, पोष्टरलाई उपयोग गर्न सकिन्छ । ● सम्पदा संरक्षण गर्न विद्यार्थीले के कस्ता योगदान दिन सक्छन् ? संरक्षणका उपायहरू के कसरी अवलम्बन गर्न सकिन्छ भन्ने सन्दर्भमा प्रश्नोत्तर, कुराकानी जस्ता विधिलाई उपयोगमा ल्याउन सकिन्छ । ● आवश्यकतानुसार क्षेत्रभ्रमणको माध्यमले विषयवस्तुलाई सहजरुपमा बुझ्न सहजीकरण गर्ने ।	भए/नभएको योकन गर्ने ।	
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	● स्थानीय जातजाति ● स्थानीय भाषा ● स्थानीय चाडपर्वहरू	● वडाका जातजातिहरू, भाषा भाषिहरू ● प्रमुख जातिगत चाडपर्वहरूको परिचय र पहिचान, ● वडाभित्र मनाइने चाडपर्वहरू ती चाडपर्वहरूमा गरिने मुख्य क्रियाकलापहरू बताउन,	● आफ्नो वडाभित्रका प्रमुख जातजातिहरू तथा भाषाभाषिहरूको सूची तयार गर्न लगाउने, छलफल गराउने, उपलब्ध जातजाति एवम् भाषाभाषि सम्बन्धी तथ्याङ्क र सूचनाको प्रयोग गर्दै सहजीकरण गरिदिने । ● सोधपुछ, प्रश्नोत्तर, चित्र, तश्वीर, तालिका प्रस्तुत गर्दै जातिगत रुपमा मनाइने स्थानीय चाडपर्वहरू, ती चाडपर्वमा गरिने क्रियाकलापहरूबारे सिकारुलाई सहजीकरण गर्ने । जातिगत विविधताको बारेमा सिकारुवीच छलफल तथा अनुभव साटासाट गर्न सकिने छ ।	● कमलामाईका प्रमुख जातजातिहरू तथा भाषामाभाषीहरू र उनीहरूले मनाउने चाडपर्वहरूबारे प्रश्नोत्तर, परियोजना कार्य तथा सोधपुछ जस्ता क्रियाकलापमहरू मूल्याङ्कन पद्धति सञ्चालन गर्ने र गराउने ।	२०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	● स्थानीय संरचना	● सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको नाम ● वडाले गर्ने प्रमुख कार्यहरू, वडाका प्रमुख स्रोतहरूको उपयोग,	● चार्ट, तालिका, सिन्धुली जिल्लाको ९ ओटै स्थानीय तहको नाम भएको नामावली प्रदर्शन गरेर सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको नाम तथा स्थानीय तहले गर्ने प्रमुख कार्यहरूको सूची प्रस्तुत गर्दै सिकारुलाई प्रस्ट्याउन सकिन्छ । ● आफ्नो वडामा उपलब्ध प्राकृतिक तथा अन्य स्रोतसाधनहरूलाई के कसरी उपयोग गर्दा अपेक्षित उपलब्धि लिन सकिन्छ भन्ने सन्दर्भमा छलफल र अन्तरक्रिया तथा प्रस्तुति गर्न सकिन्छ । आवश्यक शैक्षिक सामग्रीहरूको उपयोग गर्दै यी विषयवस्तुको बारेमा सहजीकरण गर्न सम्भव हुन्छ । ● एकीकृत शिक्षण सिकाइ योजना तथा STEAM Pedagogy मार्फत सिकाइ एकीकरण ।	● तालिका, चार्ट तथा स्थानीय तहको विवरण प्रस्तुत गर्दै प्रश्नोत्तर र छलफल विधिबाट स्थानीय संरचना सम्बन्धमा छोटा छोटा प्रश्नहरू बनाएर सोधुपछ गर्ने । ● आवश्यकता अनुसार अन्य मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गर्ने ।	८

	• स्थानीय विशिष्ट व्यक्तित्व • सहिद	• स्थानीय विशिष्ट व्यक्तिको योगदान, सामाजिक तथा राजनीतिक परिवर्तनमा आफ्नो जीवन बलिदान गर्ने स्थानीय तहका सहिदहरूको संक्षिप्त परिचय ।	• देश, जनता र समाजको लागि विभिन्न क्षेत्रमा योगदान दिएका स्थानीय विशिष्ट व्यक्तिहरूको चिनारी दिन, छलफल एवम् अन्तरक्रिया गराउन सकिन्छ । सहिदले देखाएको बाटोमा हिड्न तथा विशिष्ट व्यक्तिको योगदान अनुसार गर्न सिकारुलाई उत्प्रेरित गर्ने विभिन्न सम्भावित उपायहरूको अवलम्बन गर्ने कुरामा शिक्षकले विशेष ध्यान दिन आवश्यक हुन्छ ।	• परियोजना कार्य, प्रश्नोत्तर, सोधपुछ, अवलोकन, घट्नाबृत्त अभिलेख आदि माध्यमले स्थानीय विशिष्ट व्यक्तित्व र सहिद सम्बन्धी विषय क्षेत्रमा सिकाइ उपलब्धि प्राप्त भए या नभएको भनेर मूल्याङ्कन गर्ने ।	७
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण र • खानपिन	• जङ्कफुडको परिचय र यसले स्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव, • स्थानीयरुपमा निर्मित खाना, खाजा र पेय पदार्थ र यसको फाइदा र स्थानीय खानेकुराको STEAM धारणा	• जङ्कफुड (पत्रु खाना) क्षणिक रुपमा स्वादिलो एवम् मिठो भएतापनि यसले हाम्रो शरीरमा दीर्घकालीन असर गर्छ भन्ने कुरा विभिन्न दृष्टान्त दिएर प्रस्ट्याउने । चाउचाउ, विस्कुट, चक्लेट, पाम, चुइगम, चटपटे जस्ता जङ्कफुडको नकारात्मक प्रभावबारे विभिन्न पत्रपत्रिका लेखिएका लेख तथा समाचारहरूलाई शिक्षण सिकाइमा उपयोग गर्न सकिन्छ । घरमा निर्मित स्वस्थ र सुलभ खानेकुराहरूबाट आवश्यक पोषण प्राप्त हुनुका साथसाथै यसले हाम्रो शारीरिक तथा मानसिक विकासमा सकारात्मक प्रभाव पार्ने कुराहरू उदाहरणद्वारा सिकारुलाई प्रस्ट्याउने । • STEAM Pedagogy मार्फत जंकफुड र स्थानीय पोषणयुक्त खानेकुरा निर्माण गर्दा विज्ञान, टेक्नोलोजी, इन्जिनिरिङ, कला र गणित STEAM को अवधारणाद्वार प्रस्ट्याउने ।	• व्यवहार अवलोकन, • परियोजनामा आधारित मूल्यांकन • निरन्तर मूल्यांकन • पोर्टफोलीयो • व्यवहार परिवर्तन सुची • जोडामिलाउने, बहुबैकल्पिक प्रश्न, ठिक/बेठिक, खालि ठाउँ भर्ने, जोडा मिलाउने प्रश्न आदिको माध्यमले पोषण र खानपिन सम्बन्धमा मूल्याङ्कन गर्ने ।	१५
	• सरसफाइ	• घर, विद्यालय, भान्सा र शौचालयको सरसफाइ ।	• घर, विद्यालय, भान्सा तथा शौचालय लगायतको सरसफाइ गर्ने तौरतरिका र यसबाट हुने फाइदाहरूको बारेमा आवश्यकतानुसार अभ्यासात्मक क्रियाकलापहरू गर्ने, गराउने । अन्य चेतनामूलक पोष्टर तथा पम्लेटलाई पनि सिकाइ सहजीकरण प्रक्रियामा उपयोग गर्न सकिन्छ ।	• व्यवहार अवलोकन तथा अभ्यासात्मक क्रियाकलापद्वारा अभिलेख, प्रश्नोत्तर विधिबाट मूल्याङ्न गर्ने । • अन्य सान्दर्भिक विधि अबलम्बन गरेर पनि सरसफाइ सम्बन्धी मूल्याङ्न गर्न सकिन्छ ।	१०
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद व्यवस्थापन • सुरक्षित हुने उपायहरू	• आफु वसेको क्षेत्रमा हुने विपदका कारण र यसवाट हुने धनजनको क्षति, सुरक्षित रहने उपाय । • सुरक्षित विद्यालयको अवधारणा ।	• सिकारु आफू बसेका क्षेत्रमा के कस्ता विपदहरू घट्छन् ? यसबाट के कस्ता भौतिक तथा मानवीय क्षति हुन्छ ? यसबाट के कसरी सुरक्षित बन्न सकिन्छ ? भन्ने विषयमा सिकाइ सहजीकरण गर्दा प्रश्नोत्तर, सन्दर्भ सामग्री तथा पम्प्लेट र पोष्टरको उपयोग गर्न सकिन्छ । • विपद व्यवस्थापन तथा सुरक्षित विद्यालयको अवधारणा सम्बन्धी थप जानकारी दिन अन्य सन्दर्भ सामग्रीहरूलाई उपयोगमा ल्याउन सकिन्छ ।	• विपद व्यवस्थापन र सुरक्षित हुने उपायहरू सम्बन्धमा विभिन्न छोटा मौखिक या लिखित प्रश्नोत्तर गर्न सकिन्छ । जस्तै : बाढि, पहिरो के कारणले हुन्छ ? • भुकम्पबाट बच्ने उपायहरू के के हुन् ? कोरोना भाइरस साथै यस्ता अन्य नयाँ भाइरसबाट सुरक्षित हुन के गर्नुपर्छ । विपदबाट सुरक्षित हुन नसक्दा कस्ता समस्याहरू आउन सक्छन् ?	१५

			• विपद्बाट हुने अप्रिय घट्नाका फिलिम फुटेज प्रदर्शन गरी प्रस्ट्याउने ।	• व्यवहार अवलोकन या परियोजना कार्यमार्फत पनि सिकारुको मूल्याङ्कन गर्न सकिन्छ ।	

कक्षा ४

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• वातावरण संरक्षणका उपायहरू • , घरपालुवा जनावरहरू पहिचान गर्न, • कमलामाईका प्रमुख नदीहरू, खोला, ताल, पोखरी, बनजंगल • कमलामाईको भौगोलिक बनावट, • जमिनको अवस्थिति, प्रमुख फाँटहरूको परिचय र विशेषता	• वातावरण संरक्षणका लागि सिकारुलाई उत्प्रेरित गर्न स्वच्छ वातावरणबाट हामीलाई हुने फाइदा र प्रदुषित वातावरण हुने असरहरूको वारेमा सुसूचित गर्ने । यसका लागि सम्वाद, अवलोकन, क्षेत्रभ्रमण,चित्र,फिलिम फुटेज तथा सान्दर्भिक भिडियो प्रदर्शन तथा सूचना प्रविधिका सान्दर्भिक उपकरणहरूलाई प्रयोगमा ल्याउन सकिन्छ । • घरपालुवा जनावरहरू पहिचान गरी घरपालुवा जनावरहरूको हेरचाह तथ यसबाट लाभलिने उपायहरूको बारेमा प्रश्नोत्तर, अनुभूति साटासाट गर्न सकिन्छ । जमिन, बनजंगल, फाँट, खोला, नदी तथा भौगोलिक अवस्थाबारे विभिन्न दृष्टान्त सान्दर्भिक विषयवस्तुको प्रस्तुतिकरण, छलफल जस्ता सिकाइ सहजीकरणका उपायहरू अपनाउने । • एकीकृत शिक्षण तथा STEAM को अवधारणामार्फत विषयवस्तुलाई सहजीकरण गर्न सकिन्छ ।	• स्थानीय वातावरण र यससँग सम्बन्धित सिकाइ उपलब्धिको मूल्याङ्कन गर्दा छोटा मौखिक या लिखित प्रश्नोत्तर, व्यवहार अवलोकन, कक्षाकार्य मूल्याङ्कन, परियोजना कार्य वा यी र यस्तै अन्य सान्दर्भिक मूल्याङ्कन पद्धति अवलम्बन गर्न सकिन्छ । सिकारुमा बुँदागत प्रस्तुति गर्न लगाएर सोको आधारमा पनि मूल्याङ्कन गर्न सकिन्छ ।	१३
	• मूल्यमान्यता • सकारात्मक व्यवहार	• सरसहयोग, सम्मान, सम्बोधन र असल आचरण प्रदर्शन • सहयोग आदानप्रदान,.विद्यालयको नियमको पालना , रयासी कामकाजमा सहयोग र सहकार्य • अपाङगताहरूलाई सहयोग	• नातासम्बन्ध अनुसारको सम्बोधन, असल आचरण प्रदर्शन, घर, समाज र विद्यालयमा स्थापित सामाजिक नियमको पालना गर्नको लागि तथा सरसहयोग गर्ने बानी विकास गर्न कथाकथन, सान्दर्भिक दृष्टान्त, विद्यार्थीहरूको व्यवहार अवलोकन र आवश्यक पृष्ठपोषण प्रदान जस्ता क्रियाकलाप गर्न सकिन्छ । • अपाङ्गता भएकाहरू वा थप सहयोग चाहिने अशक्त, बृद्धबृद्धाहरूलाई सहयोग गर्ने बानीको विकास गराउने विभिन्न सान्दर्भिक क्रियाकलापहरू गराउने वातावरण सिर्जना गर्नतर्फ शिक्षक चनाखो हुन आवश्यक हुन्छ ।	• सिकारुमा अपेक्षित रुपमा मूल्यमान्यता तथा सकारात्मक व्यवहार प्राप्त भए/नभएको सन्दर्भमा व्यवहार अवलोकन र सहपाठी मूल्याङ्कन पद्धतिलाई उपयोगमा ल्याउन सकिन्छ । • कक्षा कार्य तथा प्रश्नोत्तर विधिबाट मूल्याङ्कन गर्न सकिन्छ ।	१०
२. स्थानीय पेशा, व्यवसाय, सीप	• स्थानीय पेसा, ब्यावसाय	• स्थानीय पेसा, ब्यावसाय, यसको महत्व तथा आफूलाई मनपर्ने पेसा	• स्थानीय पेसा, व्यावसाय, आफूलाई मनपर्ने पेशाको छनौट, स्थानीय खेती तथा पशुपन्छीपालनको बारेमा छलफल, अन्तरक्रिया, सान्दर्भिक उदाहरण,	• कक्षा कार्य, मौखिक तथा लिखित प्रश्नोत्तर, बहुबैकल्पिक प्रश्न, ठिक/बेठीक प्रश्न, खाली	२०

र प्रविधि		छनोट , ● प्रमुख बालि, फलफुल तरकारी र जडिबुटि पहिचान गर्न र त्यसको उपयोग , उत्पादन गर्ने तरिका अपनाउन, ● पशुपन्छी पालन तथा जडिबुटि उत्पादनबाट हुने फाइदा, बनजंगलको परिचय र महत्व । ● कृषिको लागि आवश्यक सामग्रीहरूको पहिचान र उपयोग । ● पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरू ।	क्षेत्रभ्रमण, अवलोकन जस्ता प्रक्रियाहरूलाइ प्रयोगमा ल्याउन सकिन्छ । सिकारुलाई उत्पादनसँग जोड्न करेसाबारी, विद्यालयमा सामुहिक खेती, पशुपन्छीपालन, तथा विभिन्न खेतीबाट हुने फाइदा तथा यसको महत्व सम्बन्धमा सो सम्बन्धी विज्ञ एवम् अनुभवी व्यक्ति (पाइएमा स्रोतव्यक्ति)को अनुभव सुनाउने वातावरण सिर्जना गर्ने । तरकारी खेती, जडिबुटी खेती तथा यी खेतीका लागि चाहिने आवश्यक पूर्वाधारको बारेमा सिकारुलाई आवश्यक जानकारी दिदै आवश्यक गतिविधिहरूको छनौट गर्ने , ● कृषिका लागि आवश्यक कृषियोग्य सामग्रीहरू तथा पशुपन्छी पालनका लागि आवश्यक पूर्वाधारहरूको लागि क्षेत्र भ्रमण, परियोजना कार्य STEAM शिक्षण पद्धति एवम् एकीकृत शिक्षण अभ्यासलाई उपयोगमा ल्याउन सकिन्छ ।	ठाउ भने प्रश्न, जोडा मिलाउने प्रश्नका माध्यमले सिकारुमा स्थानीय पेसा, व्यावसाय, स्थानीय, सिप र प्रविधिसम्बन्धी सिकाइ उपलब्धि प्राप्त भए या नभएको यकिन गर्ने । ● अवलोकन ● परियोजना कार्य उपलब्धि विवरण ● सहभगितात्मक मूल्यांकन ● निरन्तर मूल्यांकन	
	● स्थानीय सीप र प्रविधि	● स्थानीय प्रविधिको प्रयोग गरी बस्तुको उत्पादन, ● स्थानीय घरेलु सामग्री निर्माण र उपयोग ।	● स्थानीय प्रविधि र सिपसँग सिकारुलाई परिचित गराउँदै डोको, नाम्लो, पिरा, ढाकि, मान्द्रो, डालो, फुर्लुङ, टपरी, दुना जस्ता सामग्री के कसरी बनाउन सकिन्छ भनेर अवलोकन र अभ्यास गराउने वातावरण निर्माण गर्ने । फ्याँकिएका प्लाष्टिक, चाउचाउ, विस्कुट, चक्लेटको खोल वा अन्य बस्तुबाट घरेलु सामग्रीहरूको निर्माण र त्यसको उपयोग गर्न उत्प्रेरित गर्न । त्यसको लागि घरेलु सामग्री निर्माण गर्ने व्यक्तिसँग भेटघाट या त्यस्ता उद्योगहरूको भ्रमण अवलोकन गर्न सकिन्छ । ● स्रोत शिक्षक तथा स्थानीय प्रबुद्ध (स्थानीय सिप र प्रविधिका जानकार) व्यक्तिहरूलाई	● व्यवहार अवलोकन तथा सामग्री निर्माण मूल्यांकन, ● सामाग्रीको प्रस्तुति र त्यसको अवलोकन मूल्यांकन, ● परियोजना कार्य मूल्यांकन ● सुधारात्मक शिक्षण पश्चातको सिप विकास मूल्यांकन र अभिलेखीकरण । ● सिप विकास र अभ्यास	
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	● स्थानीय सम्पदा	● सिन्धुलीगढीको ऐतिहासिक एवम् पर्यटकीय महत्व र गौरव, सिन्धुलीगढीको विकासमा भएका प्रयासहरू, ● कमलामाई नगरपालिकामा अवस्थित प्रमुख धार्मिक, सांस्कृतिक, एतिहासिक, प्राकृतिक तथा भौगोलिक सम्पदाहरूको सामान्य परिचय ।	● सिन्धुलीगढी किन महत्वपूर्ण सम्पदाको रुपमा स्थापित छ ? यसको ऐतिहासिक एवम् पर्यटकीय महत्व किन छ ? सिन्धुलीबासी तथा नेपालीहरूको गौरवगाथाको रुपमा किन सिन्धुलीगढीलाई लिने गरिन्छ ? भन्ने सवालमा सन्दर्भ पुस्तक, क्षेत्रभ्रमण, प्रश्नोत्तर जस्ता क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ । सिन्धुलीगढीको विकास र संरक्षणमा नगरपालिकाको कार्यहरूबारेमा सरोकारवालाहरूसंग छलफल र अन्तरक्रिया गर्ने । ● कमलामाई नगरपालिकामा रहेका प्रमुख सम्पदाहरूको सामान्य परिचय तथा पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार गर्न आवश्यक सन्दर्भ	● क्षेत्र भ्रमण पश्चात् छोटो प्रतिवेदन प्रस्तुति, ● प्रश्नोत्तर, कक्षा कार्य, अभिलेख अध्ययन, ● स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन आदिको माध्यमले स्थानीय सम्पदा सम्बन्धी विषयवस्तुको मूल्याङ्कन गर्ने । ● परियोजना कार्य मूल्यांकन ● निरन्तर मूल्यांकन	२५

		• पर्यटकीय स्थलहरूको पहिचान, विकास र प्रचार प्रसार ।	पुस्तकहरूलाई उपयोगमा ल्याउने । सूचना प्रविधिको समुचित प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।		
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति र भाषा	• कमलामाई नगरपालिका भित्रका जातजातिहरूको परिचय र पहिचान, • लवाइ, खुवाइ, जातिगत विशेषता, उनीहरूले बोल्ने भाषा,	• कमलामाई नगरपालिकाभित्रका प्रमुख जाति र जातिगत विशेषता, चाडपर्वहरू, जातिगत स्थानीय भाषा एवम् लवाइखुवाई, संस्कार, सभ्यताबारे उपयुक्त सन्दर्भ सामग्री, • अनुभव साटासाट, खोजपूर्ण अध्ययन, • परियोजना कार्य जस्ता प्रक्रिया अवलम्बन गर्ने । • जातविशेषका प्रमुख चालचलनको प्रस्तुतिकरण ।	• भिडियो क्लिप्स, फिलिम फुटेज, बास्तविक कला संस्कृति, पहिरन, खानपिन आदि अवलोकन गराइ स्थानीय जातजाति र भाषा सम्बन्धमा प्रश्नोत्तर, सोधपुछ, परियोजना कार्य, अवलोकन आदिको माध्यमले सो सम्बन्धी मूल्याङ्कन गर्ने ।	१३
	• स्थानीय चाडपर्वहरू	• स्थानीय जातिगतरुपमा स्थापित प्रमुख चाडपर्वहरू, ती चाडपर्वमा गरिने मुख्य क्रियाकलापहरू, चाडपर्वहरूको विशेषता, • स्थानीयजातिगत संस्कार, सभ्यता र प्रमुख चालचलनहरू । जातिगत गीत, सँगीत, बाजा ।	• स्थानीय चाडपर्व र यी चाडपर्वहरूमा गरिने क्रियाकलाप, चाडपर्वको विशेषताको बारेमा आवश्यक जानकारी गराउँदै परियोजनाकार्य मार्फत सिकारुलाई स्पष्ट पार्ने । जातिगत तथा स्थानीय स्तरमा चर्चित गीत, सँगीत, बाजा आदिको बारेमा खोजी गरी शिक्षकले सिकारुलाई बताइदिने र सिकारुलाई पनि खोजी गर्ने बानीको विकास गराउने । मोबाइल, फिलिम फुटेज, भिडियो, युट्युब आदि सूचना र प्रविधिमार्फत पनि जातिगत, संस्कारगत विशेषता स्पष्ट पार्न सकिन्छ । गीत, सँगीत तथा बाद्यबादनबारे सूसुचित गर्न पनि ICT लाई उपयोग गर्न सकिन्छ । STEAM शिक्षण पद्धतिमा आधारित एकीकृत शिक्षण ।	• स्वमूल्याङ्कन, कक्षा कार्य विभिन्न खालका प्रश्नावली , छोटा परिच्छेद लेखन, अबलोकन आदि मूल्याङ्कनका प्रक्रियाबाट स्थानीय जाडपर्व र ती चाडपर्वहरूमा गरिने मूख्य क्रियाकलाप, जातिगत सभ्यता, जातिगत गीत, सँगीत एवम् बाद्यबादन सम्बन्धमा मूल्याङ्कन गर्ने ।	७
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• सिन्धुली जिल्लाको ९ ओटा स्थानीय तहको सामान्य परिचय, स्रोत साधनको उपयोग फाइदाहरू ।	• सिन्धुली जिल्लाका सबै स्थानीय तहको सामान्य परिचय दिदै ती स्थानीय तहका प्रमुख स्रोतसाधनको उपयोग गरी फाइदा लिने तरिकाको बारेमा सान्दर्भिक सन्दर्भपुस्तकलाई शिक्षकले उपयोग गर्न सक्नेछन् ।	• कक्षा कार्य, परियोजना कार्य, प्रश्नोत्तर या अन्य सान्दर्भिक विधिमार्फत स्थानीय संरचनाको परिचय, त्यहाँका स्रोत साधनको उपयोग र यसबाट हुने फाइदाहरू सम्बन्धी मूल्याङ्कन गर्ने ।	५

	• स्थानीय विशिष्ट व्यक्तित्व • सहिद	• कमलामाई नगरपालिकाका ऐतिहासिक, शैक्षिक, राजनितिक, साहित्यिक एवम समाजसेवी ऐतिहासिक (विशिष्ट) व्यक्तित्वहरूको चिनारी । • कमलामाईका प्रमुख सहिदहरूको परिचय ।	• कला, संस्कृति, गीत, सँगीत, शिक्षा तथा समाजसेवामा लागेका विशिष्ट व्यक्तिहरूको सामान्य चिनारी गराउन आवश्यक जानकारी आदानप्रदान गर्ने, आफ्नो वडा या छरछिमेकमा रहेका विशिष्ट व्यक्ति। • नेपालको राजनीतिक परिवर्तनमा सिन्धुली जिल्लाबाट सहादत प्राप्त गर्ने व्यक्तित्वहरूमध्ये कमलामाई नगरपालिकाभित्रका सहिदहरूबारे सामान्य जानकारी दिन आवश्यक सन्दर्भ पुस्तकको उपयोग गर्ने । • छलफल, अन्तरक्रिया, परियोजना कार्य आदि ।	• स्वतन्त्र लेखन, • स्वतन्त्र अभिव्यक्ति, • प्रश्नोत्तर आदि माध्यमले स्थानीय विशिष्ट व्यक्ति र सहिद सम्बन्धी मूल्याङ्कन गर्ने ।	५
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण तथा • खानपिन	• बजारमा उपलब्ध विभिन्न जङ्कफुडको प्रयोगले हुने शारीरिक र मानसिक असर । • स्थानीय अन्नवाली, फलफुल, तरकारी तथा दुग्धपदार्थबाट, खाजा, खाना र पेय पदार्थ निर्माण गर्ने तरिका, त्यसको फाइदा र महत्व ।	• बजारमा उपलब्ध जङ्कफुड (पत्रु खाना) को पहिचान गर्दै यसको निर्वाद प्रयोग गर्ने परम्परालाई निरुत्साहित गर्न चेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने । यसको प्रयोगले गर्ने हानी तथा नोक्सानीको बारेमा सिकारुलाई सचेत गराउन चेतनामूलक पोष्टर, पम्प्लेटको प्रयोग गर्न सकिन्छ । विज्ञ व्यक्तिलाई स्रोत शिक्षकको रुपमा आमन्त्रण गरी जङ्कफुडको असरबारे सिकारुलाई सुसूचीत गराउन सकिन्छ ।STEAM Pedaogy मार्फत पनि जंकफुड र स्थानीय पोषणयुक्त खाना तथा पेय पदार्थको बारेमा सुसूचित गर्न सकिन्छ । • स्थानीय स्तरमा पोषणयुक्त खाजा तथा खाना निर्माण गर्ने तरिका तथा यसको फाइदा र महत्वबारे सिकारुलाई जानकारी दिन, आवश्यक छलफल, अनुभव साटासाट तथा अभ्यासात्मक क्रियाकलापअरु सञ्चालन गर्ने /गराउने । अन्य आवश्यक क्रियाकलाप सञ्चालन गरी सिकाइ सहजीकरण गर्न सकिन्छ ।	• अवलोकन, सहपाठी मूल्याङ्कन, विभिन्न खालका लिखित वा मौखिक प्रश्नोत्तर आदिबाट पोषण तथा खानपीन सम्बन्धी के कस्ता सिकाइ उपलब्धि प्राप्त भयो भनेर यकिन गर्ने ।	१३
	• सरसफाइ	• घर र विद्यालयको फोहोरमैला व्यवस्थापन र प्रांगारिक मल उत्पादन ।	• फोहोरमैला व्यवस्थापनको विविध उपायहरूको बारेमा भिडियो प्रदर्शन, अभ्यासात्मक क्रियाकलाप, प्रश्नोत्तर, छलफल जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ । प्रांगारिक मल उत्पादनमा STEAM धारणा, ICT को प्रयोग, भिडियो क्लिप्स आदिको प्रयोग गरी विषयवस्तुबारे थप जानकारी दिन सकिन्छ ।	• सिकारुको व्यवहार अवलोकन, सहपाठी मूल्याङ्कन तथा परियोजना कार्य या अन्य विधिहरूको उपयोग गरेर घर, विद्यालय या वरपरको फोहोर मैला व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।	७

७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद	• विपदहरू (झाडा पखाला, बाढिपहिरो, चट्याङको कारण, असर र यसबाट बच्ने उपायहरू)।	• विपद, यसको सम्भावित कारण, स्थानीय स्तरमा घट्न सक्ने सम्भावित विपदहरू, यसको असर तथा बच्ने उपायहरूबारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, सिमुलेसन, प्रश्नोत्तर, अनुभव आदानप्रदान जस्ता विधिहरूलाई उपयोगमा ल्याउन सकिन्छ।	• प्रश्नोत्तर, सोधपुछ, लिखित या मौखिक प्रश्नोत्तर, कक्षा कार्य आदि मूल्याङ्कनका साधनबाट विपदहरूबारे सिकारुको मूल्याङ्कन गर्ने।	५
	• सुरक्षित हुने उपायहरू	• सुरक्षित वासस्थान (घर र विद्यालय) को आवश्यकता र महत्व। • सुरक्षित विद्यालयका फाइदाहरू। • सुरक्षित विद्यालय निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू आदि।	• सुरक्षित विद्यालय सम्बन्धी यथोचित जानकारी दिन विषयवस्तुको प्रस्तुति, सान्दर्भिक सन्दर्भपुस्तकको प्रयोग, परियोजना कार्य, भ्रमण अवलोकन जस्ता विधिहरू या सान्दर्भिक अन्य विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ। • आफ्नो विद्यालयमा सकभर सुरक्षित वातावरण बनाउदै विद्यार्थीहरूलाई सुरक्षित भएको अनुभूति गराउने।	• कक्षा कार्य, परियोजना कार्य, प्रश्नोत्तर, लिखित वा मौखिक प्रश्नोत्तर विधिबाट सुरक्षित वासस्थान, यसका फाइदाहरू या सुरक्षाका उपायहरू सम्बन्धमा मूल्याङ्कन गर्ने।	५

कक्षा ५

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• .कमलामाईको भौगोलिक परिवेश र जनजीवन • प्राकृतिक र मानवनिर्मित वातावरणको परिचय • कमलामाईका प्रमुख नदी, कमला, गडौली, मरिण, चदाहा, ग्वाङ र ढनमना, खारखोला, तारुखोला तथा अन्य खोलाहरू • कमलामाईको प्राकृतिक स्वरुप, जल, जमीन, जंगल, पहाड, बेसी, फाँटको परिचय, • पोखरी, ताल तथा पानीको मुहान संरक्षणका उपायहरू	• कमलामाईको भौगोलिक परिवेश र यहाँका व्यक्तिहरूको जनजीवन सन्दर्भमा छलफल, अन्तरक्रिया, अनुभव प्रस्तुति, क्षेत्र भ्रममण जस्ता सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ। • प्राकृतिक तथा मानवनिर्मित वातावरण सम्बन्धी विषयवस्तु प्रस्तुति, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधिको प्रयोग। • कमलमाईमा रहेका नदीखोला तथा पानीको मुहान सन्दर्भमा क्षेत्रभ्रमण, अवस्था अवलोकन, परियोजना कार्य प्रस्तुति, एकीकृत शिक्षण योजना तथा STEAM शिक्षण योजनामार्फत पनि स्पष्ट पार्ने तर्फ ध्यान दिई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने। • कमलामाईका नदी तथा खोलाको परिचय र अवस्थितिको बारेमा विषयवस्तु प्रस्तुति, अन्तरिक्रया, अनुभव आदानप्रदान, सान्दर्भिक स्रोत सामग्रीको प्रयोग। • कमलामाईका प्राकृतिक स्वरुप, पानिको मुहान र यसको संरक्षणका उपायहरू सम्बन्धी विषयवस्तुको प्रस्तुति, भिडियो तथा फिलिम फुटेजको	• कक्षा सहभागिता, • कक्षा कार्य, व्यवहार अवलोकन, • अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय वातावरण सम्बन्धमा मूल्याङ्कन गर्ने। • कुराकानी, सोधपुछ • अनुभव आदानप्रदान • लेखाइ प्रस्तुती • लिखित तथा मौखिक परीक्षा यी र यस्तै अन्य सान्दर्भिक मूल्यांकन प्रक्रिया अवलम्बन गर्ने।	१३

			प्रयोग ।		
	• मूल्यमान्यता र • सकारात्मक व्यवहार	• स्थानीय रुपमा प्रचलित असल संस्कार, आचरण, मूल्यमान्यता र सभ्यताको पहिचान र ग्रहण गर्न, • अग्रजको सम्मान गर्न, .सानालाई माया गर्न तथा सत्य बोल्ने बानीको विकास गर्न, • अपाङ्गताहरूसँग सहकार्य गर्न तथा समाज स्वीकृत व्यवहारको ग्रहण गर्न, • विद्यालय, घर तथा समाजको स्थापित नियमको पालना गर्न । सकारात्मक सोचको विकास ,	• स्थानीय संस्कार, असल आचरण, नैतिक मूल्यमान्यता सम्बन्धी विषयवस्तुको प्रस्तुति, अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापको प्रयोग । • समाज स्वीकृत व्यवहार तथा समाजको स्थापित नीति नियम सम्बन्धी जानकारीका लागि अनुभव आदानप्रदान, विषयवस्तुको प्रस्तुति, मूल्य रेखा/ (Value Line) STEAM शिक्षणको प्रयोग या अन्य सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापहरूको प्रयोग ।	• व्यवहार अवलोकन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन, परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्याङ्कन गर्ने ।	१०
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, ब्यावसाय	• कमलामाईस्थानीय पेसा (कृषि, घरेलु तथा साना उद्योग, व्यापार, सेवा क्षेत्र) को परिचय, महत्त्व, • अन्नबाली, फलफुल, तरकारी खेति गर्ने तरिका, त्यसमा लाग्ने प्रमुख रोगहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिका । • जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन । • अन्नबाली, फलफुल तरकारी उत्पादन गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, उपचार र	• अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन्ने खेतीपातिमा लाग्ने रोहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ । • विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने । • एकीकृत शिक्षण सिकाइ क्रियाकलाप तथा STEAM Pedagogy को माध्यमले एकीकृत शिक्षणको अवधारणामार्फत अन्नबाली, पशुपन्छीपालन तथा जीविकोपार्जनका तरिकाहरू अपनाउन उत्प्रेरित गर्न सकिन्छ ।	• कक्षा कार्य, प्रश्नोत्तर, परियोजना तथा प्रयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुति आदिको आधारमा स्थानीय पेसा तथा व्यावसायको सम्बन्धमा मूल्याङ्कन गर्ने । • अनुभव आदानप्रदान • निरन्तर विद्यार्थी मूल्यांकन • लिखित तथा मौखिक परीक्षा • रुब्रिक्स अभिलेखीकरण, यी र यस्तै	९

		उत्पादन गरी जीविकोपार्जनमा सहजता बनाउन, प्राकृतिक संरक्षणका लागि बृक्षारोपण,		प्रक्रियाद्वारा मूल्याकन गर्ने ।	
	• स्थानीय सीप र प्रविधि	• सालको पात, भोर्लाको पात केराको पात वा अन्य बनस्पतिको पातबाट दुना, टपरी, बोहोती आदि सामग्री निर्माणको सीप । माटो, ढुंगा, बाँस, काठ, लेखिसकेका डट्पेन, खर, काँस, मकैको खोप्टा, गहुँको छवाली, आदिबाट विभिन्न उपयोगी तथा सजावटका सामग्रीहरूको निर्माण र प्रयोग । • यी सामाग्री निर्माणमा STEAM को सन्दर्भ ।	• स्थानीय प्रविधि तथा सीपको प्रयोग गरी जीवीकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर दुना, टपरी, कुचो, पिरा, सजावट या अन्य घरेलु सामग्रीहरू निर्माणको अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । • सिकारुलाई बढीमा ५ ओटा ऐच्छिक घरेलु सामग्री निर्माणको सीप विकास गराउने तर्फ योजना बनाई आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न, स्थानीय घरेलु उद्योग तथा सञ्चालकहरूसँग अनुभव आदानप्रदान गर्ने वातावरण निर्माण गर्नतर्फ शिक्षक क्रियाशील हुने । घरेलु सामग्री निर्माण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप सञ्चालनको लागि सम्भव भए सूचना तथा अन्य प्रविधिहरूलाई पनि उपयोगमा ल्याउन सकिन्छ । • STEAM Pedagogy तथा एकीकृत शिक्षण सिकाइ योजनाद्धारा सामाग्री निर्माणको STEAM प्रक्रिया सुझाउने ।	• अबलोकन, प्रयोगात्मक तथा परियोजना कार्य, • लिखित वा मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने ।	११
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• सिन्धुली गढीको युद्धमा हाम्रा पुर्खाहरूले गरेको योगदान, सिन्धुलीगढीको विकास, प्रचार प्रसार र संरक्षणका प्रयासहरू • कमलामाईमा अवस्थित धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र पुरातत्व सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू । • पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरू । • प्रमुख मठमन्दिरहरू, गुम्बा, चर्च लगायतका सांस्कृतिक सम्पदाहरूको परिचय, महत्व र संरक्षणका उपायहरू	• कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै सिन्धुलीगढीको युद्धमा हाम्रा पुर्खाहरूले गरेको योगदान तथा सिन्धुलीगढीको विकास तथा प्रचारप्रसारमा कमलामाई नगरपालिका, बाग्मती प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने । • कालीमाई, कमलामाई, सिद्धबाबा, भद्रकाली, सिद्धगढी, गणेस्थान,जलकन्यादेवी, पेमा उर्गेन, तासी छ्योलिंग गुम्बा, साढेथान आदि सांस्कृतिक एवम् पर्यटकीय स्थलको बारेमा विषयवस्तु प्रस्तुति । • कमलामाईमा अवस्थित सम्पदाहरू मध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख ५-५ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने ।	• प्रश्नोत्तर, परियोजना कार्य, लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्धारा मूल्याङ्कन गर्ने । • क्षेत्रभ्रमण • अवस्था अवलोकन • रुजुसूची • सोधपुछ • निरन्तर मूल्यांकन	२५

४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति र भाषा	• कमलामाईभित्रका विभिन्न जातजातिहरू, जनजाति, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित तथा पिछडिएको बर्गको परिचय । • जातिगत चालचलन र धर्मसंस्कारको परिचय, महत्व र संरक्षणका उपायहरू, • जातिगत भाषा संस्कृतिको परिचय र संरक्षणका उपायहरू ।	• किमलामाईमा वसोबासगर्ने जातिगत संस्कार, सभ्यता, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अवलम्बन गर्न उत्प्रेरित गर्ने । • जातिगत चिनारी तथा प्रमुख विशेषता र उनीहरूको संस्कार एवम् संस्कृतिको सन्दर्भमा अन्तरक्रिया, छलफल, अनुभव आदानप्रदान जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउने प्रयास गर्ने । • भिडियो क्लिप्स, अवलोकन आदि ।	• कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुति आदि • मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने ।	१०
	• स्थानीय चाडपर्वहरू	• जातिगत चाडपर्व, , गीत, मेलापर्व, जात्रा आदि । • स्थानीय वाजाहरू (मुरली, पञ्चेबाजा, ढ्यांग्रो, खैजेडी आदि निर्माणमा STEAM को सन्दर्भ	• स्थानीय तथा जातिगत गीत, सँगीत, बाद्यबादन, मेलापर्व, जात्रा जातिगत चाडपर्व आदिको बारेमा आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने । बाध्यबाधनको संरचनामा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिंग, कला, गणित (STEAM) को पहिचान । • अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ । बाध्यबाधन, मेलापर्व, चाडबाड आदि सन्दर्भमा अन्तरक्रिया विधि उपयोगमा ल्याउन सकिन्छ । • अतिरिक्त क्रियाकलापका रुपमा लोक नृत्य, बाद्यबादन, आदि प्रतियोगिता सञ्चालन गरी विद्यार्थीलाई सरिक गराउने ।	• स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने ।	१०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• कमलामाईमा उपलब्ध प्रमुख साधन र स्रोतको पहिचान र संरक्षणका उपायहरू • जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकार ।	• सिन्धुली जिल्लाको स्थानीय तहहरूमा उपलब्ध प्रमुख स्रोतसाधन, जिल्ला समन्वय समिति र स्थानीय तहको संरचना, काम, कर्तव्य र अधिकारबारे उपयुक्त सन्दर्भ सामग्री र क्रियाकलाप उपयोग गर्दै सिकारुलाई सहजीकरण गर्ने । • परियोजना कार्य, क्षेत्रभ्रमण, सामुदायिक कार्य जस्ता विधि तथा प्रक्रियाको अवलम्बन ।	• प्रश्नोत्तर, कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाइ उपलब्धिको अवस्था मूल्याङ्कन गर्ने ।	५
	• स्थानीय विशिष्ट व्यक्तित्व र सहिद	• कमलामाईका ऐतिहासिक, शैक्षिक, राजनितिक, साहित्यिक, एवम् समाजसेवी व्यक्तित्वहरूको चिनारी । • सहिदहरूको परिचय र उहाँहरूको योगदान ।	• स्थानीय विशिष्ट व्यक्तित्वहरू अन्तर्गत समाजसेवामा योगदान पुऱ्याएका व्यक्तित्वहरू तथा राजनीति एवम् सामाजिक परिवर्तनमा योगदान दिई सहादत प्राप्त गरेका सहिदहरूको सामान्य परिचय र उहाँहरूको योगदानबारे वक्तृत्वकला, खोज अनुसन्धान, परियोजना कार्य, विषयवस्तुको प्रस्तुति जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउन सकिन्छ । • व्यक्तिगत भेटघाट, परियोजना कार्य ।	• सामुहिक या व्यक्तिगत रुपमा सिकारुलाई विशिष्ट व्यक्तित्व र सहिदको चिनारी एवम् योगदानको बारेमा लिखित वा मौखिक प्रस्तुति गर्न लगाउने, परियोजना कार्य दिने र सोको आधारमा मूल्याङ्कन गर्ने ।	५

६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण र खानपिन	• जङ्कफुड परिचय र यसको असर र यसबाट बच्ने उपाय । • घरमा निर्मित स्वस्थ खाना, खाजा र पेय पदार्थको निर्माण, प्रयोग, फाइदा, महत्व र यसको सकारात्मक पक्ष । • स्थानीय स्तरमा घरेलु समानबाट दिवा खाजा बनाउने तरिका, त्यसको उपयोग र फाइदा ।	• जङ्कफुड (पत्रुखाना), को परिचय, यसको असर र यसबाट बच्ने उपायहरू, घरमा निर्मित पोषणयक्त खाना, यसको महत्व, फाइदा र यसको निर्माण, प्रयोग गर्ने तरिका जस्ता विषयवस्तुबारे सान्दर्भिक विषयवस्तुको प्रस्तुति, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरू सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने । • परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप, • सामुदायिक कार्य तथा STEAM Pedagogy को प्रयोग ।	• परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया, व्यवहार अवलोकन या अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाइ उपलब्धि सिकारुमा प्राप्त भए या नभएको यकिन गर्ने ।	१३
	• सरसफाइ	• भान्सा, घर, विद्यालबाट निष्काशित फोहोर मैलाको व्यवस्थापन तथा प्रांगारिक मल र विरुवामा जलसिंचाइमा प्रयोग । • वातावरणीय सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन ।	• भान्सा, घर, विद्यालयबाट निष्काशित फोहोरमैलाको व्यवस्थापन, तरल फोहोरलाई थोपा सिचाइँ या करेसाबारी सिचाइमा उपयोग गर्ने, गल्ने फोहोर वस्तुबाट प्रांगारिक मल निर्माण गर्ने तरिका सम्बन्धमा अनुभव आदानप्रदान, • वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी चेतना अभिवृद्धि गर्न सान्दर्भिक क्रियाकलाप तथा सान्दर्भिक प्रयोगात्मक गतिविधि तथा परियोजना सञ्चालन गर्ने/गराउने ।	• व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया तथा प्रयोगात्मक र परियोजना कार्यको माध्यमले सरसफाइ सम्बन्धी मूल्याङ्कन गर्ने ।	७
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद व्यवस्थापन	• भुकम्प, आँधिहुरी, आगलागि आदि विपतबाट बच्ने उपायहरू । • विपद व्यवस्थापनका उपायहरूको अवलम्बन । • सुरक्षित विद्यालयको परिचय, आवश्यकता र महत्व ।	• स्थानीय तहमा घट्न सक्ने तथा घटिरहेका विपदहरू र यसबाट बच्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ । • फिलिम फुटेज, भिडियो प्रदर्शन, विपद अवलोकन, अन्तरक्रिया जस्ता विधिहरूलाई अवलम्बन गर्न सकिन्छ । • भूकम्पबाट बच्ने तरिकावारे अभ्यासात्मक क्रियाकलापहरू गराउने ।	• प्रश्नोत्तर, सिकरुको व्यवहार प्रदर्शन, कक्षा कार्य, लिखित या मौखिक जानकारी आदिको माध्यकले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।	५
	• सुरक्षित विद्यालय	• विद्यालयलाई सुरक्षित बनाउने तरिका । • विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि ।	• सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन पर्छ ? विद्यालयलाई के कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरूको सुरक्षाको लागि अपनाउनुपर्ने उपायहरूबारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ । • STEAM को धारणामार्फत विद्यालय भवन, कक्षाकोठा, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू सिकाउन सकिन्छ ।	• लिखित वा मौखिक अभिव्यक्ति, विद्यार्थीको अनुभव प्रदर्शन, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्ने ।	५

कक्षा ६

क्षेत्र	विषयवस्तु	विषयवस्तुको विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा

१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय भूगोल र वातावरण	• **कमलामाईको भौगोलिक स्वरुप र विशेषता :** कमलामाई नगरपालिकाको भूगोल, माटो, भौगोलिक अवस्थिति, स्वरुप र विशेषता • **स्वच्छ वातावरण निर्माणका स्थानीय अभ्यासहरू:** फोहोमैला व्यवस्थापनको सन्दर्भमा कुहिने फोहोरलाई खाल्डोमा संकलन गरी कम्पोष्ट मल बनाउने, घर तथा भान्साबाट निस्कने फोहोर तरलबस्तु संकलन गरी करेसाबारी सिचाइ गर्न, शिशाजन्य तथा धातुजन्य फोहोर घरबाट टाडा ढड्यान क्षेत्र या उपयोगमा नआउने स्थानमा व्यवस्थापन गर्ने, तुलसीको मोठ निर्माण गरी तुलसीपत्र रोप्ने, धारा, पधेरामा तुलसीपत्र तथा अन्य बहुगुणी बनस्पति रोप्ने, बरपिपल रोप्ने र संरक्षण गर्ने यी र यस्तै अभ्यासहरू । • **स्वच्छ वातावरणको सकारात्मक प्रभावहरू:** स्वच्छ वातावरणका लागि बहुगुणी बनस्पति, फुल, रुख विरुवाहरू रोप्ने, फोहोरमैला व्यवस्थापनको लागि छुट्टै स्थान निर्धारण गर्ने, खानेपानीको स्रोतभन्दा टाढा शौचालय निर्माण गर्ने जस्ता कुराहरूले हामीलाई स्वस्थ जीवनयापनमा सहयोग गर्दछ । रोगबाट बच्न तथा सभ्यताको परिचय दिन पनि स्वच्छ वातावरणले सघाउँछ ।	• कमलामाईको भौगोलिक अवस्था, उचाइ, माटोको प्रकृति र विशेषता सम्बन्धमा क्षेत्रभ्रमण, छलफल, अन्तरक्रिया, सो सम्बन्धी सन्दर्भ सामग्रीको प्रयोग, विषयवस्तु प्रस्तुति, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधिको प्रयोग । • STEAM Pedagogy मार्फत विषयवस्तुको एकीकृत प्रस्तुति र सिकाइ सहजीकरण । • विद्यालयको भान्साबाट निस्कने, विद्यालयमा उपलब्ध कुहिने वस्तुहरूबाट प्रांगारिक मल निर्माणको अभ्यासात्मक कार्य, विद्यालयको करेसावारीमा निष्कासित पानी तथा निर्माण गरिएको प्रांगारिक मलको प्रयोग । • नकुहिने वस्तुहरूको व्यवस्थापन अभ्यास । • घर तथा विद्यालयमा बहुउपयोगी वनस्पति रोप्ने, संरक्षण गर्ने परियोजनामा आधारित कार्य । • परियोजनामा आधारिकत क्रियाकलाप, विभिन्न सन्दर्भ सामग्रहरूको प्रयोग गरी स्वच्छ वातावरण निर्माणका प्रयोगात्मक क्रियाकलाप सञ्चालन । • रोगबाट बच्न व्यक्तिगत तथा सामुदायिक सरसफाइ, विद्यालयको सरसफाइमा ध्यान दिने, शौचालयको सरसफाइ जस्ता कुराहरूको बारेमा सिकारुलाई सूसुचित गराउने तथा अभ्यासात्मक क्रियाकलापमा सहभागी गराउने । • बहुगुणी बनस्पति, फुल, रुख विरुवाहरू रोप्ने, फोहोरमैला व्यवस्थापनको लागि छुट्टै स्थान निर्धारण गर्ने, खानेपानीको स्रोतभन्दा टाढा शौचालय निर्माण गर्ने जस्ता कुराहरूले हामीलाई स्वस्थ जीवनयापनमा सहयोग गर्दछ र रोगबाट बच्न तथा सभ्यताको परिचय दिन पनि स्वच्छ वातावरणले सघाउँछ भन्ने सन्दर्भमा छलफल र अन्तरक्रिया गर्ने ।	• कक्षा सहभागिता, • कक्षा कार्य, • व्यवहार अवलोकन, • अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय वातावरण सम्बन्धमा मूल्याङ्कन गर्ने । • परियोजना कार्यबाट प्राप्त विवरण मूल्यांकन • सामुदायिक कार्यबाट प्राप्त विवरणको लेखाजोखा • लिखित, मौखिक प्रश्नोत्तर आदि । • निरन्तर मूल्यांकन • अपेक्षित सिकाइ उपलब्धिका लागि सुधारात्मक शिक्षण र त्यसपछि रुब्रिक्स अभिलेखीकरण र मूल्यांकन • यी र यस्तै प्रक्रिया अपनाएर विद्यार्थी मूल्यांकन गर्ने ।	१३

	• मूल्यमान्यता र • सकारात्मक व्यवहार	• **सामुहिकता तथा मेलमिलापको संस्कृतिः** समूहमा मिलेर काम गर्ने, जिम्मेवारी बाँडफाँड गर्ने, मेलमिलापयुक्त वातावरण निर्माण गर्ने उपाहरू । • **अपांगतामैत्री तथा समावेशी व्यवहार** : अपांगता भएकाहरूको लागि विशेष अवसर, सहयोग तथा सवैको लागि अनुकूल व्यवहार गर्ने/गराउने संस्कृतिका विकास । • **लैंगिकमैत्री तथा सकारात्मक विभेद** : लैगिक विभेद अन्त्यका लागि थप सहायता प्रदान गर्दै लैगिक समानता कायम गर्ने उपायहरू जस्तै छात्राहरूको लागि थप सुविधा र अवसरको सुनिश्चितता ।	• जन्ती, मलामी, धार्मिक तथा सांस्कृतिक कार्यक्रम, कुलपुजा, सार्वजनिक स्थलको संरक्षण आदिमा जिम्मेवारी बाँडफाड गर्ने कार्य सम्बन्धी अनुभव आदानप्रदान, स्थानीय प्रबुद्ध व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा प्रयोग गरी यी विषय सम्बन्धमा थप जानकारी प्रदान गर्न सकिन्छ । • अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापमको प्रयोग । • अपांगतामैत्री तथा लैंगिकमैत्री संरचना, कक्षाकोठा, शौचालय, उनीहरूलाई विशेष अवसरका लागि स्थानीय तह, संघ/संस्थाले गरेका प्रयासहरू आदि सम्बन्धमा अनुभव आदानप्रदान, विषयवस्तुको प्रस्तुति, मूल्य रेखा/ (Value Line) को प्रयोग या अन्य सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापहरूको प्रयोग ।	• व्यवहार अवलोकन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन, • परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्याङ्कन गर्ने । • लिखित, मौखिक तथा अभिव्यक्ति प्रदर्शन मूल्यांकन ।	१०
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, व्यावसाय	• **कृषि तथा गैरकृषि व्यावसायको प्रवर्द्धन र उद्यमशीलताः** कृषि उत्पादन, पशुपन्छीपालन, जडिबुटि तथा बहुउपयोगी वनस्पति खेती, स्थानीय औपचारिक तथा अनौपचारिक आर्थिक गतिविधिहरू (सरसापट, ऐँचोपैँचो, मेलापात) यी र यस्तै व्यावसायहरू । उद्यमशील बन्ने उपायहरू • **जराबुटा कला र कलाघरको परिचयः** कमलामाई नगरपालिका वार्ड नं ४ निर्माण र विकास गरिएको जराबुटा कला र उत्पादन गरिएका कलाको सामान्य परिचय, कमलामाई नगरपालिका वार्ड नं ३ मा विकास गरिएको कलाघर र यसले गरेका कार्यहरूको परिचय	• कृषि तथा गैरकृषि व्यावसाय प्रबर्द्धन र उद्यमशीलता सम्बन्धमा STEAM PEdagogy, एकीकृत शिक्षण सिकाइ क्रियाकला, परियोजनामा आधारित सिकाइ क्रियाकलाप जस्ता प्रक्रिया अवलम्बन गर्न सकिन्छ । • अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरूबारे सिकारुलाई समुचित जानकारी दिन सकिन्छ । • क्षेत्रभ्रमण, प्रत्यक्ष अवलोकन, अनुभव आदानप्रदान, सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने । • जराबुटा कला र कलाघरले कमलामाईको पहिचानमा गरेको सहयोग सम्बन्धमा स्थलगत भ्रमण र सो सम्बन्धीका सरोकारलाहरूसंग परामर्श गर्ने ।	• कक्षा कार्य, प्रश्नोत्तर, परियोजना तथा प्रयोगात्मक कार्य, • लिखित वा मौखिक प्रस्तुति आदिको आधारमा स्थानीय पेसा तथा व्यावसायको सम्बन्धमा मूल्याङ्कन गर्ने ।	९

	• स्थानीय सीप र प्रविधि	• **रैथाने उद्यम** : डोको, नाम्लो, पातका घरेलु सामग्रीहरू काठ तथा माटा र अन्य स्थानीय वस्तुहरूद्धारा घरेलु सामग्रीको निर्माण, विक्रिवितरण गरी या यस्तै उत्पादनशील कार्यहरू गरी उद्यमशीलताको विकास । • **रैथाने प्रविधिहरूको पहिचान र संरक्षणः** ऊखु पेल्ने कोल, तोरी पेल्ने कोल, ढिकी, जातो, घट्ट, आरन, खल, दाइगर्ने प्रविधि, मोहीपार्ने प्रविधि, रैथाने बाद्यबादन (मादल, खैजेडी, पञ्चेबाजा, आदि) यी र यस्तै रैथाने प्रविधिको पहिचान गरी संरक्षणका उपायहरू ।	• रैथाने उद्यम तथा सिप प्रवर्द्धनमा STEAM Pedagogy मार्फत यसको विज्ञान, टेक्नोलोजी, इन्जिनियरिंग, कला र गणित (STEAM) सम्बन्धमा जानकारी गराउने । • स्थानीय प्रविधि तथा सीपको प्रयोग गरी जीवीकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर डोको, नाम्लो, पातका घरेलु सामग्रीहरू काठ तथा माटा र अन्य स्थानीय वस्तुहरूद्धारा घरेलु सामग्रीको निर्माण, विक्रितिवरण गरी या यस्तै उत्पादनशील कार्यहरू गरी उद्यमशीलताको विकाससम्बन्धमा स्पष्ट पार्ने । • अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । • सिकारुलाई बढीमा रैथाने प्रविधिहरूको पहिचान र संरक्षण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप सञ्चालनको लागि सम्भव भए सूचना तथा अन्य प्रविधिहरूलाई पनि उपयोगमा ल्याउन सकिन्छ । • रैथाने प्रविधिको महत्व, आवश्यकता र पहिचान सम्बन्धमा परियोजनामा आधारित क्रियाकलाप संचालन गर्न सकिन्छ । • विद्यार्थीले निर्माण गरेको रैथाने सिपमा आधारित सामग्री Puppet Model प्रदर्शन गराउने ।	• अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य, • लिखित वा मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने । • सिप प्रदर्शन प्रतिश्पर्धा • निर्मित सामग्री अवलोकन मूल्यांकन	११
३. ऐतहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• **हाम्रो गौरवः सिन्धुली गढीः** ऐतिहासिक सिन्धुली गढीको गौरवपूर्ण इतिहास, परिचय र महत्व, गढीको संरचनागत विकास । • **कमलामाईको सम्पदाः** नगरपालिकाभित्र रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक र पर्यटकीय सम्पदाहरूको परिचय : कमलामाई नगरपालिका भित्रका सम्पदाहरू धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक सम्पदा (मठमन्दिर, गुम्बा,)	• कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै सिन्धुलीगढीको युद्धमा हाम्रा पुर्खाहरूले गरेको योगदान तथा सिन्धुलीगढीको विकास तथा प्रचारपसारमा कमलामाई नगरपालिका, बाग्मती प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने । • युद्ध सँग्राहलय निर्माण, गढी दरवारको पुननिर्माण, पृथ्वी नारायण शाहको शालिक अनावरण, बंशु गुरुङ, श्रीहर्ष पन्त, बंशराज पाण्डे, विरभद्र उपाध्यायको शालिक, अवलोकन गरी सिन्धुली गढीको गौरवपूर्ण इतिहासको बारेमा जानकारी गराउन सकिन्छ । • कमलामाईमा अवस्थित सम्पदाहरू मध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख १-१ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने ।प्रयोगात्मक कार्य अन्तर्गत सिकारुलाई यसबारे स्पष्ट पार्ने ।	• प्रश्नोत्तर, परियोजना कार्य, • लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने । • परीक्षा बाहेकका मूल्यांकनका साधनहरू जस्तै अवलोकन, रुजुसूची आदिलाई पनि मूल्यांकनमा उपयोग गर्ने ।	२५

४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति र भाषा	• **स्थानीय जातजाति र संस्कार एवम् संस्कृतिः** कमलामाई नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरू (मगर, तमांग, नेवार, माझी) उनीहरूको संस्कार, संस्कृति एवम् चालचलन, मूल्यमान्यता, गीत, संगीत एवम् बाद्यबाधन • **जातिगत भाषा** : कमलामाई नगरपालिकामा बसोवास गर्ने जातिगतरुपमा अस्तित्वमा रहेका भाषा, (मगर, तमांग, नेपाल भाषा, माझी आदि) को सामान्य परिचय	• स्थानीय जातजाति र संस्कार एवम् संस्कृति सम्बन्धमा (मगर, तमांग, नेवार, माझी) जातिगत संस्कार, सभ्यताको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अबलम्बन गर्न उत्प्रेरित गर्ने । यी जातिको मूल्यमान्यता, गीत, एवम् बाद्यबाधन सम्बन्धमा क्षेत्रभ्रमण तथा सामुदायिक कार्यमार्फत थप जानकारी लिन सिकारुलाई उत्प्रेरित गर्ने , • सामुदायिक कार्य, परियोजना कार्य यी जातिहरूको भाषागत विशेषता पहिल्याउने, • स्थानीय भाषा प्रयोगमा विद्यार्थीलाई अभ्यास र उत्प्रेरित गर्ने ।	• कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुति आदि • मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने ।	१०
	• स्थानीय चाडपर्वहरू	• **स्थानीय तथा जातिगत चाडपर्वहरू** : गढी विजय दिवस, बैशाखे र मंसिरे पूर्णीमा, साउने र माघे सक्रान्ति, दशै, तिहार, छठ, ल्होसार, गोठपुजा, लदी पूजा यी र यस्तै अन्य चाडपर्वहरू । • **स्थानीय मेला, पर्व, जात्रा** : माइस्थान मेला (माघे सक्रान्ति), भद्रकाली (दशैंको फुलपाती, अष्टमी), सिद्धबाबा मेला (शिवरात्री),	• गढी विजय दिवस, बैशाखे र मंसिरे पूर्णीमा, साउने र माघे सक्रान्ति, दशै, तिहार, छठ, ल्होसार, गोठपुजा, लदी पूजा यी र यस्तै अन्य चाडपर्वहरूबारे थप पाठ्य सामग्रीमार्फत सिकारुलाई सुसूचित गर्ने । • स्थानीय मेला, पर्व,जात्रा सम्बन्धमा क्षेत्र भ्रमण, परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलापलाई उपयोगमा ल्याउन सकिन्छ । आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने । • अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ ।	• स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने ।	१०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• **कमलामाई नगरपालिकाको संरचनाः** वडागत संरचना (१४ वडा) को परिचय तथा जनसंख्याको अवस्था • **कमलामाई नगरपालिकाभित्रका प्रमुख प्राकृतिक स्रोत साधनहरूको परिचयः** जल, जमीन, जंगल, जडीबुटी,	• कमलामाई नगरपालिकाको संरचना (कार्यपालिकाको बनोट) तथा १४ वटा वडाहरूको वडागत विवरण र जनसंख्याको अवस्था सम्बन्धमा विभिन्न स्रोत सामग्रीद्धार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । • कमलामाईमा उपलब्ध प्रमुख स्रोतसाधन (जल, जमिन, जंगल, जडिबुटि)बारे परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । • वडागत तहमा गरिएका स्रोत साधन संरक्षणका प्रयासहरूको बारेमा स्थानीय स्तरमा सञ्चालित परियोजनाहरूको क्षेत्रभ्रमणको व्यवस्था गर्ने	• प्रश्नोत्तर, कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाइ उपलब्धिको अवस्था मूल्याङ्कन गर्ने । • परियोजना कार्य प्रस्तुति मूल्यांकन • लिखित तथा मौखिक प्रश्नोत्तर • सोधपुछ तथा छलफलबाट प्राप्त नतिजा अभिलेखीकरण ।	५

	• स्थानीय विशिष्ट व्यक्तित्व र सहिद	• **कमलामाईका विशिष्ट व्यक्तित्व तथा सहिदहरूको परिचयः** साहित्यकार उमानाथ शास्त्री सिन्धुलीय, लोक गायक कृष्णविक्रम थापाकोजीवनी • **देश र जनताका लागि आफ्नो ज्यान आहुति दिने सहिदहरू** : ऋषिराज देवकोटाको जीवनी ।	• स्थानीय विशिष्ट व्यक्तित्वहरू अन्तर्गत समाजसेवामा योगदान पुऱ्याएका व्यक्तित्व, **कृष्णविक्रम थापा**तथा राजनीति एवम् सामाजिक परिवर्तनमा योगदान दिई सहादत प्राप्त गरेका सहिदहरूको सामान्य परिचय र उहाँहरूको योगदानबारे वक्तृत्वकला, खोज अनुसन्धान, परियोजना कार्य, विषयवस्तुको प्रस्तुति जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउन सकिन्छ । • सहिद **ऋषिराज देवकोटा,**को जीवनी सम्बन्धमा विभिन्न सान्दर्भिक सन्दर्भपुस्तकलाई उपयोगमा ल्याउन सकिन्छ ।	• सामुहिक या व्यक्तिगत रुपमा सिकारुलाई विशिष्ट व्यक्तित्व र सहिदको चिनारी एवम् योगदानको बारेमा लिखित वा मौखिक प्रस्तुति गर्न लगाउने, परियोजना कार्य दिने र सोको आधारमा मूल्याङ्कन गर्ने ।	५
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण र खानपिन	• **जंकफुड (पत्रुखाना) को नकारात्मक प्रभाव :** पुड्कोपन, अधिक मोटाइ, दाँत र आँतमा पुग्ने असर आदि । • **स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाना** : मकै भटमास, सातु, स्थानीय खाना, मोही, दही, सलाद, सर्वत, जाउलो, ढिडो, कोदोको खोले, हलुवा, चाम्रे आदि	• जङ्कफुड (पत्रुखाना), यसको असर र यसबाट बच्ने उपायहरू सम्बन्धमा विषयवस्तुको प्रस्तुति • स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाना निर्माणको STEAM पद्धति, घरमा निर्मित पोषणयुक्त खाना, यसको महत्व, फाइदा र यसको निर्माण, प्रयोग गर्ने तरिका जस्ता विषयवस्तुबारे सान्दर्भिक विषयवस्तुको प्रस्तुति, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरू सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने ।	• परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया, व्यवहार अवलोकन या अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाइ उपलब्धि सिकारुमा प्राप्त भए या नभएको यकिन गर्ने ।	१३
	• स्वास्थ्य र सरसफाइ	• **रैथाने उपचार पद्धतिको परिचयः** विभिन्न रोगहरू लाग्दा गरिने स्थानीय उपचार जस्तै पेट दुख्दा वा अपच हुँदा ज्वानो र विरेनुनको प्रयोग, पखाला लाग्दा अम्बाको बोक्राको रस सेवन, माछाको काडा अड्किदा गुराँसको फुलको प्रयोग, काटेको ठाउँमा लगाइने स्थानीय जडबिुटीहरू र अन्य रैथाने उपचार पद्धतिको प्रयोग • **स्वस्थ जीवनका लागि सरसफाइः** भान्सा, ओछ्यान र घर तथा आँगनको सरसफाइ, घरबाट निस्कने फोहोरमैलाको उपयोगी व्यवस्थापन र प्रांगारिक मल तथा सिचाइको लागि उपयोग आदि ।	• अभ्यासात्मक क्रियाकलाप तथा अनुभव आदानप्रदान • स्थानीय अनुभवी व्यक्तिहरूसंगको छलफल र अन्तरक्रिया • स्थानीय रैथाने उपचार पद्धतिमा प्रयोग हुने वस्तुहरूबारेमा सो सम्बन्धमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन । • परियोजनामा आधारित तथा प्रयोगात्मक क्रियाकलापहरू • स्वस्थ जीवनका लागि भान्सा, ओछ्यान र घर तथा आँगनको सरसफाइ, घरबाट निस्कने फोहोरमैलाको उपयोगी व्यवस्थापन र प्रांगारिक मल तथा सिचाइको लागि उपयोग गर्ने अभ्यासात्मक क्रियाकलाप सहभागी गराइ शिक्षण सिकाइ क्रियकाकलाप सञ्चालन गर्न सकिन्छ ।	• व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया तथा प्रयोगात्मक र परियोजना कार्यको माध्यमले रैथाने उपचार पद्धतिबारे परिचित भए/नभएको यकिन गर्ने, • बूँदागत रुपमा सिकारुलाई विभिन्न रैथाने उपचार पद्धतिको बारेमा प्रस्तुत गर्न लगाइ मूल्यांकन गर्ने • लिखित वा मौखिक रुपमा पनि सो सम्बन्धमा मूल्यांकन गर्न सकिन्छ ।	७

७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद व्यवस्थापन	• **स्थानीय विपदहरू** : डढेलो, आँधीहुरी, आगलागि, बाढीपहिरो आदि विपतका कारणहरू बच्ने उपायहरू । • **विपद व्यवस्थापनका उपायहरू**: विपद हुनु अघि, विपदका समय र विपदपछिको अवस्थामा गर्नुपर्ने व्यवस्थापकीय पक्षहरू ।	• घट्न सक्ने तथा घटिरहेका विपदहरू र यसबाट बच्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ । • परियोजनामा आधारित क्रियाकलापहरू • सामुदायिक कार्यहरू ।	• प्रश्नोत्तर, सिकरुको व्यवहार प्रदर्शन, कक्षा कार्य, लिखित या मौखिक जानकारी आदिको माध्यकले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।	५
	• सुरक्षित विद्यालय	• विद्यालयलाई सुरक्षित बनाउने तरिका । • विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि ।	• सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन पर्छ ? विद्यालयलाई के कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरूको सुरक्षाको लागि अपनाउनुपर्ने उपायहरूबारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ ।	• लिखित वा मौखिक अभिव्यक्ति, विद्यार्थीको अनुभव प्रदर्शन, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्ने ।	५

कक्षा७

क्षेत्र	विषयवस्तु	विषयवस्तुका विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• . **कमलामाईको भौगोलिक र प्राकृतिक वस्तुस्थितिः** कमलामाईका विभिन्न क्षेत्रको भौगोलिक पक्ष, (उचाइ, ढाल, खोँच, टार, पाखा, फाट, आदि जल, जमिन, जीवजन्तु) • **वातावरण संरक्षणका रैथाने र आधुनिक अभ्यासहरूः** बाढी पहिरो नियन्त्रणमा वृक्षारोपण, अम्रिसो रोपण, बाँस रोपण, शौचालय र पानीको मुहानविचको दुरी, बहुगुणी वनस्पतिको प्रयोग र संरक्षण यी र यस्तै अभ्यासहरू), तटबन्धन, फोहोरवस्तुको रिसाइकल तथा विवेकशील व्यवस्थापन • **वातावरण संरक्षणमा क्रियाशील स्थानीय संघ/संस्था तथा टोल सुधार समूहहरूः** : स्थानीय संघ संस्था तथा विभिन्न समूह तथा समितिहरूको कामहरू • **वातारण संरक्षणमा कमलामाई नगरपालिकाले गरेका कार्यहरूः** ग्वांगखोला सरसफाइ, फोहोर मैला संकलन र व्यवस्थापन, बृक्षारोपण आदि ।	• कमलामाईका विभिन्न क्षेत्रको भौगोलिक पक्ष, (उचाइ, ढाल, खोँच, टार, पाखा, फाट, आदि जल, जमिन, जीवजन्तु) आदि सम्वन्धमा विषयवस्तु प्रस्तुति, • सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, छलफल, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधि (ICT) को प्रयोग । • वातावरण संरक्षणका रैथाने र आधुनिक अभ्यासहरूसम्वन्धमा चार्ट, तालिका, विषयवस्तुको प्रस्तुति, छलफल, भ्रमण अलोकन विधिको प्रयोग । • वातावरण संरक्षणका रैथाने र आधुनिक अभ्यासहरूमा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिंग, कला र गणित (STEAM) को सन्दर्भ पहिचान बारेमा विषयवस्तु प्रस्तुति, अन्तरक्रिया, अनुभव आदानप्रदान, सान्दर्भिक स्रोत सामग्रीको प्रयोग । • वातावरण संरक्षणमा क्रियाशील स्थानीय संघ/संस्था तथा टोल सुधार समूहहरूः, स्थानीय संघ संस्था तथा विभिन्न समूह तथा समितिहरूको कामहरू अध्ययन अवलोकन तथा क्षेत्रभ्रमणको माध्यमले प्रस्ट्याउने । • प्रत्यक्ष अवलोकन, क्षेत्रभ्रमण, परियोजनामा आधारित क्रियाकलाप आदि माध्यमले वातारण संरक्षणमा कमलामाई नगरपालिकाले गरेका कार्यहरूः ग्वांगखोला सरसफाइ, फोहोर मैला संकलन र व्यवस्थापन, बृक्षारोपण जस्ता विषयवस्तुको बारेमा सिकाइ सहजीकरण गर्न सकिन्छ ।	• कक्षा सहभागिता, • कक्षा कार्य, • व्यवहार अवलोकन, • अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय वातावरण सम्वन्धमा मूल्याङ्कन गर्ने । • लिखित तथा मौखिक परीक्षाबाट प्राप्त नतिजा विश्लेषण • अभ्यासात्मक क्रियाकलाप अवलोकन • STEAM परियोजना प्रस्तुति मूल्यांकन तथा अभिलेखीकरण, • सिकारुलाई प्रतिवेदन प्रस्तुति गर्न लगाइ त्यसको मूल्यांकन। • सामुदायिक कार्य तथा परियोजना कार्यबाट प्राप्त विवरण विश्लेषण • रुब्रिक्स मूल्यांकन आदि ।	१३

	• मूल्यमान्यता र • सकारात्मक व्यवहार	• **.स्थानीय असल अभ्यासहरूको अनुसरणः** सम्मान, सत्कार, सहयोग, मेलमिलाप, सरसापट, जन्त, मलामी • **विभेद, विकृति र कुरीति विरुद्धको आवाजः** बालविवाह, छुवाछुत, फजुल खर्च, दाइजो, यी र यस्ता विकृति र कुरीति नियन्त्रणका उपायहरू, श्रमलाई सम्मान, आलोचनात्मक चेतना अभिवृद्धि	• अवस्था अध्ययन, परियोजनामा आधारित सिकाइ सहजीकरण आदिको माध्यमले स्थानीय असल अभ्यासहरूको अनुसरणकोसन्दर्भमा सम्मान, सत्कार, सहयोग, मेलमिलाप, सरसापट, जन्त, मलामी आदि कुराको अनुसरण गर्न उत्प्रेरित गर्ने • विषयवस्तुको प्रस्तुति, अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अवलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापमको प्रयोग । • बालविवाह, छुवाछुत, फजुल खर्च, दाइजो, यी र यस्ता विकृति र कुरीति नियन्त्रणका उपायहरू, श्रमलाई सम्मान, आलोचनात्मक चेतना अभिवृद्धिका लागि अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने	• व्यवहार अवलोकन, स्वमूल्याङ्कन, सहपाठी मूल्याङ्कन, • परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्याङ्कन गर्ने । • व्यवहार परिवर्तन मूल्यांकन	१०
२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, ब्यावसाय	• **एक व्यक्ति एक उद्यमः** यसका लागि स्थानीय सामग्रीबाट उत्पादन गर्न सकिने एक व्यावसाय वा उद्योग निर्माणका लागि उद्यम छनौट (दुना, टपरी, बाँसका सामग्री, काठका सामग्री अर्थात स्थानीय मूल्यनपर्ने या कम मूल्यपर्ने वस्तुहरूबाट सजावट या घरेलु उपयोगमा आउने सामग्रीहरूको उत्पादन) उपयुक्त पेसा व्यावसायको छनौट र कार्यान्वयन • **रैथाने पेसा व्यावसायको प्रबर्द्धन र विकासः** आरन, कोल, ढिकी, जातो, मोही पार्ने प्रविधि, बाद्यबाधन या यी र यस्तै रैथाने प्रविधिको परिचय, विकास र प्रचार प्रसार • **स्थानीय उत्पादन, संरक्षण र विकास** : अन्नबाली, फलफुल तरकारी (जुनार, भुइकटर, केरा, लिचि, अदुवा, बेसार आदि) उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, घरेलु उपचार र उत्पादन गरी जीविकोपार्जन	• अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन्न खेतीपातिमा लाग्ने रोहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ । • विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने । • रैथाने पेसा व्यावसायको प्रबर्द्धन र विकास सम्बन्धमा सिकारुलाई स्पष्ट पार्न आरन, कोल, ढिकी, जातो, मोही पार्ने प्रविधि, बाद्यबादन या यी र यस्तै रैथाने प्रविधिको परिचय, विकास र प्रचार प्रसार सम्बन्धमा विषयवस्स्तु प्रस्तुति, छलफल • अन्नबाली, फलफुल तरकारी (जुनार, भुइकटर, केरा, लिचि, अदुवा, बेसार आदि) उत्पादन तथा बजारीकरण गरी आर्थिक लाभ लिने क्रियामा सहभागी, पशुपन्छीपालन, त्यसमा लाग्ने रोगहरूको पहिचान, घरेलु उपचार र उत्पादन गरी जीविकोपार्जन जस्ता विषयवस्तुलाई एकीकृत अवधारणा र STEAM Pedagogy मार्फत स्पष्ट पार्ने ।	• कक्षा कार्य, प्रश्नोत्तर, • परियोजना तथा प्रयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुति आदिको आधारमा स्थानीय पेसा तथा व्यावसायको सम्बन्धमा मूल्याङ्कन गर्ने । • परियोजना कार्य प्रस्तुति मूल्यांकन • प्रतिवेदन प्रस्तुति मूल्यांकन • सामुदायिक कार्य प्रस्तुति अवलोकन • रुजुसूची फाराम मूल्यांकन आदि मूल्यांकनका प्रक्रिया अवलम्बन गरेर अपेक्षित सिकाइ उपलब्धी प्राप्त भए/नभएको यकिन गर्ने र अपेक्षित सिकाइ उपलब्धि प्राप्त नभए सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गरी पून मूल्यांकन गर्ने ।	९

	• स्थानीय सीप र प्रविधि	• **रैथाने प्रविधिहरूको विकास र संरक्षणमा भएका प्रयासहरू :** स्थानीय स्तरमा विभिन्न क्लब संघ/संस्था या पालिकाले रैथाने प्रविधि संरक्षणमा खेल्नुपर्ने भूमिका र गरेका कार्यहरू • **जराबुटा कला तथा कलाघरको महत्व र पर्यटन प्रवर्धन** : रुखका जराबाट निर्माण गरिएका सामग्रीहरूको संग्रालय (कमलामाई ४ मा अवस्थित) को प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्व, कलाघर (कमलामाई ३ मा अवस्थित) का कला विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी ।	• छलफल, अन्तरक्रिया, विषयवस्तुको प्रस्तुति आदिको माध्यमले स्थानीय स्तरमा विभिन्न क्लब संघ/संस्था या पालिकाले रैथाने प्रविधि संरक्षणमा खेल्नुपर्ने भूमिका र गरेका कार्यहरूबारे स्पष्ट पार्ने । • रुखका जराबाट निर्माण गरिएका सामग्रीहरूको संग्रालय (कमलामाई ४ मा अवस्थित) को प्रचार प्रसार, संरक्षण र पर्यटकीय महत्व, कलाघर (कमलामाई ३ मा अवस्थित) का कला विकास र संरक्षणमा गरेका कार्यहरूको परिचय, संरक्षण एवम् विकास तथा प्रचारप्रसार र पर्यटकीय सम्भावनाको खोजी सम्बन्धा विषयवस्तु प्रस्तुति र छलफल गर्ने । • जरावुटा कला संग्रालयलाई पर्यटकीय गन्तव्य बनाउने सम्भावनाहरूको खोजि सन्दर्भमा परियोजनामा आधारित क्रियाकलापमा सिकारुलाई आवद्ध गर्ने ।	• अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य, • लिखित वा मौखिक कार्य, • सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने ।	११
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• **सिन्धुली गढीः** सिन्धुली गढीको इतिहास, गढी युद्धमा हाम्रा पुर्खाहरूको बलिदानी र योगदान • **सिन्धुली गढी संरक्षण र विकासमा भएका प्रयासहरूः** कमलामाई नगरपालिका, संघ र प्रदेश सरकारले गढी संरक्षणमा गरेका कार्यहरूको परिचय • **सिन्धुली जिल्लाको प्रमुख सम्पदाहरूको परिचयः** जिल्लामा अवस्थित धार्मिक, ऐतिहासिक प्राकृतिक, सांस्कृतिक र पुरातत्व सम्पदाहरू (हरिहरपुर गढी, पञ्कन्या पोखरी, कुशेश्वर महादेव, कालीखोला महादेव, फिक्कल) • **पर्यटनका लागि सम्भावित गन्तव्यहरूको पहिचान, प्रचार प्रसार र संरक्षणका उपायहरूः** सिन्धुली गढीदेखी हरिहरपुर गढीसम्मको पदमार्ग, सिन्धुली गढीको पर्यटकीय महत्व आदि ।	• सिन्धुली गढीको क्षेत्रभ्रमण, कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै सिन्धुलीगढीको युद्धमा हाम्रा पुर्खाहरूको बलिदानी र गरेको योगदानबारे सिकारुलाई प्रष्ट्याउने • सिन्धुलीगढीको विकास तथा प्रचारपसारमा कमलामाई नगरपालिका, बाग्मती प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने । • सिन्धुली जिल्लामा अवस्थित सम्पदाहरू मध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख २-२ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने । • सन्धुली गढीदेखी हरिहरपुर गढीसम्मको पदमार्ग, सिन्धुली गढीको पर्यटकीय महत्व सन्दर्भमा सोधखोज विधि, अध्ययन अवलोकन विधि, सामुदायिक कार्य विधि आदिको माध्यमले प्रस्ट पारिदिने	• प्रश्नोत्तर, परियोजना कार्य, • लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने । • प्रविदेन प्रस्तुति मूल्यांकन । • रुब्रिक्स अभिलेखीकरण	२५

४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति र भाषा	• **जातजातिका मुख्य संस्कार र संस्कृतिको परिचयः**विभिन्न जातजातिको मुख्य जातिगत संस्कार एवम् चालचलन र मूल्यमान्यता • **जातिगत भाषा र पहिरनः** दनुवार, सुनुवार, थामी र गुरुंगको भाषा, संस्कारगत पहिरन र विशेषता • स्थानीय लोपोन्मुख तथा सीमान्तकृत जातिगत विशेषता, दलित सशसक्तीकरण र उत्थानका अभ्यासहरू	• सिन्धुली जिल्लाभित्रका जातिगत (**दनुवार, सुनुवार, हायू, थामी गुरुंग**)संस्कार, सभ्यता, चाडपर्व, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अबलम्बन गर्न उत्प्रेरित गर्ने । • दनुवार, सुनुवार, हायू, थामी गुरुंङको मुख्य जातिगत संस्कार एवम् चालचलन र मूल्यमान्यता, भाषा, संस्कार, पहिरन आदिको वारेमा विषयवस्तु प्रस्तुति, छलफल, अन्तरक्रिया, अनुभव आदानप्रदान गरी प्रस्ट्याउने । • स्थानीय लोपोन्मुख तथा सीमान्तकृत जातिगत विशेषता, दलित सशसक्तीकरण र उत्थानका अभ्यासहरूबारे सुसूचित गर्न विभिन्न विधि तथा प्रविधिहरूको उपयोग गर्ने ।	• कक्षा कार्य, परियोजना कार्य, लिखित वा मौखिक प्रस्तुति आदि • मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने ।	१०
	• स्थानीय चाडपर्वहरू	• **स्थानीय पहिचानः** जातिगत चाडपर्व, बाजा, गीत, संगीत, बाध्यबादन मेलापर्व, जात्रा र तिनका विशेषताहरू आदि ।	• जातिगत चाडपर्व, बाजा, गीत, संगीत, बाध्यबादन मेलापर्व, जात्रा र तिनका विशेषताहरू आदिको बारेमा आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने । • अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ ।	• स्वतन्त्र अभिव्यक्ति, सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने ।	१०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• **स्थानीय तथा प्रादेशिक संरचनाको सिन्धुली जिल्लागत परिचयः** सिन्धुली जिल्लाका ९ वटा स्थानीय तह, दुईवटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्रको परिचय र जननिर्वाचित प्रतिनिधिहरूको परिचय । • **स्थानीय स्रोत साधनको संरक्षण र सम्बर्धनः** स्थानीय तहले स्रोत साधन संरक्षणमा गरेका प्रयासहरू • **स्रोत साधन दोहन नियन्त्रणः** अवैधानिक रुपमा स्रोत साधन दोहन गर्ने प्रवृत्ति नियन्त्रणका उपायहरू	• सिन्धुली जिल्लाका ९ वटा स्थानीय तह, दुईवटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्रको परिचय र जननिर्वाचित प्रतिनिधिहरूको परिचय गराउन छलफल तथा विषयवस्तुको प्रस्तुति गर्ने । • परियोजना कार्य, क्षेत्रभ्रमण, भिलेज प्रोफाइल अध्ययन आदिको माध्यमले स्थानीय तहले स्रोत साधन संरक्षणमा गरेका प्रयासहरूबारे बताउने । • सामुदायिक कार्य तथा छलफल र अन्तरक्रियको माध्यमले स्थानीय तहले स्रोत साधन संरक्षणमा गरेका प्रयासहरूबारे बताउने । • स्रोत साधनका अवैधानिक दोहन नियन्त्रणका उपायहरूबारे छलफल तथा अन्तरक्रिया गर्ने, • सामुदायिक कार्य मार्फत स्रोतसाधन दोहन गर्ने प्रवृत्ति नियन्त्रणका उपायहरूको खोजी गर्न सिकारुलाई उत्साहित गर्ने ।	• प्रश्नोत्तर, कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाइ उपलब्धिको अवस्था मूल्याङ्कन गर्ने । • प्रतिवेदन प्रस्तुति मूल्यांकन • सामुदायिक कार्य पश्चात् सिकारुको अभिव्यक्ति मूल्यांकन • छोटा तथा लामा उत्तर आउने प्रश्नहरूद्धारा विद्यार्थी मूल्यांकन आदि ।	५

	• स्थानीय विशिष्ट व्यक्तित्व र सहिद	• **विशिष्ट व्यक्तित्वः** सिन्धुली जिल्लाका ऐतिहासिक, शैक्षिक, राजनितिक, साहित्यिक, एवम् समाजसेवी व्यक्तित्वहरूको चिनारी • **सहिदः**सिन्धुली जिल्लाका प्रमुख सहिदहरूको परिचय र उहाँहरूको योगदान	• स्थानीय विशिष्ट व्यक्तित्वहरू **उमानाथ शास्त्री सिन्धुलीय),**समाजसेवामा योगदान पुऱ्याएका व्यक्तित्त्वहरू तथा राजनीति एवम् सामाजिक परिवर्तनमा योगदान दिई सहादत प्राप्त गरेका सहिदहरू(**बाबुराम वराल**) को परिचय र अन्य सहिदहरूको योगदानबारे वक्तृत्वकला, खोज अनुसन्धान, परियोजना कार्य, विषयवस्तुको प्रस्तुति जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउन सकिन्छ ।	• सामुहिक या व्यक्तिगत रुपमा सिकारुलाई विशिष्ट व्यक्तित्व र सहिदको चिनारी एवम् योगदानको बारेमा लिखित वा मौखिक प्रस्तुति गर्न लगाउने, परियोजना कार्य दिने र सोको आधारमा मूल्याङ्कन गर्ने ।	५
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण र खानपिन	• **जंकफुड(पन्नुखाना) र पोषणयुक्त खानाको पहिचानः** स्वास्थ्यलाई हानी गर्ने प्याकेटका खानेकुरा, चक्लेट, विस्कुट, चाउचाउ आदि र घरमा निर्माण गरिएका खाना, जाउलो, सातु, खिचडी, मोही, सर्वत आदिको पहिचान र पोषणयुक्त खानाको प्रयोग • **घरेलु परिकार** (विभिन्न खाने कुरा तथा पेय पदार्थ) को परिचय र निर्माण विधिः घरमा नै बनाउन सकिने विभिन्न खाने तथा पेय पदार्थ निर्माण र उपयोग गर्ने तरिका • **रैथाने तथा स्वउपचारका विधि तथा पद्धतिहरूः** परम्परागत उपचार पद्धतिमा प्रयोग गरिने वनस्पति तथा जडिबुटिहरू :हर्रो, बर्रो, निम, गुर्जो, असुरो, अदुवा, वेसार, पाँचऔंले, वनमारा, भृङ्गीराज आदि र यसको प्रयोग गर्ने अवस्था र तरिका	• स्वास्थ्यलाई हानी गर्ने प्याकेटका खानेकुरा, चक्लेट, विस्कुट, चाउचाउ आदि र घरमा निर्माण गरिएका खाना, जाउलो, सातु, खिचडी, मोही, सर्वत आदिको पहिचान र पोषणयुक्त खानाको प्रयोग विषयवस्तुबारे सान्दर्भिक विषयवस्तुको प्रस्तुति, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरू सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने । • घरेलु रुपमा बनाइने विभिन्न रैथाने परिकार सेलरोटी, सर्वोत्तम पिठो, सातु, खिचडी, सर्वत आदि निर्माणमा प्रयोगात्मक क्रियाकलाप गर्न सकिन्छ । • घरेलु खाना तथा पेय पदार्थ निर्माणमा STEAM को पहिचान र एकीकृत बुझाइमा STEAM Pedagogy आधारित सिकाइ क्रियाकलाप सञ्चालन गर्ने । • रैथाने उपचार पद्धतिमा प्रयोग गरिने वनस्पति तथा जडिबुटिहरू :हर्रो, बर्रो, निम, गुर्जो, असुरो, अदुवा, वेसार, पाँचऔंले, वनमारा, भृङ्गीराज आदि र यसको प्रयोग गर्ने अवस्था र तरिका सम्वन्धमा छलफल एवम् परियोजनामा आधारित क्रियाकलाप उपयोग गर्ने । •	• परियोजना कार्यबाट प्राप्त विवरण मूल्यांकन • अभिभावकसँग अन्तरक्रिया, व्यवहार अवलोकन • यी र यस्तै अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाइ उपलब्धि सिकारुमा प्राप्त भए या नभएको यकिन गर्ने । • लिखित तथा मौखिक परीक्षा • प्रतिवेदन मूल्यांकन • व्यवहार परिवर्तन • सामुदायिक कार्य अवलोकन ।	१३

	• सरसफाइ	• **फोहो मैला व्यवस्थापनः**समुदाय, उद्योगधन्दा, भान्सा, घर, विद्यालबाट निष्काशित फोहोर मैलाको व्यवस्थापन तथा फोहोर मैला व्यवस्थापनलाई आम्दानीको स्रोत बनाउने तरिका • **वातावरणीय सरसफाइ तथा फोहोर मैलाको व्यवस्थापन** : वातावरणीय सरसफाइमा विवेकशील एवम दीर्घकालीन कार्यहरू (बुक्षारोपणः बाढि पहिरो जाने स्थानमा बाँस, अम्रिसो तथा अन्य उपयोगी विरुवा रोप्ने, जालि भर्ने, पर्खाल लगाउने) आदि ।	• समुदाय, उद्योगधन्दा, भान्सा, घर, विद्यालयबाट निष्काशित फोहोरमैलाको व्यवस्थापन गर्ने तथा वातावरणीय सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्दा कुहिने र नकुहिने बस्तुको बर्गिकरण गरी संकलन गर्ने, • फोहोरमैलाबाट प्रांगारिक मल उत्पादन गर्ने, नकुहिने फोहोरमैला जस्तै बोटल, प्लाष्टिक आदिलाई पुनः प्रयोग गर्ने गरी रिसाइकल गर्ने, प्लाष्टिक तथा अन्य प्लाष्टिकजन्य फोहोरबाट विभिन्न उपयोगी सामग्रीहरूको निर्माण गर्ने र त्यसलाई विक्रि गरी आम्दानीको स्रोत बनाउनेबारे छलफल गर्ने, • वातावरणीय सरसफाइ तथा फोहोरमैलाको व्यवस्थापनमा बृक्षारोपण, विवेकशील एवम् दीर्घकालीन सरसफाइ योजना, ढल निकासका कार्यक्रमहरूबारे विषयवस्तु प्रस्तुति ।	• व्यवहार अवलोकन, • अभिभावकसँग अन्तरक्रिया तथा प्रयोगात्मक र परियोजना कार्यको माध्यमले सरसफाइ सम्बन्धी मूल्याङ्कन गर्ने । • निरन्तर मूल्यांकन • व्यवहार परिवर्तन अभिलेखीकरण	७
७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद व्यवस्थापन	• **विपद व्यवस्थापनका उपायहरूः** सजगता, सुरक्षा • **जीवन सुरक्षाका लागि अपनाउनुपर्ने सुरक्षात्मक प्रावधानः** गम्भिरता, • **घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापनः** सहज र सुरक्षित वसाइ,	• विपद व्यवस्थापनपूर्व अपनाउनुपर्ने सावधानी र सुरक्षाका विभिन्न सान्दर्भिक उपाहरूको बारेमा छलफल तथा अन्तरक्रिया, भिडियो क्लिप्स प्रस्तुत गरी आवश्यक उपायहरूबारे सिकारुलाई बताइदिने, • **घर तथा विद्यालय सुरक्षा तथा सुरक्षित बसाइ व्यवस्थापनः** सहज र सुरक्षित वसाइ सम्बन्धमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ ।	• प्रश्नोत्तर, सिकारुको व्यवहार प्रदर्शन, कक्षा कार्य, लिखित या मौखिक जानकारी आदिको माध्यकले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने ।	५
	• सुरक्षित विद्यालय	• **विद्यालयलाई सुरक्षित बनाउने तरिका** : सरकारी तथा स्थापित मापदण्डको प्रयोग • **सुरक्षित बनाउने उपायहरूः** विद्यालयको भवन, कक्षाकोठा, खेलमैदान, धारा, शौचालय, चमेनागृह आदिलाई सुरक्षित बनाउने उपायहरू आदि ।	• सुरक्षित विद्यालय के हो ? यसको आवश्यकता किन पर्छ ? विद्यालयलाई के कसरी सुरक्षित बनाउन सकिन्छ ? कक्षाकोठा, खेलमैदान, शौचालय, चमेना गृह लगायत दैनिक सम्पर्कमा आइरहने स्थानहरूको सुरक्षाको लागि अपनाउनुपर्ने उपायहरूबारे प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ ।	• लिखित वा मौखिक अभिव्यक्ति, विद्यार्थीको अनुभव प्रदर्शन, परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्ने ।	५

कक्षा ८

क्षेत्र	विषयवस्तु	विषयवस्तुका विस्तृतिकरण	सिकाइ सहजीकरण क्रियाकलाप	मूल्याङ्कन प्रक्रिया	कार्य घन्टा
१. स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	• स्थानीय वातावरण	• **सिन्धुली जिल्लाको भौगोलिक तथा प्राकृतिक अवस्था** (पहाड, जल,जमिन, जंगल) प्रकृति, विशेषता र संरक्षणका उपायहरू । • **सिन्धुली जिल्लामा रहेका प्रमुख** नदीः सुनकोशी र सुनकोशी डाइभर्सन • **पर्यावरणीय सन्तुलनमा हाम्रो भूमिकाः** वातावरण संरक्षणमा व्यक्ति, समुदाय, स्थानीय सरकार र संघ/संस्थाको भूमिका । • **वातावरण संरक्षण र सकारात्मक विकासः** दीर्घकालीन विकासका लागि पर्यावरणीय सन्तुलन कायम गर्ने उपायहरू ।	• सिन्धुली जिल्लाका भौगोलिक तथा प्राकृतिका अवस्था, यसका विशेषता र संरक्षणका उपायहरू सन्दर्भमा विषयवस्तु प्रस्तुति, सान्दर्भिक दृष्टान्त, प्रश्नोत्तर, परियोजना कार्य, सान्दर्भिक सूचना प्रविधिको प्रयोग । • पर्यावरणीय सन्तुलनमा हाम्रो भूमिका सम्बन्धमा बादविवाद, विश्लेषण, विचार सम्प्रेषण, सन्दर्भ सामग्रीको प्रयोग तथा वातावरण संरक्षण सम्बन्धमा चार्ट, तालिका, विषयवस्तुको प्रस्तुति, छलफल, भ्रमण अलोकन विधिको प्रयोग । • वातावरण संरक्षणमा व्यक्ति, समुदाय, स्थानीय सरकार र संघ/संस्थाको भूमिकाबारे छलफल र विषयवस्तुको प्रस्तुति • दिर्घकालीन विकासका लागि पर्यावरणीय सन्तुलनका उपायहरू सम्बन्धी विषयवस्तुको प्रस्तुति, भिडियो तथा फिलिम फुटेजको प्रयोग ।	• कक्षा सहभागिता, • कक्षा कार्य, व्यवहार अवलोकन, अभिभावकसँग अन्तरक्रिया वा यस्तै साधनहरूद्धारा स्थानीय वातावरण सम्वन्धमा मूल्याङ्कन गर्ने । • लिखित तथा मौखिक प्रश्नोत्तर • प्रतिवेदन लेखन र प्रस्तुति मूल्यांकन • परियोजना कार्य मूल्यांकन अभिलेखीकरण • यी र यस्तै अन्य प्रक्रिया अपनाएर विद्यार्थी मूल्यांकन गर्ने ।	१३
	• मूल्यमान्यता र • सकारात्मक व्यवहार	• **सामाजिक नियम र नैतिक नियमको पालनाः** घर, समाज र विद्यालयमा सकारात्मक व्यवहार र नैतिक मूल्यमान्यताको उपयोग गरी असल नागरिक बन्न • **सकारत्मक चिन्तनका लागि योग, ध्यान र उपासना** : शारीरिक व्यायाम, योग, ध्यान, उपसाना, व्रत, सात्विक खाना तथा लागूपदार्थ दुर्व्यसनी विरुद्धको साझा संकल्प, जनचेतना अभिवृद्धि । • **मितव्ययी जीवनशैलीका लागि जीवनोपयोगी शिक्षाः** मितव्ययी जीवनशैली निर्वाह गर्न जीवनोपयोगी शिक्षाको प्रयोग ।	• स्थानीय संस्कार, असल आचरण, नैतिक मूल्यमान्यता सम्बन्धी विषयवस्तुको प्रस्तुति, अभ्यासात्मक क्रियाककलाप, परियोजना कार्य, व्यवहार अलोकन आदि सान्दर्भिक सिकाई सहजीकरण क्रियाकलापमको प्रयोग । • समाज स्वीकृत व्यवहार तथा समाजको स्थापित नीति नियम सम्बन्धी जानकारीका लागि अनुभव आदानप्रदान, विषयवस्तुको प्रस्तुति, मूल्य रेखा/ (Value Line) समालोचनात्मक चिन्तन, STEAM को सन्दर्भ प्रयोग या अन्य सान्दर्भिक सिकाइ सहजीकरण क्रियाकलापहरूको प्रयोग । • मितव्ययी जीवनशैलीका लागि जीवनोपयोगी शिक्षाको बारेमा सिकारुलाई आवश्यक विषयवस्तुको प्रस्तुति, छलफल, अन्तरक्रिया र व्यवहार परिवर्तनका अभ्यासात्मक क्रियाकलापहरू ।	• व्यवहार अवलोकन, • स्वमूल्याङ्कन, • सहपाठी मूल्याङ्कन, • परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया आदिबाट मूल्यमान्यता र सकारात्मक व्यवहार सम्बन्धमा मूल्याङ्कन गर्ने ।	१०

२. स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि	• स्थानीय पेसा, ब्यावसाय	• **कृषि उत्पादनमा आधारित साना तथा घरेलु उद्योग**: उत्पादनसंग गाँसिन कृषि तथा गैरकृषिजन्य घरेलु तथा साना उद्योग विकास तथा घरेलु उद्योग विकास गर्ने उपायहरूको खोजी र कार्यान्वयन । • **रैथाने पेसा व्यावसायको विकास र आधुनिकीकरण**: सामुहिक खेती, सहकारी कृषि तथा पशुपन्छी पालन, च्याउ खेती, महिला समूहबाट सामुहिक उत्पादन तथा खेती, चक्लाबन्दी खेती, अर्गानिक खेती, कागति तथा केरा खेती तथा उद्यम विकास । • **जुनार, भुइकटर तथा अन्य फलफूल र पशुपालन**: फलफुलबाट जुस उत्पादन, दुधजन्य तथा मासुजन्य परिकारको निर्माण, भण्डारण र बजारीकरण , स्थानीय उद्यम विकास, विस्तार र प्रचार प्रसार । • **जराबुटा कला तथा कलाघरको संरक्षण, विकास, र प्रचारप्रसार**: जराबुटा कलाको पहिचान र संरक्षण तथा कलाघरको कला संरक्षणमा उपयोग र विकास ।	• अनुभव साटासाट, अवलोकन, छलफल, विषयवस्तुको प्रस्तुति, परियोजना कार्य जस्ता विधिहरूलाई उपयोग गर्दै स्थानीय पेसाको परिचय र महत्व, विभिन खेतीपातिमा लाग्ने रोहरूको पहिचान र घरेलु विधिबाट उपचार गर्ने तरिकाहरू, जडिबुटि प्रशोधन, बनजंगल संरक्षण गर्ने उपायहरूको अवलम्बन सम्बन्धी विषयवस्तुबारे सहजीकरण सकिन्छ । • विभिन्न पेसा, व्यावसाय गरेर उत्पादनसँग जोडिने र आर्थिक लाभ लिन सिकारुलाई उत्प्रेरित गर्ने सान्दर्भिक गतिविधिहरू सञ्चालन गर्ने । • परियोजनामा आधरित शिक्षण सिकाइ क्रियाकलाप । • सामुदायिक कार्य • क्षेत्रभ्रमण तथा मामला अध्ययनको प्रयोग, • सोधपुछ, अन्तरवार्ता तथा अन्वेषण, • फलफुलबाट जुस उत्पादन, दुधजन्य तथा मासुजन्य परिकारको निर्माण, भण्डारण र बजारीकरण , स्थानीय उद्यम विकास, विस्तार र प्रचार प्रसार सम्बन्धी विज्ञ व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा प्रयोग । • सरोकारवालाहरूसंगको प्रश्नोत्तर र प्राप्त विवरणको छलफलबाट जराबुटा कलाको पहिचान र संरक्षण तथा कलाघरको कला संरक्षणमा उपयोग र विकास सम्बन्धी विषयवस्तुको प्रस्तुति आदि ।	• कक्षा कार्य, प्रश्नोत्तर, परियोजना तथा प्रयोगात्मक कार्य, लिखित वा मौखिक प्रस्तुति आदिको आधारमा स्थानीय पेसा तथा व्यावसायको सम्बन्धमा मूल्याङ्कन गर्ने ।	९
	• स्थानीय सीप र प्रविधि	• **रैथाने प्रविधिको उपयोग**: (डोको, नाम्लो, दुना, टपरी आदिको निर्माण) अन्य आधुनिक सिप प्रवर्धन सम्बन्धी सिप विकास • **रोजगार र स्वरोजगार**: कमलामाई नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम र स्वरोजगारका अवसरहरू • **कमलामाई नगरपालिकाको आर्थिक विकासमा गरेका कार्यहरू**: कमलामाई नगरपालिकाको विनाधितो ऋण प्रवाह र उद्यमशीलतामा यसले गरेको योगदान ।	• स्थानीय रैथाने प्रविधि तथा सीपको प्रयोग गरी जीवीकोपार्जन गर्न उत्साहित गर्ने तथा स्थानीय विज्ञलाई बोलाएर दुना, टपरी, कुचो, पिरा, सजावट या अन्य घरेलु सामग्रीहरू निर्माणको अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने । • सिकारुलाई बढीमा ५ ओटा ऐच्छिक घरेलु सामग्री निर्माणको सीप विकास गराउने तर्फ योजना बनाई आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न, • कमलामाई नगरपालिकाको आर्थिक विकासमा गरेका कार्यहरू, स्थानीय घरेलु उद्योग तथा सञ्चालकहरूसँग अनुभव आदानप्रदान गर्ने वातावरण निर्माण गर्नतर्फ शिक्षक क्रियाशील हुने । घरेलु सामग्री निर्माण सम्बन्धमा आवश्यक सान्दर्भिक क्रियाकलाप सञ्चालनको लागि सम्भव भए सूचना	• अवलोकन, प्रयोगात्मक तथा परियोजना कार्य, • लिखित वा मौखिक कार्य, सीप प्रदर्शन आदिको माध्यमले स्थानीय सीप र प्रविधि सम्बन्धी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने ।	११

			तथा अन्य प्रविधिहरूलाई पनि उपयोगमा ल्याउन सकिन्छ ।		
३. ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	• स्थानीय सम्पदा	• **सिन्धुली गढीको बदलिदो संरचना र स्वरुपः** सिन्धुली गढीको राष्टिय महत्व र बदलिदो संरचनाको जानकारी, सिन्धुली गढीको विकास मार्गचित्र र पुरातात्विक संरचना संरक्षण • **सिन्धुली जिल्लाका प्रमुख सम्पदाहरू र पर्यटकीय सम्पदाहरूः** सिन्धुली जिल्लामा अवस्थित कुनै पाँच प्रमुख पर्यटकीय स्थलहरूको पहिचान र परिचय । • **सम्पदा विकास र संरक्षणमा गरिएका कार्यहरूः** सम्पदाको विकास, संरक्षण र प्रचार प्रसारमा भएका कार्यहरू र गरिनुपर्ने कार्यहरू	• कथाकथन, सोधखोज, परियोजना कार्य, सान्दर्भिक स्रोतसामग्रीको प्रयोग जस्ता विधिको प्रयोग गर्दै सिन्धुलीगढीको युद्धमा हाम्रा पुर्खाहरूले गरेको योगदान तथा सिन्धुलीगढीको विकास तथा प्रचारप्रसारमा कमलामाई नगरपालिका, बाग्मती प्रदेश र संघीय सरकारले गरेका प्रमुख कार्यहरूबारे सिकारुलाई सुसूचित गर्ने । • सिन्धुली जिल्लामा अवस्थित सम्पदाहरू मध्ये धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक (पर्यटकीय) प्रमुख ५-५ ओटा सम्पदाहरूको परिचय, महत्त्व र संरक्षणका उपायहरूबारे समुचित जानकारी दिन सान्दर्भिक क्रियाकलापहरू सञ्चालन गर्ने ।	• प्रश्नोत्तर, परियोजना कार्य, लिखित वा मौखिक प्रश्नोत्तर वा यी र यस्तै मूल्याङ्कनका साधनहरूद्वारा मूल्याङ्कन गर्ने ।	२५
४. जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	• स्थानीय जातजाति र भाषा	• **सिन्धुली जिल्लाको जातिगत चिनारीः** ब्राम्हण, क्षेत्री, ठकुरी, भुजेल, घर्ती, गिरी, पुरीको सामान्य परिचय र जातिगत विशेषता • **भाषा, संस्कार र संस्कृतिः** माथि उल्लिखित जातजातिको भाषा, संस्कार, संस्कृति र मूल्यमान्यता • **जातिगत उत्थानः** लोपोन्मुख, सीमान्तकृत, मुसहर तथा पछि परेका र पछि पारिएका जातजाति उत्थानका उपायहरू	• सिन्धुली जिल्लाभित्रका जातिगत (ब्राम्हण, क्षेत्री, ठकुरी, भुजेल, घर्ती, गिरी, पुरी) को सामान्य परिचय र जातिगत विशेषता सम्बन्धी विषयवस्तुको प्रस्तुति । • संस्कार, सभ्यता, चाडपर्व, धर्मसंस्कारको चिनारी समेटिएका आवश्यक विषयवस्तुको प्रस्तुति तथा छलफल र प्रश्नोत्तरको माध्यमबाट जातिगत भाषा र आफ्नो मातृभाषा संरक्षणका उपायहरू अवलम्बन गर्न उत्प्रेरित गर्ने । • परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलाप मार्फत लोपोन्मुख, सीमान्तकृत, मुसहर तथा पछि परेका र पछि पारिएका जातजाति	• कक्षा कार्य, • परियोजना कार्य, • लिखित वा मौखिक प्रस्तुति आदि मूल्याङ्कनका साधनहरूलाई स्थानीय जातजाति र भाषा सम्बन्धमा सिकारुमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर यकिन गर्ने ।	१०

			उत्थानका उपायहरूको प्रस्तुति ।		
	• स्थानीय भाका, गीत तथा संगीत	• **स्थानीय भाकाः** स्थानीय लोक भाका, पञ्चेबाजा, खैजडी बाजा तथा खैजेडी भजन, सवाइ, बालन, मालसिरी, खाँडो जगाउने, विभिन्न स्थानीय तथा जातिगत नृत्य आदि ।	• स्थानीय तथा जातिगत गीत, सँगीत, बाद्यबादन, मेलापर्व, जात्रा जातिगत चाडपर्व आदिको बारेमा आवश्यक विषयवस्तुको प्रस्तुतिमा STEAM को अवधारणा प्रस्तुत तथा छलफल, अनुभव आदानप्रदान, प्रश्नोत्तर जस्ता विधिलाई सिकाइ सहजीकरणमा उपयोग गर्ने । • अन्य सान्दर्भिक क्रियाकलाप तथा विधि प्रविधिलाई पनि आवश्यकतानुसार उपयोगमा ल्याउन सकिने छ ।	• स्वतन्त्र अभिव्यक्ति, • सामुहिक प्रस्तुति, परियोजना कार्य वा प्रश्नोत्तर विधिलाई स्थानीय चाडपर्वहरूसँग सम्बन्धित विषयवस्तुको मूल्याङ्कन गर्ने ।	१०
५. स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिद	• स्थानीय संरचना	• **सिन्धुली जिल्लाको परिचयः** सिन्धुली जिल्लाको नामाकरण, क्षेत्रफल, सिन्धुली नामाकरणको सन्दर्भ, सीमाना, भौगोलिक एवम् प्राकृतिक अवस्था । • **बागमति प्रदेशको संक्षिप्त परिचयः** यहाँ अवस्थिति जिल्ला संख्या, स्थानीय तह संख्या, मुख्य हिमाल तथा नदीहरू, • **प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोग र संरक्षणः** प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोग गर्ने उपायहरूको खोजी र प्राकृतिक स्रोत साधन संरक्षणका उपायहरू	• **सिन्धुली जिल्लाको परिचयः** सिन्धुली जिल्लाको नामाकरण, क्षेत्रफल, सिन्धुली नामाकरणको सन्दर्भ, सीमाना, भौगोलिक एवम् प्राकृतिक अवस्थाबारेमा सन्दर्भ सामग्रीद्धार विषयवस्तुको प्रस्तुति । • परियोजना र थप पाठ्यसामग्रीको सहायताले बागमति प्रदेशको संक्षिप्त परिचय, यहाँ अवस्थिति जिल्ला संख्या, स्थानीय तह संख्या, मुख्य हिमाल तथा नदीहरूबारे स्पष्ट पारिदिने • प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोग गर्ने उपायहरूको खोजी र प्राकृति स्रोत साधन संरक्षणका उपायहरूबारेमा विषयवस्तुको प्रस्तुति तथा छलफल र अन्तरक्रिया ।	• प्रश्नोत्तर, • कक्षा कार्य या अन्य उपयुक्त विधि अपनाएर सिकारुको सिकाइ उपलब्धिको अवस्था मूल्याङ्कन गर्ने ।	५
	• स्थानीय विशिष्ट व्यक्तित्व र सहिद	• **सिन्धुली जिल्लाका विशिष्ट ब्यक्तित्वहरूः** जीवनी र योगदान • **सहिदः**सिन्धुली जिल्लाबाट राजनीतिक परिवर्तन तथा समाज परिवर्तनमा ज्यान आहुति दिनुहुने सहिदहरूको योगदान ।	• स्थानीय विशिष्ट व्यक्तित्व (**कुलचन्द्र कोइराला /धरणीधर कोइराला**)समाजसेवामा योगदान पुऱ्याएका अन्य विशिष्ट व्यक्तित्वहरू • राजनीति एवम् सामाजिक परिवर्तनमा योगदान दिई सहादत प्राप्त गरेका सहिदहरू(**दुर्गा सुवेदी, दलबहादुर रजन, संझना दहाल, सेरमान कुवँर, मोहन गौतम, महेन्द्र श्रेष्ठ र अन्य**)को सामान्य परिचय र उहाँहरूको योगदानबारे वक्तृत्वकला, खोज अनुसन्धान, परियोजना कार्य, विषयवस्तुको	• सामुहिक या ब्यक्तिगत रुपमा सिकारुलाई विशिष्ट व्यक्तित्व र सहिदको चिनारी एवम् योगदानको बारेमा लिखित वा मौखिक प्रस्तुति गर्न लगाउने, परियोजना कार्य दिने र सोको आधारमा मूल्याङ्कन गर्ने ।	५

			प्रस्तुत जस्ता क्रियाकलापहरूलाई उपयोगमा ल्याउन सकिन्छ ।		
६. पोषण, खानपिन तथा सरसफाइ	• पोषण र खानपिन	• **जंकफुड नियन्त्रणका उपायहरूः** घर तथा विद्यालयमा जंकफुड निषेध गर्ने तथा घरमा निर्माण गरिएका पोषणयुक्त खानेकुराहरूको प्रयोग गर्ने अभियानमा शिक्षक, अभिभावक र स्थानीय सरकारको भूमिका । • **रैथाने खाद्य परिकार निर्माण र प्रयोगः** रैथाने खाद्यपदार्थ निर्माण गर्ने परमपरागत सिप तथा तरिकाको पहिचान र प्रयोग • **रैथाने उपचारपद्धतिका सकारात्मक पक्षहरूः** रैथाने उपचारपद्धतिबाट हुने फाइदाहरू, यसमा प्रयोग गरिने पशुजन्य, जीवजन्य तथा प्राकृतिकजन्य वस्तुहरूको पहिचान र नियमसंगत प्रयोग ।	• जङ्कफुड (पत्रुखाना), यसको असर र यसबाट बच्ने उपायहरू, घरमा निर्मित पोषणयुक्त खाना, यसको महत्व, फाइदा र यसको निर्माण, प्रयोग गर्ने तरिका जस्ता विषयवस्तुबारे सान्दर्भिक विषयवस्तुको प्रस्तुति, परियोजना कार्य, प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप जस्ता गतिविधिहरू सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने । • STAM Pedagogy मार्फत रैथाने खाद्यपदार्थ निर्माण गर्ने परमपरागत सिप तथा तरिकाको पहिचान र प्रयोग सम्बन्धी विषयवस्तुको प्रस्तुति । • स्थानीय जानकार एवम् अनुभवी व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा प्रयोग गरी रैथाने उपचारपद्धतिबाट हुने फाइदाहरू, यसमा प्रयोग गरिने पशुजन्य, जीवजन्य तथा प्राकृतिकजन्य वस्तुहरूको पहिचान र नियमसंगत प्रयोगबारे सिकारुलाई स्पष्ट पारिदिने ।	• परियोजना कार्य, अभिभावकसँग अन्तरक्रिया, • व्यवहार अवलोकन या अन्य उपयुक्त विधिमार्फत पोषण र खानपिन सम्बन्धी अपेक्षित सिकाइ उपलब्धि सिकारुमा प्राप्त भए या नभएको यकिन गर्ने । • आवश्यकतानुसार लिखित वा मौखिक मूल्यांकन प्रक्रियालाई पनि उपयोगमा ल्याउन सकिन्छ ।	१३
	• स्वास्थ्य तथा सरसफाइ	• **स्वस्थ जीवनका लागि स्वउपचार पद्धतिः** स्वास्थ्य जीवनका लागि स्वउपचार र अन्य राम्रा अभ्यासहरूको अनुसरण र प्रयोग, • **सरसफाइः** सरसफाइ र फोहोरमैला व्यवस्थापनका दीर्घकालीन योजना • **सरसफाइ र फोहोरमैला व्यवस्थापन** : पानीका स्रोतहरूमा फोहोरमैला तथा ढल निकास विरुद्धको अभियान, हरित विद्यालय, हरित घर र हरित वातावरणको अवधारणा	• स्वास्थ्य जीवन यापनका राम्रा अभ्यासहरूको अनुसरण र प्रयोग सम्बन्धमा अभ्यासात्मक क्रियाकलापहरू सञ्चालन गर्ने, • सार्थक अन्तरक्रियाको माध्यमले सरसफाइ र फोहोरमैला व्यवस्थापनका दीर्घकालीन योजनाबारेमा बताइदिने, • परियोजना कार्य मार्फत पानीका स्रोतहरूमा फोहोरमैला तथा ढल निकास विरुद्धको अभियान, हरित विद्यालय, हरित घर र हरित वातावरणको अवधारणाबारे स्पष्ट पार्ने ।	• व्यवहार अवलोकन, • अभिभावकसँग अन्तरक्रिया तथा प्रयोगात्मक र परियोजना कार्यको माध्यमले सरसफाइ सम्बन्धी मूल्याङ्कन गर्ने ।	७

७. विपद व्यवस्थापन र सुरक्षित विद्यालय	• विपद व्यवस्थापन	• **विपद न्युनिकरण र व्यवस्थापनः** विपद न्युनिकरणका लागि स्वास्थ्य र सुरक्षाका उपायहरूको अवलम्बन, कोरोना, अन्य महामारी तथा विभिन्न खालका विपद व्यवस्थापनमा ध्यान दिनुपर्ने पक्षहरू, • **विपद व्यवस्थापनका रैथाने अभ्यासहरूः** चट्यांगबाट बच्ने, रोगब्याधी तथा बाढिपहिरो, भुकम्प जस्ता विपदहरूबाट बच्न र विपद व्यवस्थापन गर्न अपनाउनुपर्ने उपायहरूको खोजी र प्रयोग	• विपद न्युनिकरणका लागि स्वास्थ्य र सुरक्षाका उपायहरूको अवलम्बन, कोरोना, अन्य महामारी तथा विभिन्न खालका विपद व्यवस्थापनमा ध्यान दिनुपर्ने उपायहरूको बारेमा सिमुलेसन, प्रयोगात्मक कार्यहरू, प्रश्नोत्तर, छलफल, परियोजना कार्य आदि माध्यमबाट सहजीकरण गर्न सकिन्छ । • सान्दर्भिक विषयवस्तुहरूको प्रस्तुति गर्दै चट्यांगबाट बच्ने, रोगब्याधी तथा बाढिपहिरो, भुकम्प जस्ता विपदहरूबाट बच्न र विपद व्यवस्थापन गर्न अपनाउनुपर्ने उपायहरूको खोजी र प्रयोग गर्न उत्प्रेरित गर्ने । • सामुदायिक कार्य, क्षेत्र भ्रमण, भिडियो फुटेज तथा अन्य सामग्रीहरूको प्रस्तुति गर्दै विपद व्यवस्थापनका रैथाने अभ्यासहरूबारे सिकारुलाई सुसूचित गर्ने ।	• प्रश्नोत्तर, सिकरुको व्यवहार प्रदर्शन, कक्षा कार्य, • लिखित या मौखिक जानकारी आदिको माध्यमले विपद व्यवस्थापन सम्बन्धी मूल्याङ्कन गर्ने । • परियोजना कार्य मार्फत प्राप्त विवरण मूल्यांकन आदि ।	५
	• सुरक्षित बसोबास	• **सुरक्षित स्थानमा एकीकृत वस्तिको अवधारणाः** खेतीयोग्य जमिन प्लटिंग गरी बसोबासको लागि विक्री तिवरण गर्ने प्रवृत्ति विरुद्धको अभियान, सामुहिक र सुरक्षित वस्ति, वसोबास सुरक्षाका उपायहरू • **सुरक्षित विद्यालयः** वरपरका वातावरण संरक्षण र विद्यालय सुरक्षाका लागि अपनाउनुपर्ने व्यवहारिक उपायहरूको खोजी र प्रयोग	• खेतीयोग्य जमिन प्लटिंग गरी बसोबासको लागि विक्री तिवरण गर्ने प्रवृत्ति विरुद्धको अभियान, सामुहिक र सुरक्षित वस्ति, वसोबास सुरक्षाका उपायहरूको बारेमा प्रश्नोत्तर, अभ्यासात्मक क्रियाकलाप या अन्य सान्दर्भिक विधि तथा प्रविधिलाई उपयोगमा ल्याउन सकिन्छ । • छलफल, अन्तरक्रिया, सामुदायिक कार्य, विषयवस्तुको प्रस्तुति आदिको माध्यमले वरपरका वातावरण संरक्षण र विद्यालय सुरक्षाका लागि अपनाउनुपर्ने व्यवहारिक उपायहरूको खोजी र प्रयोग सम्बन्धी विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।	• लिखित वा मौखिक अभिव्यक्ति, • विद्यार्थीको अनुभव प्रदर्शन, • परियोजना कार्य आदिबाट मूल्याङ्कन गर्ने ।	५

९ .सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

स्थानीय पाठ्यक्रम स्थानीय बस्तुस्थितिको सापेक्षतामा तयार गरिने पाठ्यक्रम हो । एउटै पालिकामा पनि स्थानीय विषयवस्तुहरूको सन्दर्भ र परिवेशमा एकरुपता नहुन सक्छ । स्थानीय विषयकोलागि पाठ्यपुस्तकको परिकल्पना गरिदैन तथापी विषयवस्तुसँग सम्बन्धित विभिन्न सन्दर्भपुस्तकहरूलाई उपयोगमा भने ल्याउन सकिन्छ । सिकारुको रुचि, उमेर, क्षमता र स्थानीय परिवेशको जगमा यसको सिकाइ सहजीकरण गर्नुपर्ने भएकोले एउटै विधि वा सिकाई क्रियाकलाप स्थानीय विषयमा सान्दर्भिक हुदैन । यस अर्थमा पनि परिवेश सापेक्ष शिक्षण सिकाइ क्रियाकलाप बाञ्छनीय हुन्छ, स्थानीय पाठ्यक्रमको सिकाइ सहजीकरणको सम्बन्धमा । स्थानीय विषय पढ्ने र पढाइने विषय भन्दापनि गर्ने र गराइने विषय हो । यो स्थानीय विशिष्ट परिस्थिति सापेक्ष हुन्छ जसले गर्दा यसले पाठ्यपुस्तकको परिकल्पना गर्दैन । एउटै पालिकाको विभिन्न क्षेत्रको बस्तुस्थिति पनि फरक फरक हुन सक्ने भएकोले ठाउँ विशेष यसका क्रियाकलापहरू पनि फरक फरक हुन सक्ने सम्भावना रहन्छ । कुनै पनि विषय वस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप, आवश्यक शैक्षणिक योजना निर्माण, त्यसको कार्यान्वयनको आवश्यकता हुन्छ । स्थनीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि पाठ्यक्रमले निर्दिष्ट गरेका विषय क्षेत्रसँग सम्बन्धित भई विभिन्न विद्यार्थी केन्द्रित क्रियाकलाप, परियोजना कार्य, सामुदायिक कार्यलाई उपयोगमा ल्याउन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग गर्दै विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सकिन्छ । स्थानीय पाठ्यक्रम शिक्षणको विधि तथा क्रियाकलाप यही नै हुन्छ र हुनुपर्छ भन्ने हुदैन तथापी शिक्षण सिकाइ गर्दा निम्नानुसार शिक्षण विधि र क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ :

- **छलफल/प्रश्नोत्तर** : विभिन्न विषयहरूमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो र छलफल पश्चात् के कस्ता प्रश्नहरू सोध्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नु पर्छ । उदाहरणका लागि स्थानीय तहमा उत्पादन गरिने तरकारीका बारेमा छलफल गरी प्रश्नोत्तर गर्ने हो भने तलका जस्ता बुँदाहरूमा छलफल गर्न सकिन्छ :

  तिम्रो आमा के काम गर्नुहुन्छ ?
  तिम्रो बुवाले कुन पेसा गर्नुहुन्छ ?
  . तिमी कक्षाकोठा फोहोर भयो भने के गर्छौ ?
  आफूभन्दा ठूलालाई तिमी के गर्छौ ?
  . तिमीलाई कुन फल मनपर्छ ? किन मनपर्छ ?
  . जङ्कफुड (पत्रुखाना) ले हाम्रो स्वास्थ्यमा कस्तो असर पर्छ ?
  . किन स्थानीय स्तरमा निर्मित घरमा बनाएको पोषणयुक्त खाजा खानु पर्छ ?

छलफल विधिका प्रकारहरू:

- समूह छलफल
- गुञ्जसत्र
- मस्ति झन्झा
- प्यानेल छलफल
- विज्ञ छलफल

- **प्रदर्शन** : शिक्षक, विद्यार्थी र सरोकारवालाहरूबाट विभिन्न सामग्रीहरू सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी गराएर गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ । आवश्यकता अनुसार बास्तविक घट्ना या गतिविधिहरू अवलोकन गर्न लगाउने, सान्दर्भिक भिडियो क्लिप्स, फिलिम फुटेज, चित्र, तश्वीर तथा श्रब्य, दृष्य, श्रब्य–दृष्य सामग्री, मोवाइलमा रेकर्ड या भिडियो खिचेर पनि सिकारुलाई देखाउन सकिन्छ । यसो गर्दा विषयवस्तुको बारेमा थप स्पष्ट पार्न सकिन्छ ।
    - तिम्रो घरमा भएका कुनै तिन ओटा अन्नबाली देखाऊ /को नाम भन । वा चित्रमा भिडियोमा भएका मध्ये कुन कुन अन्नबालीहरू तिम्रो घरमा छन् ? कुनै ३ वटा अन्नबालीको नाम भन ।
    - तिम्रो वरपर भएको कुनै दुई मठमन्दिरको नाम लेखेर प्रदर्शन गर ।
    - कुनै एक लोक गीत गाएर सुनाऊ
    - स्थानीय बस्तुको प्रयोग गरी कुनै एक सामग्री निर्माण गर ।
- **सहभागिता** : गरेर सिक (Learning by doing) विधि नै सहभागिता विधि हो । सहभागिता विभिन्न कार्यमा गराउन सकिन्छ । सहभागितामा जिम्मेवारी बढ्छ । तसर्थ विभिन्न कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउनुपर्छ । यसो गर्दा विद्यार्थीहरूले हेरेर र गरेर धेरै कुराहरू सिक्दछन् ।
    - अशक्त व्यक्तिले बाटो काट्न नसक्दा तिमी के गर्छौं ?
    - अपाङ्गता भएका व्यक्तिहरूसँग हामीले कस्तो व्यवहार गर्नुपर्छ ?
- **अवलोकन भ्रमण र अभ्यास** : विद्यार्थीहरूलाई विभिन्न कुराहरूको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनु पर्छ । नदी, नाला, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदा आदिको भ्रमण र अवलोकन गरेर सिकाउन सकिन्छ । अवलोकन भ्रमण पश्चात् सिकारुले सिकेका कुराहरूलाई प्रस्तुत गराउन लगाउने गर्न सकिन्छ ।
- **परियोजना कार्य** : अभ्यास कै महत्त्वपूर्ण अङ्गका रुपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका भनेको के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुराहरू पहिले नै सोच्नु पर्छ । परियोजना कार्य मार्फत करेसाबारी निर्माण, स्थानीय प्रविधिको प्रयोग, फलफूल एवम् तरकारी खेती, स्थानीय सामग्री निर्माण र प्रदर्शन जस्ता कार्यहरू गर्न/गराउन सकिन्छ ।
- **अभिभावकीय संलग्नता** : शिक्षकले स्थानीय विषयवस्तुसँग सम्बन्धित कतिपय सिकारुको व्यवहारसँग गाँसिएका आचरण, मूल्यमान्यता, सोचाइ र व्यवहार परिवर्तत लिखित या मौखिक तवरले सहजीकरण गरेरमात्र पुग्दैन । सिकारुले घरको वातावरण, अभिभावकको सहयोग र निर्देशनबाट सिक्ने गर्दछ । यस्तो परिवेशमा सिकाइ सहजीकरणमा अभिभावकीय संलग्नतालाई पनि समुचित स्थान दिनुपर्ने हुन्छ । अभिभावकको सल्लाह, निर्देशन तथा प्रतिक्रियालाई आधार बनाएर आवश्यकता अनुसार उपचारात्मक शिक्षण पद्धतिलाई पनि उपयोग गर्न सक्नु पर्दछ ।
- **कथाकथन वा गीत/संगीत विधि** : पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाइ उपलब्धि तथा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जगमा रहेर सान्दर्भिक कथा, कविता, गीत तथा संगीतको माध्यमले पनि सिकाई

सहजीकरण गर्न सकिन्छ । यसो गर्दा अपेक्षित सिकाइ उपलब्धि प्राप्तिमा सहजता हुन्छ नै साथसाथै विषयवस्तुको धारणालाई समेत थप स्पष्ट पार्न सकिन्छ ।

- **भूमिका निर्वाह तथा नाटकीकरण विधि** : स्थानीय पाठ्यक्रममा उल्लिखित विषयवस्तुको बारेमा सिकारुलाई स्पष्ट पार्न सिकारु स्वयम्लाई सिकाइ सहजीकरणको माध्यम बनाउन सकिन्छ । यसको लागि सिकारुलाई विभिन्न भूमिका निर्वाह गर्ने वातावरण दिइनु पर्दछ । जस्तै अपाङ्गतामैत्री व्यवहार प्रदर्शन गर्न यदी कक्षाकोठामा अपाङ्ग बालबालिकाहरू छैनन् भने सिकारुमध्ये कुनै एकलाई अपाङ्ग व्यक्तिको रुपमा भूमिका निर्वाह गर्न लगाउने र अरुलाई अपाङ्ग व्यक्तिलाई सहयोग गरेको भुमिका दिएर यो विधि प्रयोग गर्न सकिन्छ । यसैगरी सकारात्मक व्यवहार प्रदर्शन, बृद्ध-बृद्धा तथा अग्रजहरूलाई सम्मान गर्ने खालको नाटक तयार गरेर पनि सिकारुलाई विषयवस्तुबारे स्पष्ट पार्न सकिन्छ ।
- **अन्वेषण, अनुसन्धान तथा खोज विधि** : विषयवस्तुको सान्दर्भिकता र अपेक्षित सिकाइ उपलब्धिको अपेक्षालाई समुचित ध्यान दिँदै समस्या या प्रश्नको प्रस्तुति, गरिने क्रियाकलाप, निकालिने निश्कर्ष र सञ्चालन गरिने अन्वेषण, अनुसन्धान तथा खोज कार्यको बारेमा सिकारुलाई आवश्यक निर्देशन दिई सो सम्बन्धी क्रियाकलापमा सहभागी गराउन सकिन्छ ।
- **प्रविधियुक्त कक्षा** : विषयवस्तुलाई थप स्पष्ट पार्दै अपेक्षित सिकाइ उपलब्धि प्राप्त गराउनका लागि आवश्यकतानुसार, मोवाइल, कम्प्युटर, प्रोजेक्टर, विभिन्न प्रकृतिका सामाजिक सञ्जालहरूको समुचित प्रयोग गरी धारणाहरूको दृष्याङ्कन गर्न सकिन्छ ।
- **अन्य सान्दर्भिक सिकाइ सहजीकरण विधिहरू** : आगमन तथा निगमन विधि, निर्माणात्मक तथा सहयोगात्मक कक्षा शिक्षण विधि, खेल विधि, परियोजना कार्य, क्षेत्र भ्रमण विधि, अन्तरक्रिया विधि, उदाहरण र प्रयोग विधि आदि सान्दर्भिक विधिहरूलाई विषयवस्तुको प्रकृति, अपेक्षित सिकाइ उपलब्धि, समय, सन्दर्भ र परिवेशको आधारमा सिकाइ सहजीकरण गर्न सकिन्छ । सिकाइ सहजीकरण छनौट र प्रयोग गर्नुको मुख्य ध्येय भनेकै सिकारुले निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न सकुन भन्ने नै हो ।

STEAM Pedagogy परिचय, आवश्यकता र महत्त्व

परिचयः विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ, कला र गणितलाई एकीकरण गरी कुनैपनि विषयवस्तुलाई समग्रमा बुझ्ने र बुझाउने शिक्षण पद्धति नै**STEAM Pedagogy**हो ।

STEM education is an interdisciplinary approach to learning where rigorous academic concepts are coupled with real-world lessons as students apply science, technology, engineering, and mathematics in contexts that make connections between school, community, work, and the global enterprise enabling the development of STEM literacy and with it the ability to compete in the new economy. (Tsupros, 2009)

आवश्यकता

- यो अन्तरविषयक ढाँचा भएकोले बहुक्रियाकालपद्धारा विषयवस्तु प्रस्ट्याउन,
- वास्तविक जीवन अनुभूतिको आधारमा सिक्न र सिकाउन,

- सिकारुको आफ्नै सक्रियता र सहभागितामा सिर्जनात्मक गतिविधिमा संलग्न गराउन,
- एकीकृत शिक्षण सिकाइलाई प्रोत्साहन गर्न,
- सिकाइमा कला जोडेर विषयवस्तुलाई थप रोचक बनाउन,
- सिकारुमा उच्च तहको सोचाइ सिप विकास गर्न,
- प्रविधिको विवेकशील प्रयोग गर्न,
- खोज तथा अन्वेषणात्मक क्रियाकलापमा आधारित सिकाइ गर्न,
- मूल्यमान्यतामा आधारित सिकाइ प्रोत्साहन गर्न,
- सिकारु परिवर्तनको बाहक हो भन्ने कुरा स्वीकार्न,
- ज्ञान निर्माणमा सिकारुलाई उत्साहित गर्न,
- सहयोगात्मक तथा सहकार्यात्मक कार्यमा संलग्न हुन अभिप्रेरित गर्न,
- डिजाइन गर्न तथा सिर्जनात्मक कार्यलाई प्रोत्साहित गर्न,
- सिकाइलाई दीगो, टिकाउ र समस्या समाधानमूखी बनाउन ।

महत्त्व

- सिर्जनात्मक क्रियाकलापमा जोड दिने तथा गहिरो अध्ययन अनुसन्धानमा संलग्न गराइने हुँदा सिकारुले विषयवस्तुलाई गम्भिररुपमा बुझ्न सक्छन,
- टेक्नोलोजीको विवेकसम्मत प्रयोग हुने हुँदा विषयवस्तुबारे स्पष्ट हुन सहयोग गर्दछ ,
- सिकाइमा इन्जिनियरिंग डिजाइनले एउटा पद्धतिगत सिकाइलाई सहयोग गर्दछ,
- सहकार्य र समन्वयात्मक सिकाइको बावतारण निर्माणमा सहयोग पुग्दछ,
- सैद्धान्तिक पक्षलाई व्यवहारिक ढाँचामा रुपान्तरण गर्न सहयोग गर्दछ,
- सवै सिकारुलाई सक्रिय बनाउने हुँदा कक्षाकोठा नै सक्रिय हुन्छ,
- विज्ञान र गणित विषय पनि रोचक बनाउन कला (गीत, कविता, कथा) को उपयोग हुने हुँदा विषयवस्तु थप सहज र सरस बन्दछ ।

STEAM Pedagogy को अभ्यासात्मक प्रयोग

विषय	तरिका
Science	खोजी गर्न, अवलोकन गर्न, चरणबद्धरुपमा पद्धतिमा आधारित कार्य गर्न
Technology	सूचना र प्रविधिको प्रयोग गरी विषयवस्तु रोचक तथा अर्थपूर्ण बनाउन
Engineering	अवधारणाहरूलाई चित्रद्धारा प्रस्तुत गर्न, डिजाइन गर्न, चित्रात्मक या अनुभवजन्य आकृति प्रस्तुत गर्न
Arts	कथा, कविता, गीत, संगीत, रंगरोगन, छलफल, ब्यवहारकुशल सिप आदिद्धारा विषयवस्तुलाई कलात्मक रुपमा पस्कन
Mathematics	तर्क, तथ्यांक, अंक परिमाण आदिको माध्यमले गणितीय समस्याहरू समाधान गर्न तथा समाज बुझ्न ।

स्थानीय पाठ्यक्रमको कुनै एक थिमलाई एकिकृत पाठ्यक्रमको कुनै एउटा साझा थिमसंग जोड्नुहोस । उक्त साझा थिम शिक्षण गर्दा तपाइँले बनाउने एउटा क्रियाकलाप योजना बनाउनुहोस र त्यस थिममा विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ कला, र गणितलाई एकिकृत गर्नुहोस । यसरी विषयवस्तुलाई एकीकृत गरी शिक्षण सिकाइ सहजीकरण गर्दा सिकारुले विषयवस्तुलाई एकीकृत रुपमा नै बुझ्ने छन् र यस्तो सिकाइ दीर्घकालीन पनि हुन्छ । यो प्रक्रिय केवल आधारभूत तह कक्षा (१-३) मात्र नभएर कक्षा (४-८) को स्थानीय पाठ्यक्रममा पनि सहजै गर्न सकिन्छ ।

१०. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनौट गर्दा ध्यान दिनुपर्ने पक्ष

स्थानीय पाठ्यक्रम/स्थानीय विषय स्थानीय परिवेशमा तयार गरिएको आवश्यकता केन्द्रित विषयवस्तुहरूको सँगालो भएकोले अन्य विषयहरू जस्तो तोकिएको पाठ्यपुस्तक/कार्यपुस्तकमा उल्लेख भए बमोजिम सिकाइ सहजीकरण गर्न सम्भव हुदैन । विषयवस्तुको माग र सिकारुको अवस्थालाई मध्यनजर गर्दा स्थानीय विषय पठनपाठन गराउनु पर्ने भएकोले पनि यसको सिकाइ सहजीकरण अन्य विषय भन्दा अलि फरक हुन सक्ने सम्भावना रहन्छ । सम्बन्धित विषय क्षेत्रमा मेलखाने शिक्षण विधि तथा प्रविधि छनौट गर्दा ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- **विषयवस्तु तथा सिकाइ उपलब्धि** : स्थानीय पाठ्यक्रममा उल्लेख गरिएको तथा कक्षागत, एकाइगत तथा पाठगत विषयवस्तु तथा अपेक्षित सिकाइ उपलब्धिसँग मेलखाने सिकाइ सहजीकरण विधि छनौट र प्रयोगमा समुचित ध्यान दिनुपर्दछ । उदाहरणका लागि स्थानीय सीप र प्रविधि सम्बन्धमा शिक्षण सिकाइ गर्दा सिकारुलाई ब्याख्यान वा विश्लेषणात्मक विधिबाट सहजीकरण गर्दा अपेक्षित सीप विकास गर्न सकिन्न । यसको लागि प्रयोगात्मक, अभ्यासात्मक तथा प्रदर्शन जस्ता विधिहरू आवश्यक हुन्छन् ।
- **बालमनोविज्ञान** : पाठ्यपुस्तक तथा कार्यपुस्तकद्धारा चित्रात्मक प्रस्तुतिबाट सिकिरहेका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रम विना कुनै पाठ्यपुस्तक या कार्यपुस्तकबाट पढ्नु पर्दा असहजताको अनुभूति हुनसक्छ । यस्तो अवस्थामा सर्वप्रथम सिकारुको दैनिक जीवन तथा स्थानीय परिवेश अनुकूलको स्थानीय विषय शिक्षण गर्दा सिकारुको उमेर, रुचि, व्यक्तिगत क्षमता, पूर्वज्ञान, प्रवृत्ति आदिलाई ध्यान दिई सोही बमोजिमका सिकाइ सहजीकरण विधि उपयोगमा ल्याउनुपर्ने हुन्छ ।
- **स्रोत साधनको उपलब्धता** : स्थानीय विषयको सिकाइ सहजीकरण गर्दा शिक्षण विधि तथा रणनीति छनौटको सन्दर्भमा आर्थिक, मानवीय, भौतिक एवम् स्थानीयताको दृष्टिकोणले उपयुक्त हुने र स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सहजतापूर्वक प्रयोग गर्न सकिने हिसावले छनौट गर्नु पर्दछ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : विद्यालयको वातावरण, विद्यार्थी तथा विद्यार्थी आउने समुदायको पृष्ठभूमिमा परिस्थिति सापेक्ष शिक्षण विधि तथा प्रविधिहरूको छनौट र उपयोगलाई ध्यान दिई शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्ने हुन्छ । विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् ? स्थानीय स्तरबाट थप सामग्रीहरू के कसरी उपलब्ध गराउन सकिन्छ ? शिक्षण सिकाइको लागि हाम्रो लागि कस्तो परिस्थिति विद्यमान छ ? जस्ता कुराहरूको सही र सार्थक विश्लेषण गरी शिक्षण विधिको

छनौट र प्रयोग गर्न सके स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सहजरुपमा सञ्चालन गर्न सकिन्छ ।

- **शिक्षकको योग्यता, क्षमता, र रुचि :** स्थानीय विषय केवल पाठ्यक्रम र विभिन्न सन्दर्भ सामग्रीद्धारा पठनपाठन गर्नुपर्ने भएकोले शिक्षक योग्य भएर मात्र पुग्दैन । शिक्षकले आत्मविश्वासका साथ आवश्यक विधि तथा प्रविधि र शिक्षण सामग्रीको व्यवस्थापन गर्न पनि सक्रिय हुनु पर्छ । लगनशील र पेसासँग बफादार शिक्षकले मात्र इमानदारीपूर्वक आवश्यक स्रोत सामाग्रीको व्यवस्थापन गरेर स्थानीय विषय पठनपाठन गर्न सक्ने भएकोले शिक्षकको क्षमता र आत्मविश्वास विकास गर्न स्थानीय विषयको पाठ्यक्रम तथा शिक्षण विधिको बारेमा यथोचित तालिमको व्यवस्था गर्नुपर्ने हुन्छ ।
- **स्थानीय परिवेश, सन्दर्भ र प्रसंग** : स्थानीय विषयवस्तु स्वभावले नै स्थानीय परिवेश, स्थानीय सन्दर्भ र प्रसंग सापेक्ष हुन्छ । विषयवस्तुको स्वरुप र अपेक्षित सिकाइ उपलब्धिलाई स्थानीय परिवेशसँग संयोजनगर्दै स्थानीय वातावरण अनुकूल शिक्षण विधि र प्रविधिको छनौट गरी सिकाइ सहजीकरण गर्न सकिने भएकोले स्थानीय परिवेश र सन्दर्भलाई पनि विशेष ध्यान दिन आवश्यक हुन्छ ।

११. मूल्याङ्कन प्रणाली :

मूलतः स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरूको मूल्याङ्कन गर्न सिकारुले प्राप्त गरेका उपलब्धिहरू परियोजना कार्यमार्फत गर्न सान्दर्भिक हुन्छ । पेपर-पेन्सिल टेस्टबाट मात्र स्थानीय विषयको उपलब्धि मूल्याङ्कन गर्दा पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ उपलब्धि प्राप्त भए/नभएको यकिन गर्न कठिन हुन्छ । तर पनि विद्यार्थी मूल्याङ्कन पाठ्यक्रमको एक अभिन्न अंग हो । यस अन्तर्गत विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम मूल्याङ्कन महत्त्वपूर्ण छन् । वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म विद्यार्थी मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १–३ मा निरन्तर सतप्रतिशत् विद्यार्थी मूल्याङ्कन कै आधारमा , कक्षा ४–५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाका आधारमा मूल्याङ्कन गर्नु पर्ने प्रावधान छ । तर, यही शैक्षिक सत्र २०७७ देखी लागू भएको कक्षा १ को एकिकृत पाठ्यक्रमले निरन्तर मूल्याङ्कनलाई समसामयिक परिमार्जन गरिसकेको छ । यसको लागि सक्षमतामा आधारित पाठ्यक्रमको अवधारणा अनुरुप विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने हुन्छ । यसो भनेको निश्चित समयावधिमा नभई नियमित, निरन्तर तथा कक्षा क्रियाकलापको अङ्गको रुपमा नै मूल्याङ्कनलाई प्रयोग गरिनुपर्छ भनिएको हो । स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि यही आधारमा नै गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमका विषयहरूमा विद्यार्थीहरूले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा ब्यवसायका काम गरेर एवम् स्वयम् कार्याभ्यासमा संलग्न भएर तथा सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनु पर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, क्रियाकलापहरूको अवलोकन, अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी वर्गकै साथी समूहको राय प्रतिक्रिया आदि उपयोगी हुन्छन् । विद्यार्थीहरूलाई स्थानीय सिप सिकाउने कुरालाई जोड दिने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी अभिभावकहरूको आय आर्जनमा पनि सहयोग पुग्न सक्छ । पाठ्यक्रम बमोजिम स्थानीय पाठ्यक्रमको पनि आवधिक परीक्षाहरू समेत लिई तोकिएका ढाँचामा प्रगति अभिलेख र पोर्टफोलियोहरू पनि राख्नु पर्दछ

। पाठ्यक्रमको समग्र मूल्याङ्कन भने पाठ्यक्रम निर्माण समूह, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरू समेतको संयुक्त प्रयासमा अवलोकन, अन्तर्क्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकोले यसलाई निरन्तर अद्यावधिक (Update) पनि गर्दै लान आवश्यक छ । आवश्यक ठानिएका विषयवस्तुहरू थप गर्दै र आवश्यक नठानिएका विषयवस्तुहरू हटाउँदै जान पनि सकिन्छ ।

स्थानीय विषयको मूल्याङ्कन गर्दा प्रत्येक विद्यार्थीहरूको कार्यसञ्चयीका (Portfolio) व्यवस्थित गरि राख्न आवश्यक हुन्छ । सिकारुको कक्षा कार्य, उपस्थिति, परियोजना कार्य, व्यवहार अवलोकनबाट देखिएको अपेक्षित परिवर्तन, उपलब्धि परीक्षा आदिलाई अध्यावधिक गर्दै सोही आधारमा विद्यार्थीको मूल्याङ्कन गरिनुपर्छ । सिकारुको मूल्याङ्कनमा सिकाइ क्षेत्रमा प्राप्त भएको अपेक्षित ज्ञान, सीप, बुझाइ, व्यवहारलाई आवश्यकता अनुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनशीलता (Creativeness/Creativity) लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि साधन तथा प्रक्रियाको अबलम्बन गर्नुपर्छ । स्थानीय विषयको सम्भावित मूल्याङ्कन नमुनालाई निम्नानुसार तालिकामा देखाइएको छ :

क्र.स.	मूल्याङ्कन तरिका	मूल्याङ्कन साधन	कैफियत
१.	प्रश्नोत्तर	प्रश्न चित्र, घट्ना प्रश्न, छोटा मौखिक या लिखित प्रश्न, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक/बेठीक प्रश्न, बहुबैकल्पिक प्रश्न आदि ।	
२.	अवलोकन	रुब्रिक्स, रुजुसूची, श्रेणी मापन, मौखिक प्रश्न, घट्ना वर्णन आदि ।	
३.	परियोजना तथा प्रयोगात्मक कार्य	मौखिक प्रश्न, स्वतन्त्र अभिव्यक्ति, बूँदागत प्रस्तुति, रुब्रिक्स, रुजुसूची, श्रेणीमापन,	
४	सहपाठी मूल्याङ्कन	विभिन्न खालका फाराम, रुजुसूची, श्रेणीमापन	
५.	अभिभावक प्रतिक्रिया	रुजु सूची, स्वतन्त्र अभिव्यक्ति, श्रेणीमापन आदि	
६.	कुराकानी, सोधपुछ, छलफल	रुजु सूची, श्रेणी मापन, फाराम आदि ।	
७	मौखिक कार्य	वास्तविक बस्तुस्थिति, प्रश्न, घट्ना, सन्दर्भ, श्रब्य, दृष्य, श्रब्य-दृष्य आदि ।	
८	लिखित कार्य	विभिन्न खालका प्रश्नहरू, चित्रात्मक प्रस्तुति आदि	
१०	व्यवहार प्रदर्शन	श्रेणी मापन, रुजुसूची, फारम, ग्राफ आदि ।	

माथि उल्लिखित मूल्याङ्कनका साधन र तरिका मध्ये विषयवस्तुसँग सान्दर्भिक हुने साधनको प्रयोग गरी सिकारुको सिकाइ उपलब्धि मूल्याङ्कन गरिसकेपछि उपलब्धिलाई भने तल उल्लेख गरिएको तालिका अनुसार रेटिङ गर्नुपर्छ ।

विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या

उपलब्धिस्तर	मापन	उपलब्धिस्तरको सामान्य ब्याख्या
कमजोर (Below basic)	१	मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको ।
सामान्य (Basic)	२	मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको ।
राम्रो (Proficient)	३	मुख्य सिकाइ उपलब्धि हासिल गरेको ।
उच्च (Advanced)	४	माथिल्लो स्तरको उपलब्धि हासिल गरेको ।

मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको एक अभिन्न पक्ष/अङ्ग मानिएको सन्दर्भमा शुरुवाती चरणमा दैनिक कक्षा क्रियाकलापको रुपमा सिकारुको सिकाइ स्तर मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउने प्रयास गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि प्राप्त भयो या भएन भनेर आवश्यकता अनुसार विभिन्न मूल्याङ्कनका साधनहरूको प्रयोग गरी विद्यार्थी मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्दछ । मूल्याङ्कन गर्दा सिकारुको उपलब्धिस्तर यदि १ या २ मात्र देखियो भने सुधारात्मक योजना बनाइ कम्तिमा पनि ३ सम्म उपलब्धि स्तर पुर्‍याउनु पर्छ । विद्यार्थीहरू मध्ये सिकाइ उपलब्धि १ या २ मात्र ल्याउने र ३ वा ४ ल्याउने विद्यार्थी पहिचान गरी सुधारात्मक शिक्षण सिकाइको माध्यमबाट १ वा २ सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रयास गर्दागर्दै त्यो प्राप्त हुन सकेन भने अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसक्नुका अन्य कारणहरू खोजी सामधानका उपायहरू पहिल्याउन शिक्षक क्रियाशील रहनुपर्दछ ।

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्दछ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भएपनि छोटो छोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रूचि र कठिनाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थी पनि सहभागी गराउनुपर्छ ।

- **विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :-

- विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।

- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालका विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाइ राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमा समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभएपनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रमको थिमगत मूल्यांकन फाराम

कक्षा - १

विषयवस्तुको क्षेत्र (थिम)	मुख्य सिकाइ उपलब्धि	सिकाइ उपलब्धि विस्तृतीकरण / उपलब्धि सूचक	नियमित पढाइपछिको मूल्याङ्कन			थप सहायतापछिको मूल्याङ्कन			मूल्याङ्कनका सम्भाव्य साधन
			सकेको/ नसकेको	मिति	अङ्कन	सकेको/ नसकेको	मिति	अङ्कन	
स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	आफ्ना वरपरको भौगोलिक परिवेश स्थानीय जीवजन्तु , बनस्पति,साथीसंग मिलेर बस्न, अपाङ्गता भएकाहरूलाई सयोग गर्न,	१. अग्लो, होचो, समतल स्वरुप पहिचन गर्न							
		२. घरपालुवा जनावरको नाम भन्न							
		३. साथीहरूसंग मिलेर बस्न र नाता अनुसार सम्बोधन गर्न,							
		४. अपाङ्गता भएकाहरूलाई चिन्न							
अभिभावकको सही:		शिक्षकको सही:	उपलब्धि प्रतिशत						

स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकले माथिको नमुनाको आधारमा कक्षा १ देखी ३ सम्मका सबै थिमगत मूल्यांकन फाराम तयार गरी विद्यार्थी मूल्यांकन अभिलेखिकरण गर्नुपर्दछ । माथिको फारम उदाहरणको रुपमा कक्षा १ को स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार भन्ने थिमको हो । यसैलाई आधार मानेर मुख्य सिकाइ उपलब्धी पुरा भए/नभएको यकिन गर्न र सुधारात्मक शिक्षण सिकाइ मार्फत सिकारुलाई थप सहयाता प्रदान गर्न यस किसिमको मूल्यांकन ढाँचालाई उपयोग गर्नुपर्ने हुन्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन

- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिइ अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेही व्यक्त गर्न
- विद्यालय व्यवस्थापनको विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

- **विद्यार्थीको व्यक्तिगत विवरण**

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

क) विद्यालयको नाम : .....

ख) ठेगाना : .....

ग) विद्यार्थीको नाम : .....

घ) जन्म मिति : .....

ङ) विद्यार्थीको घरको ठेगाना : .....

च) पारिवारिक विवरण : .....

अ) आमाको नाम : .....पेसा : .....सम्पर्क नं : .....

आ) बाबुको नाम : .....पेसा : .....सम्पर्क नं : .....

छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

(अ) नाम : .....

(आ) विद्यार्थीसँगको नाता : .....

ज) विद्यालय भर्ना मिति र कक्षा : .....

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : .....

ञ) अघिल्लो अनुभव : .....

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको

(आ) अन्य कक्षामा भर्ना भएको अन्य विद्यालयको अनुभव .....

- **स्वास्थ्यसम्बन्धी विवरण**

क) तौल र उचाई

मिति	तौल (के.जी.मा)	उचाई (से.मी.मा)	प्रतिक्रिया (यदि छ भने)

ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट : .....

ग) कुनै अपाङ्गता भए सोको विवरण : .....

घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : .....

- **विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा**

कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रम) (कक्षा १-३)

विद्यार्थीको प्रगति प्रतिवेदन

विद्यार्थीको नाम : .....कक्षा : .....रोल नं : .....

विद्यालयको नाम : ..... सङ्केत नं. : वर्ष : .....

उपस्थिति : विद्यालय सञ्चालन भएको दिन : .....उपस्थित भएको दिन र प्रतिशत : .....

क्र.सं.	विषयक्षेत्र (थिम)	कार्यघण्टा	सिकाइ उपलब्धि सङ्ख्या	स्तरअनुसार उपलब्धि सङ्ख्या	समग्र उपलब्धि स्तर
१	स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	२५		कमजोर : सामान्य : राम्रो :	

				उच्च :	
२	स्थानीय पेसा, ब्यावसाय, सिप र प्रविधि	३०		कमजोर : सामान्य : राम्रो : उच्च :	
३	ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा	३०		कमजोर : सामान्य : राम्रो : उच्च :	
४	जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	२०		कमजोर : सामान्य : राम्रो : उच्च	
५	स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र सहिदहरू	१५		कमजोर: सामान्य : राम्रो : उच्च :	
६	पोषण, खानपिन तथा सरसफाइ	२५		कमजोर : सामान्य : राम्रो : उच्च :	
७	विपद ब्यवस्थापन तथा सुरक्षित विद्यालय	१५		कमजोर : सामान्य : राम्रो : उच्च :	

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, सामान्य : २ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, राम्रो : ३ अङ्क प्राप्त

उपलब्धि सङ्ख्या, उच्च : ४ अङ्क प्राप्त उपलब्धि सङ्ख्या

ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९०-१००%) लाइ A*, उच्च (७५-९०%) लाइ A, राम्रो (६०-७५%) लाइ B, सामान्य (४०-६०%) लाइ C, कमजोर (२०-४०%) लाइ D र ज्यादै कमजोर (०-२०%) लाइ E स्तर निर्धारण गर्नुपर्छ ।

.

कक्षा शिक्षक **प्रधानाध्यापक** **मिति :**

- **विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू**

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधन मध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्ने
- हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनि यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एक भन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकैपटकको परीक्षणबाट एकभन्दा बढि सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।
- सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइ अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नुपर्दछ ।
- सामान्यतया सबै प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

विषयक्षेत्र तथा थिमअन्तर्गका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएको सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

उपलब्धि प्रतिशत	अक्षरमा उपलब्धि स्तर	उपलब्धिस्तरको व्याख्या
० - २०	E	ज्यादै कमजोर
२० - ४०	D	कमजोर
४० - ६०	C	सामान्य

६० - ७५	B	राम्रो
७५ - ९०	A	उच्च
९० - १००	A*	उत्कृष्ट

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ। विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएको सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ।

;l~rt clen]vsf] gd'gf
(Model of cumulative Record)

फोटो

१. विद्यार्थीको नाम .....

२. विद्यार्थीको व्यक्तिगत विवरण

(क) जन्म मिति : .....

(ख) जन्म स्थान : .....

(ग) ठेगाना : .....

(घ) विद्यालयमा भर्ना मिति : .....

३. विद्यार्थीको स्वास्थ्य विवरण

कक्षा	उचाइ	तौल	रोग भए
१			
२			
३			
४			
५			
६			
७			

४. विद्यार्थीको पारिवारिक विवरण

विवरण	शैक्षिक योग्यता	पेसा	जीवित/ मृतक
बाबु			
आमा			
परिवार सङ्ख्या: दाजुभाइ सङ्ख्या: दिदीबहिनी सङ्ख्या: विद्यार्थीको जन्मक्रम:			
विद्यार्थीको संरक्षकको नाम थर: नाता: शैक्षिक योग्यता:			

ljBfyL{sf] pkl:ylt

slff	!	@	#	$	%
विद्यालय खुलेको जम्मा दिन					
विद्यार्थी उपस्थिति भएको दिन					
विद्यार्थी अनुपस्थिति भएको दिन					

उ. = उत्तम
म. = मध्यम
नि. = निम्न
विद्यार्थीको अभिरुचि
कुनै महत्त्वपूर्ण घटनाको विवरण

शिक्षकलाई निर्देशन : कमलामाईको पहिचान(स्थानीय पाठ्यक्रम) को मूल्यांकन र अभिलेखीकरण सन्दर्भमा कक्षा (१-३) को माथि उल्लिखित ढाँचामा सतप्रतिशत निरन्तर मूल्यांकन प्रणालीमा अभिलेखीकरण गर्नुपर्ने हुन्छ । कक्षा (४-७) को मूल्यांकन ढाँचा एवम् अभिलेखीकरण भने कक्षा ८ विशिष्टीकरण तालिकालाई आधार मानेर आफैंले तयार गर्नुपर्ने छ । कक्षा ४, ५ मा दशवटा प्रश्न नै विषयगत नबनाएर ३० प्रतिशत बरावरको विषयगत र २० प्रतिशत बराबरको बहुबैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने र सत्य/असत्य प्रश्न तयार गर्ने र सोको आधारमा मूल्यांकन गर्नुपर्दछ । ३० प्रतिशत बरावरको विषयगत प्रश्नलाई ज्ञान, सिप र उच्च क्षमता प्रदर्शन हुने प्रश्न तयार गर्नुपर्दछ । ५० प्रतिशत मूल्यांकन प्रयोगात्मक हुने भएकोले कक्षा ८ कै प्रयोगात्मक मूल्यांकनको आधारमा मूल्यांकन गर्ने र अभिलेखीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रमको) विशिष्टकरण तालिका

कक्षा ८

प्रयोगात्मकः ५० प्रतिशत

सैद्धान्तिकः ५० प्रतिशत

प्रयोगात्मक मूल्यांकनको विशिष्टीकरण तालिका

विषय क्षेत्र (थिम)	क्रियाकलाप	अंकभार	कैफियत
स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	क) स्थानीय वातावरण सम्बन्धमा परियोजना प्रवितवेदज प्रस्तुति ख) सकारात्मक व्यवहार प्रदर्शन	१०	२ क्रियाकलाप
स्थानीय पेसा, ब्यावसाय, सिप र प्रविधि	क) कुनै एक रैथाने सिप प्रस्तुति ख) कुनै एक रैथाने सिप तथा प्रविधिको पहिचान, संरक्षण, विकास र प्रचार प्रसार सम्बन्धी प्रतिवेदन	१०	
ऐतिहासिक, सांस्कृतिक, धामर्किक र पर्यटकीय सम्पदा	क) स्थानीय सम्पदा सम्बन्धी विवरण प्रस्तुति (कुनै ५ सम्पदाको विवरण)	५	
जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	क) कुनै एक जातिको संस्कारगत विवरण प्रस्तुति	५	
स्थानीय संरचना, विशिष्ट ब्यक्तित्व र सहिदहरू	क) कुनै एक विशिष्ट ब्यक्तिको जीवनी प्रस्तुति	५	
पोषण, खानपिन तथा सरसफाइ	क) पोषणयुक्त घरेलु खाना निर्माण प्रदर्शन	१०	
विपद ब्यवस्थापन तथा सुरक्षित विद्यालय	क) विपद ब्यवस्थापनमा ध्यानदिनु पर्ने पक्षहरू प्रस्तुति	५	
जम्मा		५०	

सैद्धान्तिक मूल्यांकनको विशिष्टीकरण तालिका

एकाइ (थिम)	प्रश्न संख्या	अंक	ज्ञान	सिप	उच्च क्षमता	कैफियत
स्थानीय वातावरण, मूल्यमान्यता र सकारात्मक व्यवहार	२	१०	१	१		
स्थानीय पेसा, ब्यावसाय, सिप र प्रविधि	२	१०		१	१	
ऐतिहासिक, सांस्कृतिक, धामर्किक र पर्यटकीय सम्पदा	१	५			१	
जातजाति, भाषाभाषी तथा चाडपर्वहरू	१	५			१	
स्थानीय संरचना, विशिष्ट ब्यक्तित्व र सहिदहरू	१	५			१	
पोषण, खानपिन तथा सरसफाइ	२	१०	१	१		
विपद ब्यवस्थापन तथा सुरक्षित विद्यालय	१	५	१			
जम्मा	**१०**	**५०**	**३**	**३**	**४**	

- **प्रयोगात्मक कार्य**

कमलामाईको पहिचान (स्थानीय पाठ्यक्रम) अन्तर्गत कुल कार्यघण्टाको ५० प्रतिशत समय प्रयोगात्मक कार्यलाई व्यवस्थापन गर्नुपर्दछ । कक्षाभित्र गरिने अभ्यासात्मक क्रियाकलाप, आफ्नो स्थानीय परिवेशमा गरिने क्षेत्र भ्रमण, सामुदायिक कार्य वा परियोजना कार्यसमेतलाई उल्लिखित समय व्यवस्थापन गर्न सकिन्छ । प्रयोगात्मक कार्यको लागि स्थानीय स्तरमा उपलब्ध सम्बन्धित विषयमा जानकार व्यक्तिहरूमार्फत स्रोत व्यक्तिको रुपमा सहयोग लिनुपर्ने पनि हुन सक्छ । प्रयोगात्मक मूल्यांकनका लागि निम्नानुसारका आधारहरूलाई उपयोग गर्न सकिन्छः

- क्षेत्रभ्रमण, सामुदायिक कार्य तथा सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यका अभिलेख
- सामग्री निर्माण तथा सिप प्रदर्शन
- लघु योजना तथा कार्यान्वयनका खाका सहितको विवरण प्रस्तुति
- STEAM based योजना प्रस्तुति
- मौखिक कार्य

१२. स्थानीय विषय शिक्षण गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकोले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिस्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्वपूर्ण छ, ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यानवयन गर्ने पाठ्यक्रम पनि हो । यो केन्द्रमुखी हुँदैन । हुनु हुदैन पनि । यो विकेन्द्रित पाठ्यक्रम हो । स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न त्यति सजिलो हुदैन । तर, सम्पूर्ण सरोकारवालाहरूको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गारो पनि देखिदैन । यसको कारण के हो भने स्थानीय पाठ्यक्रम स्थानीय स्रोत साधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यक्रम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यक्रम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहा"का प्रत्येक टोलटोल र गाउ"गाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । भौगालिक परिवेश, जातजाति, संस्कार एवम संस्कृति र मूल्यमान्यता पनि विविधता पाइन्छ । सिन्धुली जिल्लाको हकमा पनि यही कुरा लागू हुन्छ । कमलामाई नगरपालिकाको सन्दर्भमा पनि ।

नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खा"चो छ । कमलामाई नगरपालिका पनि प्राकृतिक स्रोत साधन, पर्यटकीय सम्भावना, जातिगत विशिष्टताले धनि छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगरीको सिर्जना गर्नेभन्दा अरुले सिर्जना गरी दिएको रोजगरीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । कमलामाई नगरपालिकाले विभिन्न पेसा एवम् ब्यावसाय गर्न चाहने व्यक्तिहरूलाई आर्थिक सहायता, विना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रमहरू अगाडि बढाईरहेको छ । तर पनि हालका वर्षमा समुदायका युवा शिक्षित बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक/पालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्नु सम्भव हु"दैन । हो, हाम्रो कमलामाई नगरपालिकामा पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमीन बाझै राखेर तरकारी मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रबृत्ति विद्यमान छ ।

हामीले बालबालिकालाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ । स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यावसाय तथा जीविकोपार्जनमा सिकारुलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुनेछ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर बालबालिकालाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन् । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्यजस्तो देखिन्छ ।स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तुहरू आवश्यक स्रोतसामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसको लागि आवश्यक स्रोत साधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिहरूसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सीप र अभिवृति हासिल गर्न सक्नेछन् । स्थानीय विषय शिक्षण गर्ने शिक्षकहरूले मूलतः निम्नकुराहरूमा ध्यान दिन आवश्यक हुन्छ :

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर सिकारुको व्यक्तिगत विभिन्नता र सामाजिक विविधता अनुरुपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै सिकारुको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,
- स्थानीय पेसा, ब्याबसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा सिकारुको अपनत्व हुनेखालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- आवश्यकता अनुसार STEAM based learning योजनालाई समुचित रुपमा उपयोग गर्ने,

- पाठ्यक्रमको मर्म र भावना अनुसार कक्षागत रुपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू: समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, ब्याख्या, ICTको प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारीतामा ध्यान दिने,
- कक्षाकोठा बाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू: परियोजना कार्य, सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घट्ना अध्ययन, विभिन्न व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियकलापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन सिकारुलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यवहारिक प्रयोगमा ध्यान दिने,
- मूल्याङ्कनका लागि पेपर-पेन्सिल टेस्ट भन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा सिकारुको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,
- विभिन्न स्रोतसामग्री संकलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,
- मूल्याङ्कन गर्दा सिकारुको कार्यलाई प्रशंसा गर्ने, सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा सिकारुले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यवहारिक पक्षलाई आँकलन गर्ने,
- स्थानीय विषय पढाउने शिक्षकहरूवीच अनुभव आदान-प्रदान गरी आइपरेका समस्याहरू हल गर्न हर्दम क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यक महशुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी आवश्यक परिमार्जन गर्न पहल गर्ने,
- सिकारुलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजहरूको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यता सम्बन्धी पक्षहरूमा आफू र सिकारु दुवैको भूमिकालाई समन्वयात्मक ढंगले विकास र विस्तार गर्न प्रयत्नशील रहने,
- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिहरूलाई स्रोत शिक्षकको रुपमा बेलाबेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।
- विपद् ब्यवस्थापन र सुरक्षित विद्यालय सम्बन्धी समुचित जानकारी गराइ सिकारुलाई विपद्बाट बच्ने उपाय, व्यवस्थापन, कारण, प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्वको सम्बन्धमा

समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य, प्रत्यक्ष अवलोकन आदिको माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागितात्मक पद्धति अवलम्बन गर्ने ।

सन्दर्भ सामग्री

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६), पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०५७), प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ (कक्षा १-५) (संशोधन), सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६०) । स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६०, सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६२), प्राथमिक शिक्षा, २०६२ (कक्षा १-३), सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (प्राथमिक तह) २०६४, सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), प्राथमिक शिक्षा, २०६२ (कक्षा ४-५), सानोठिमी, भक्तपुर : लेखक

पाठ्यक्रम विकास केन्द्र (२०६५), स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयसम्बन्धी सचेतना सामग्री, २०६५, सानोठिमी, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), स्थानीय पाठ्यक्रम : स्रोत सामग्री, २०६७, सानोठिमी, भक्तपुर : लेखक ।

नेपालको संविधान (२०७२), नेपाल कानुन किताव व्यवस्था समितिः काठमाडौ ।

पोखरेल, डा. हरिप्रसाद र देवकोटा, दुर्गाराज (२०७५) प्राथमिक शिक्षक दिग्दर्शन, काठमाडौंः पिनाकल प्रकाशन ।

पाठ्यक्रम विकास केन्द्र (२०७५), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम, २०७५, मस्यौदा सानोठिमी भक्तपुरः लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७६) । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम । सानोठिमी भक्तपुर : लेखक ।

Subedi, R. P. (2012). Development and Implementation of Local Curriculum in Nepal, Dissertation for Master's of Philosophy in Education: Tribhuvan University (Unpublished).

www2.unescobkk.org/elib/ publications/building curriculum.